# अध्याय एक

# शोध परिचय

## १. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कवि नवराज सुब्बाको बीच बाटोमा ब्यूँझेर कविताकृतिको अध्ययन** रहेको छ ।

## २. शोधप्रयोजन

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पस नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आवश्यकता परिपूर्ति गर्नु नै प्रस्तुत शोधपत्रको प्रयोजन रहेको छ ।

## ३. विषयपरिचय

नेपाली भाषा साहित्य एवम् साङ्गीतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउनु हुने कवि नवराज सुब्बाको जन्म वि.सं. २०१८ साल आश्विवण्न १५ गते हाङपाङ, ताप्लेजुङ्गमा भएको हो । उनी माता नरमाया सुब्बा र पिता आइतराज सुब्बाका ज्येष्ठ सुपुत्र हुन् ।

दुर्गम पहाडी जिल्लामा जन्मिए पनि माता पिताका सचेतनाले समयमै विद्यालय भर्ना हुन पाए । स्थानीय सरस्वती माध्यमिक विद्यालयबाटै उनले माध्यमिक तह पार गरे । त्यसपछि काठमाडौं महाराजगञ्जस्थित चिकित्साशास्त्र अध्ययन संस्थानबाट चिकित्साशास्त्र विषयमा एम.पि.एच. सम्मको अध्ययन पूरा गरेका छन् । सुब्बाले आफ्नो ज्ञानको फाँट अझ विस्तार गर्न र अध्ययनशीलताको परिचय दिन फेरि त्रि.वि. बाट नेपाली विषयमा स्नातकोत्तर उपाधि पनि हासिल गरेका छन् ।

सानै उमेरदेखि साहित्यमा रुचि राख्ने सुब्बा वि.सं. २०३० सालमा रेडियो नेपालद्वारा आयोजित 'को भन्दा को कम' बाल निबन्ध प्रतियोगितामा प्रथम भएका थिए । त्यसैबाट नेपाली साहित्य लेखनमा प्रवेश गरेका सुब्बा वि.सं. २०३२ को पूर्वाञ्चलव्यापी विद्यालयस्तरीय निबन्ध प्रतियोगितामा पनि पुरस्कृत भएका थिए ।

यसरी विद्यार्थी जीवनदेखि नै नेपाली भाषा साहित्यमा एक सफल हस्तीका रूपमा प्रवेश पाएका सुब्बाले वि.सं. २०३५ सालतिर आएर गीत, कविता लेखनमा पनि आफ्नो कलम तिखार्न थाले । सुरुमा प्रेमसम्बन्धी दुईटा कविताहरूमा प्रेमप्रतिको आफ्नो दृष्टिकोण प्रस्तुत गर्दै यस क्षेत्रमा प्रवेश गरेका सुब्बाका हाल पाँचवटा साहित्यिक कृतिहरू प्रकाशित छन् । त्यसपछि क्रमशः साहित्यमा गीत, कविता, निबन्ध आदि विधाहरूमार्फत आफ्नो अभिव्यक्ति बुलन्द गर्दै अगाडि बढिरहेका सुब्बाले आफ्नो पेसागत विषयमा पनि विभिन्न अध्ययन अनुसन्धान तथा खोजमूलक लेखरचना तथा प्रतिवेदनहरू पस्कदै आएका छन् ।

कवि, निबन्धकार, गीतकार, गायक, सङ्गीतकार व्यक्तित्व नवराज सुब्बा स्वास्थ्य क्षेत्रमा कार्यरत रही देश र जनताको सेवामा तल्लीन एक बहुआयामिक व्यक्तित्व र कर्मशील राष्ट्रसेवक हुन् । यिनै कर्तव्यपरायण सुब्बाको कविताकृति **'बीच बाटोमा ब्यूँझेर'** को अध्ययन गर्नु सान्दर्भिक र औचित्यपूर्ण हुन आउँछ ।

## ४. समस्याकथन

"कवि नवराज सुब्बाको **बीच बाटोमा ब्यूँझेर** कविताकृतिको अध्ययन" विषयक प्रस्तुत शोधमा निम्नलिखित समस्याहरू रहेका छन् :

क) कवि नवराज सुब्बाको जीवनी र व्यक्तित्व केकस्तो रहेको छ ?

ख) कविता सिद्धान्त र नेपाली कविताको ऐतिहासिक रूपरेखा केकस्तो रहेको छ ?

ग) कवि नवराज सुब्बाको **बीच बाटोमा ब्यूँझेर** कविताकृति केकस्तो रहेको छ ?

घ) कवि नवराज सुब्बाको **बीच बाटोमा ब्यूँझेर** कविताकृतिका प्राप्तिहरू केकस्तो रहेका छन् ?

## ५. शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यबाट निम्नलिखित उद्देश्यहरूको निरूपण भएका छन् :

क) कवि नवराज सुब्बाको जीवनी र व्यक्तित्वबारे निक्र्योल गर्नु,

ख) कविता सिद्धान्त र नेपाली कविताको ऐतिहासिक रूपरेखाको पहिचान गर्नु,

ग) कवि नवराज सुब्बाको **बीच बाटोमा ब्यूँझेर** कविताकृतिको अध्ययन गर्नु,

घ) कवि नवराज सुब्बाको **बीच बाटोमा ब्यूँझेर** कविताकृतिको प्राप्तिहरूको निरूपण गर्नु,

## ६. पूर्वकार्यको समीक्षा

कवि नवराज सुब्बाका बारेमा कतिपय विद्वान् साहित्यकारहरूले विभिन्न समयमा विभिन्न पत्र-पत्रिकामार्फत चर्चा गरेको पाइन्छ । तीबाहेक हालै आएर उनको जीवनी, व्यक्तित्व र कृतित्वबारे र उनको **मनको मझेरी** कृतिबारे शोधहरू प्रकाशित भएका जानकारी छन् । त्यस्तै "अध्ययनको आलोकमा **बीच बाटोमा ब्यूँझेर"** समालोचनात्मक कृति प्रकाशित छ । उनका कृतिका बारेमा हालसम्म भएका केही समीक्षात्मक विवरणहरू निम्नानुसार छन् :

- बैरागी काइँलाले नवराज सुब्बाको 'जीवन मेरो शब्दकोशमा' (२०६३) कविता सङ्ग्रहको भूमिका लेख्ने क्रममा सुब्बाको बारेमा भनेका छन् ........... समय र स्थानको भिन्नताले कविताहरूमा वैभिन्य ल्याएको भए पनि सारतत्त्व भने जीवन र जगत्प्रति उनको धारणा नै मुख्य हो भन्न सकिन्छ ।

- काइँलाले सोही भूमिकामा सुब्बाका कविताका विषयवस्तुको सन्दर्भमा भनेका छन् ......... जीवन तथा जगत र त्यसप्रतिको चिन्तन दर्शन प्रिय देखिन्छन् भने समसामयिक सामाजिक स्थितिको चित्रण पनि उत्तिकै महत्त्वपूर्ण लागेको देखिन्छ । त्यसरी नै उनको कवितामा युवा हृदयको धड्कनमा मायालु स्पन्दन र भावले भरिएका प्रेमको अनुभूतिको अभिव्यक्तिको प्राचुर्य पनि पाइन्छ । प्रौढहरूका लागि मात्र होइन उनले बालबालिकाका लागि पनि कविता लेखेका छन्, मानवता उनका कवितामा पाइने अर्को विशेषता हो ।

- दिनेश अधिकारीले नवराज सुब्बालाई लेखेको एक व्यक्तिगत पत्र(२०६३ पौष ११) मा भनेका छन् धेरै पछि राम्रा कवितहरू पढ्न पाएकोमा आनन्द अनुभव गरिरहेको छु । मन एक किसिमले रमाइरहेको छ ।

- दधिराज सुवेदीले **दर्शन दैनिक** (२०६३, पौष ८, बर्ष ४) मा प्रकाशित "शब्दकोष्शमा जीवन खोज्ने नवराज" शीर्षकको लेखनमा भनेका छन् -सूर्योदयले सम्पूर्ण प्राणी जगत्लाई समाए झैं उनका विचारोत्तेजक कविताले सबैलाई आनन्दित तुल्याएका छन् ।

- परशु प्रधानले नवराज सुब्बाको 'मनको मझेरी' (२०६४) निबन्ध सङ्ग्रहको भूमिकामा नवराजका बारेमा भनेका छन् - धेरै ढिलो भेट भयो, जीवनको आखिरी मोडमा अथवा उत्तरार्द्धमा नवराज सुब्बासँग एक दुई पटक भेटमा नै मलाई लाग्यो आजभन्दा २० वर्षअगाडि सुब्बासँग भेटेको भए ? चिनेको भए ? सम्पर्क रहेको भए ? हाम्रो इतिहास नै बदलिन सक्थ्यो कि ?

- परशु प्रधानले सोही भूमिकामा यसो भनेका छन् ......... धेरै प्रशंसा गर्नु राम्रो होइन तर उपयुक्त व्यक्तिको प्रसंशा नगरी बस्नु पनि राम्रो होइन । मलाई लाग्छ फूललाई फूल भन्नै पर्छ ढुङ्गालाई ढुङ्गा ।

- कृष्णप्रसाद दाहालले गरिमा पत्रिका (२०६५, वर्ष ३६, अंक ६) मा प्रकाशित "कवि नवराज सुब्बाको 'जीवन मेरो शब्दकोशमा' कृतिभित्र अन्तरदृष्टि" शीर्षक लेखमा सुब्बाको बारेमा भनेका छन्; कवि नवराज सुब्बा गाउँ, समाज, राष्ट्रको मायाले उचालिएका छन् । प्रजातन्त्र र मानवअधिकारका विषयमा ज्यादै संवेदनशील बनेका छन् ।

- खेम दाहालले **दर्शन दैनिक** (२०६५, वर्ष ६, अङ्क २५५) मा प्रकाशित मनको मझेरीमा बस्दा शीर्षकको लेखमा भनेका छन्- उनको लेखाइमा निजत्व छ आफ्नोपना र केही अर्कै दृश्य हेरिरहेको जस्तो लाग्छ । उनी थोरैमा धेरै भन्छन् ।
- गोविन्दराज भट्टराईले कवि नवराज सुब्बाको 'बीच बाटोमा ब्यूँझेर' (२०६५) कविता सङ्ग्रहको भूमिकामा भनेका छन्- यो हो मार्जिनलता लेखन । नवराजका कविता सीमान्तकृत, मार्जिनल जीवनका छन् । छेलिएका, दुखी, वयोवृद्ध, कुष्ठरोगी, अपहेलित, निन्दितका आवाज हुन् । यो सरलताभित्र सौदर्यले धेरै नयाँ सर्जकलाई तान्नेछ, बाटो देखाउनेछ, नवराजलाई राम्ररी स्थापित गराउनेछ ।

- बालकृष्ण पोखरेलले कवि नवराज सुब्बाको 'बीच बाटोमा ब्यूँझेर' (२०६५) कविता सङ्ग्रहको आशीर्वचन भन्न मिल्ने भूमिकामा भनेका छन्- कवि सुब्बाका अर्थवह, प्रतीकवह र भावेद्विलक कृतिहरू आजको अस्थित्वबोधको उमेरगत, इलाकागत, वर्गगत, धर्मगत, स्तरगत एवम् लिङ्गगत बहीखाताका आकर्षक नमूना बनेका छन् ।

- कृष्णभूषण बलले वाणी प्रकाशन विराटनगरमा भएको नवराज सुब्बाको एकल कवितावाचन कार्यक्रमको अवसरमा व्यक्त प्रतिक्रिया (२०६५) मा भनेका छन्- नवराज सुब्बा प्रभावशाली र शक्तिशाली कवि हुन् ।

- देवी पन्थीले 'भानु' पत्रिका (२०६५, अंक ११८)मा प्रकाशित नवराजलाई 'बीच बाटोमा ब्यूँझेर' हेर्दा शीर्षक लेखमा भनेका छन्- नितान्त मौलिक शब्द प्रयोग गरेर नयाँ भाव पस्कनु र आफ्नै परिवेशलाई कविताका विषयवस्तु बनाउनु नवराज सुब्बाको विशेषता हो ।

- हिमाल खरेलले 'जनसंसद्' दैनिक (२०६५, वर्षा ४, अंक ५७)मा प्रकाशित 'सिरिजका सर्वोकृष्ट कविताहरू' शीर्षक लेखमा भनेका छन्- मानिसका चेतन र अवचेतन मनको संगत र विकल्पको अध्ययनको सन्दर्भमा सुब्बा एउटा अद्भूतका उदाहरण हुन् र नेपाली साहित्य जगत्को एउटा प्रभावशाली र मोस्ट पावरफुल कवि हुन् ।
- वैरागी काइँलाले 'दर्शन' दैनिक (२०६५, वर्षा ७, अंक ७२)मा प्रकाशित 'समुद्रको आइसवर्गमा देखिने नवराजको मुन्टो' शीर्षक लेखमा भनेका छन्- .........तर विस्तारै भनिएका कुरा पनि त्यो भित्र कुरोको चुरो छ भने मनमा लाग्दा निक्कै तोडले लाग्दछ । उहाँको शैली बढी सरल छ । सबै सरल कुरा नराम्रा हुदैनन् र सबै सरल कुरा हल्का हुँदैनन् । .........सरलतामा पुग्नु भनेको विचारमा परिपक्कताले पुगिने कुरा हो ।
- हरिप्रसाद बरालले 'उद्घोष' दैनिक (२०६५, वर्ष १९, अंक १२४)मा प्रकाशित 'बीच बाटोमा ब्यूँझेर' मा कवि नवराज सुब्बा शीर्षक लेखमा भनेका छन्- नवराजजी ! तपाईलाई कृतिले नयाँ चाड बोकेर ल्याएको अनुभव भएको छ, तपाईका नवीन वैचारिक अनुभूतिसँग हामीले ताते गरेर खेल्ने मौका पाएका छौं । तपाई कवितामा स्पष्ट हुनुहुन्छ, भाषामा सरल हुनुहुन्छ, चिन्तनमा प्रौढ हुनुहुन्छ, आस्थामा प्रतिबद्ध हुनुहुन्छ ।

- वेञ्जु शर्माले 'फेवा' साप्ताहिक(२०६५, वर्ष ३६, अंक ४)मा प्रकाशित 'बीच बाटोमा ब्यूँझेर' भित्र शीर्षक लेखमा भनेका छन्- सीमान्तकृतको पीडा, पहाडी जीवनको दुःख अनि भोगाइ तथा लिम्बु संस्कृतिको प्रभाव जुन कविताहरूमा छन् तिनले नवराज सुब्बालाई एउटा छुट्टै स्थान दिएको छ ।

- तुलसी भट्टराईले ‘फेवा’ साप्ताहिक(२०६५, वर्ष ३६, अंक ५)मा प्रकाशित पेम्बूखेन नवराजको ‘बीच बाटोमा ब्यूँझेर’ शीर्षकको लेखमा भनेका छन- ........... सरल, सरस र सुबोध ढंगले कविता रचेर नेपाली कविताभण्डार थपेका छन् । समाजमा नदेखिएका अँध्यारा पाटाहरू उधिनेर कवितामा फैलाएका छन् ।

- रश्मिशेखरले ‘जनसंसद्’ दैनिक (२०६५, वर्ष ३६, अंक ८२) मा प्रकाशित लोडसेडिङ र नवराजका पोड्ट शीर्षक लेखमा भनेका छन्- .......... तर मानवीय संवेदनाको अत्यन्तै शिष्ट र शालीन प्रयोगको प्रचुरताले यसलाई अन्तर हृदयको स्पर्श मान्नु पर्छ । व्यङ्गयको गहन लेखन र सौहार्द्रताको प्रयोगले फूलको झटारो हानेर विकृति ढाल्ने उनको स्वभाव इमान्दार देखियो ।

- माया फकुवालले ‘फेवा’ साप्ताहिक (२०६५, वर्ष ३६, अंक १७) मा प्रकाशित साहित्याकारमा कोसेढुङ्गा ‘बीच बाटोमा ब्यूँझेर’ शीर्षकको लेखमा नवराजको लेखनसम्बन्धी समीक्षामा व्यक्त गरेको भावना-कवि नवराजको विशेषता भन्नु नै देशप्रेमप्रतिको अगाध अभिव्यक्ति दिनु हो । उनका कृतिमा कुनै न कुनै रूपमा देश दुखेको छ, भाषा दबिएको छ, राष्ट्रियता हराएको छ, आमा रोएको औल्याइएको हुन्छ । यो उनको पृथक अस्तित्व हो ।

- ध्रुव मधिकर्मीले ‘पुनर्जागरण’ साप्ताहिक (२०६६, वर्ष २७, अंक ४२) मा प्रकाशित ‘एकलब्यको नियति बाँचेका कवि सुब्बा शीर्षक’ लेखमा भनेका छन्- ......... नवराज सुब्बालाई कुनै ठूलो गुनासो पनि रहेनछ । जीवनको नियतिलाई त उनी स्विकार्छन् ।

- सुरेश प्राञ्जलीले ‘नागरिक’ दैनिक (२०६६, वर्ष २७, अंक ४२) मा प्रकाशित ‘सीमान्तकृत’ आवाज शीर्षकको समीक्षामा हरेकले बाँच्ने जीवन र समयको एउटा त्रासद प्रवाहलाई कविताको माध्यमबाट उतार्न खोजेका छन् । मूलभूत रूपमा आर्थिक चपेटाले पिल्छिकन सुकुम्बासी र कमलरी अनि राज्यको मूलप्रवाहबाट पाखा पारिएका भनिएका राउटे र सतारहरूको पीडालाई जस्ताको तस्तै कवितामा उतार्न खोजेका छन् । परिवर्तनको नयाँ गति सँगसँगै वहन अप्रत्यक्ष रूपले आमन्त्रण गरेका छन् कवि नवराज सुब्बाले ।

- बद्री पलिखेले ‘फेवा’ साप्ताहिक (२०६६, वर्ष ३६, अंक ३३) मा प्रकाशित नवराज सुब्बाको ‘बीच बाटोमा ब्यूँझेर’ शीर्षकको समीक्षामा भनेका छन्- नवराजको कवितामा जीवनदर्शन छ । जन्मभूमि प्रति अनुराग छ । जीवन भोगाइ र अनुभूति छ । राष्ट्रले भोग्नु परेको द्वन्द्व, त्रासदी र विसङ्गतिको आलाप छ । सन्देश छ, आग्रह छ, भरोसा छ, उज्यालो भविष्यको कामना छ ।

- शैलेन्द्र साकारले ‘अन्नपूर्ण पोष्ट’ (२०६६, वर्ष ८, अंक २६) मा प्रकाशित ‘बीच बाटोमा ब्यूँझेर’ मा कवि नवराजको बिम्बचेत शीर्षकको समीक्षामा कवि नवराजको बिम्बेचतबारे भनेका छन्- सपनाहरू बिम्बमा हुन्छन् र मान्छेले सपना देख्न नछाडुञ्जेल कविता लेख्न छाड्नेछैन र कविता बिम्बको एउटा सुन्दर प्रस्तुति हो । नवराज सुब्बाका प्रत्येक कवितामा बिम्बको छवि छ ।
- जगत प्रेक्षितले ‘मधुपर्क’ (२०६७ वर्ष ४३, अंक ३) मा प्रकाशित ‘सुन्दर कविताहरूको संगालो’ शीर्षकको समीक्षात्मक लेखमा भनेका छन्- नवराज सुब्बाले साहित्य साहित्यका लागि होइन जीवनका लागि  हो भन्ने मान्यता सेवरण गरेका छन् ।

- गान्धीराज काफ्लेले ‘The Rising Nepal’ (Jan 25, 2011)  मा प्रकाशित Full of messages शीर्षक मा नवराजको लेखनबारे भनेका छन्- His messages are clear and in embellished from. He explains in short, but when theme demanded more he takes some length. However, the core point to him is to be sweet.

- दधिराज सुवेदीले ‘पुष्पाञ्जली’ पत्रिका(२०६७ वर्ष २९, अंक ५) मा प्रकाशित कवि नवराज सुब्बाको ‘बीच बाटोमा ब्यूँझेर’ शीर्षक समीक्षामा भनेका छन्- नवराज सुब्बा थोरै विगत र धेरै वर्तमान केलाएर कविता लेख्ने कवि हुन् । उनी मान्छेका दुस्ख, दर्द र वेदना बुझेर आँसु पुछिदिने प्रयत्न गर्दछन् । नवराजका साहित्यिक चिन्तनले सबै मानव मुटुलाई सुम्सुम्याउन सकेको छ ।

- लीला लुइटेलले ‘मोनालिसा’ पत्रिका (२०६७ वर्ष १, अंक २) मा प्रकाशित ‘बीच बाटोमा ब्यूँझेर’ कृतिको समीक्षाको नवराज सुब्बाका कवितामा नारीसम्बन्धी दृष्टिकोणमा व्यक्त गरेको भनाइ यस्तो छ- यथार्थलाई कल्पनामा रङ्गाएर विचार प्रधान कविता सिर्जना गर्नु,

सृष्टिका सम्पूर्ण नारीहरूलाई जननीका रूपमा हेर्नु र जन्मदातृ आमाकै केन्द्रीयतामा समाजका विविध वर्गका नारी सम्बन्धी दृष्टिकोणलाई प्रस्तुत गर्नु सुब्बाका कवितामा पाइने मूलभूत वैशिष्ट्य हुन् ।

- हिडपाली साइलोले 'अध्ययनको आलोकमा 'बीच बाटोमा ब्यूँझेर' समालोचना (२०६७) को टिप्पणी खण्डमै 'नवराजको कृतित्वमा भेटाैं' शीर्षक अभिव्यक्तिमा भनेका छन्- .......... तर नवराजले राखेका शीर्षकहरूलाई कृतिमा स्पष्ट पारिएको पाइन्छ, जो लेखकीय क्षमताको दर्जामा रहेको मानिन्छ ।

- बद्रीविलाश पोखरेलले 'अध्ययनको आलोकमा बीच बाटोमा ब्यूँझेर' नामक समालोचना( २०६७)मा कवि नवराजका बारेमा भनेका छन्- कवि नवराज सुब्बा सामाजिक उच्च, उन्नत र उदात्त चेतयुक्त देखिन्छन् । यही सचेतनाका तरङ्गमा तैरिदै तिनका माध्यमबाट उनले जीवनवादी मूल्यहरू कविता मार्फत अभिव्यञ्जित गरेका छन् ।

- कृष्णप्रसाद दाहालले 'अध्ययनको आलोकमा बीच बाटोमा ब्यूँझेर' समालोचना (२०६७) को लेखक तथा सम्पादककै प्राक्कथनमा व्यक्त गरेको भनाइ यस्तो छ- ........... मोफसलवादको पीडाबाट नवराजका कविता धेरै नै भाग्यमानी छन् । यो भाग्य नवराजले कमाएको भाग्य हो । विषयको विविधता, शैलीको चमत्कार अनि सहजता र सरलताले नै उनका कविता भाग्यको दोसल्ला ओढेर चमत्कृत बनेका छन् ।

- कृष्णप्रसाद दाहालले 'अध्ययनको आलोकमा बीच बाटोमा ब्यूँझेर' समालोचना (२०६७)मा कवि सुब्बा र उनको कविता लेखनबारे व्यक्त गरेको भावना यस्तो छ- नवराजका कविता कोरा कल्पनाका उपज होइनन् । यथार्थका काजु किसमिस मसला हुन् । उनी अनावश्यक कल्पनाका पछि नदौडीकन यथार्थमा देखेका र भोगेका विषयलाई कविताात्मक लालीमाद्वारा प्रस्तुत गर्दछन् ।

- गणेश रसिकले नवराज सुब्बाको 'सहिदलाई सलाम' (२०६७) गीति सङ्ग्रहको भूमिकामा नवराजलाई गीतकारका साथै कवि र निबन्धकारका रूपमा पनि स्विकार्दै भनेका छन् -

समग्रमा भन्नु पर्दा नवराजका कविता, गीत र निबन्ध आजका कुनै पनि सिर्जनशील सशक्त युवा पुस्ताका सामु उभ्याउदा आफ्नो छुट्टै परिचय दिन सक्षम छन् ।

- बालकृष्ण पोखरेलले नवराजको 'यात्रा आधा शताब्दीको' (२०६८) कविता सङ्ग्रहमा प्रकाशित शुभकामनामा भनेका छन् - नवराज सुब्बा मुटुको कानमा पुग्नेगरी कलम चलाउने सर्जक हुनुहुन्छ ।
- कृष्णभूषण बलले नवराजको 'यात्रा आधा शताब्दीको' (२०६८) कवितासङ्ग्रहमा प्रकाशित शुभकामनामा भनेका छन् - नवराज सुब्बा ज्यादै जाँगरिला, सिर्जनशील र मेहनती सर्जक हुनुहुन्छ ।

- अनिरूद्ध तिम्सिनाले नवराजको 'यात्रा आधा शताब्दीको' (२०६८) कवितासङ्ग्रहमा प्रकाशित शुभकामनामा भनेका छन् - नवराज सुब्बा नेपाली जातिका लागि जसरी एउटा सङ्गम हुनुहुन्छ, त्यो सङ्गमतिर प्रेरित र जागरुक हुँदै सिर्जनाको गति अझ तीब्र बन्दै जाओस् ।

- चूडामणि बराइलीले 'नवराज सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्व' शीर्षकको शोधपत्र (२०६८)मा नवराजका बारेमा भनेका छन् - समग्र रूपमा नवराज सुब्बा एक सशक्त कवि, निबन्धकार, गीतकार र कुशल राष्ट्रसेवक हुन् ।

यसरी नेपाली साहित्यका क्षेत्रमा आफ्नो छुट्टै प्रवृत्ति र विशेषता बोकेका कवि नवराज सुब्बाका बारेमा प्रशस्त टीकाटिप्पणी तथा प्रशंसा भएको पाइन्छ । साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन पनि विधिवत् रूपमा भइसकेको तर उनको 'बीच बाटोमा ब्यूँझेर' कविताकृतिको समालोचना भए पनि शोध, अध्ययन, अनुसन्धान नभएकोले यस शोधग्रन्थमा यो कार्य पूरा गरिएको छ ।

## ७. अध्ययनको क्षेत्र

नेपाली भाषा साहित्य लेखन र जनस्वास्थ्य क्षेत्रमा सक्रिय रहँदै आएका बहुमुखी प्रतिभाका धनी कवि नवराज सुब्बाको 'बीच बाटोमा ब्यूँझेर' कविताकृतिको अध्ययन र मूल्याङ्कन गर्नु यस शोधपत्रको मुख्य क्षेत्र रहेको छ ।

## ८. अध्ययनको सीमाङ्कन

यस शोधकार्यमा कवि नवराज सुब्बाको 'बीच बाटोमा ब्यूँझेर' कविताकृतिको अध्ययन र प्राप्तिहरूको मूल्याङ्कन गरिएको छ ।

## ९. सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न सामग्री सङ्कलन सम्बन्धित व्यक्ति (शोधनायक), पुस्तकालयीय विधि एवम् विशेषज्ञ र समकालीन व्यक्तिहरूसँग अन्तरवार्ता विधि अपनाइएको छ । अतः सामग्री सङ्कलन प्राथमिक तथा द्वितीय स्रोतका रूपमा रहेका छन् ।

## १०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा र संरचनालाई व्यवस्थित प्रभावकारी बनाउनका लागि निम्नबमोजिम अध्याय निर्माण गरिएको छ साथै आवश्यकताअनुसार उपशीर्षकहरू पनि दिइएको छ ।

अध्याय एक - शोध परिचय

अध्याय दुई - कवि नवराज सुब्बाको जीवनी र व्यक्तित्वको अध्ययन

अध्याय तीन - कविता सिद्धान्त र नेपाली कविताको विकासक्रम

अध्याय चार - कवि नवराज सुब्बाको साहित्यिक यात्राको अध्ययन

अध्याय पाँच - कवि नवराज सुब्बाको 'बीच बाटोमा ब्यूँझेर' कविताकृतिको अध्ययनत्र

अध्याय छ - कवि नवराज सुब्बाको 'बीच बाटोमा ब्यूँझेर' कविताकृतिको मूल्याङ्कन

अध्याय सात - उपसंहार एवम् निष्कर्ष

कवि नवराज सुब्बाको 'बीच बाटोमा ब्यूँझेर' कविताकृतिको अध्ययन र मूल्याङ्कनपश्चात् प्रस्तुत शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थहरूको सूचीसमेत प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

# नवराज सुब्बाको जीवनी र व्यक्तित्वको अध्ययन

## २.१. विषयप्रवेश

यस विवेच्य अध्यायअर्न्तगत कवि नवराज सुब्बाको जन्म, पारिवारिक पृष्ठभुमी, बाल्यावस्था, आर्थिक अवस्था, पेसा तथा संस्थागत संलग्नता, रुचि तथा स्वभाव, प्राप्त मान, सम्मान र पुरस्कार, भोगेका अविस्मरणीय घटनाहरू र भ्रमणको विस्तृत अध्ययन गरिनुको साथै उनको व्यक्तित्वका विविध आयामहरूको अनुसन्धानात्मक अध्ययन गरिएको छ ।

## २.२. नवराज सुब्बाको जीवनीको अध्ययन

### २.२.१ जन्म र जन्मस्थान

मेची अञ्चल ताप्लेजुङ जिल्लाको हाङपाङ गा. वि. स. वडा नं ६ मा वि.सं. २०१८ साल आश्विन १५ गते सोमबार माता नरमाया र पिता आतराज फेयङबाट ज्येष्ठ सुपुत्रका रूपमा नवराज सुब्बाको जन्म भएको हो । उनको "नवराज" नाम छिमेकी तथा पञ्चभलादमीहरूले राखिदिएका हुन् । [१]

### २.२.२. पारिवारिक पृष्ठभूमि

उनको परिवार वि.सं. १८२६ तिर ताप्लेजुङको मेवाखोला साँवाबाट हाङपाङमा बसाईं सरेको देखिन्छ । मेवाखोला विर्ता भएका तुमम्याङ फेयङहाङ साक्बा जेठाका चुनुवा भन्ने छोराबाट पञ्चकन्दा, त्यसपछि धनकर्ण, धनराज, तिलोकसिंह, धर्मध्वज, मुदेन, नाविकर्ण क्रमशः नवराज सुब्बाका पुर्खाहरू हुन् । नाविकर्णका एकमात्र छोरा असलबहादुरका सेरबहादुर अइतराज, चन्द्रबहादुर र निरबहादुर चार छोराहरूमध्ये माइला छोरा अइतराजका जेठा छोरा नवराज सुब्बा हुन् । यसर्थ उनका बाजेको नाम असलबहादुर हो । अइतराजका तीनवटी श्रीमतीमध्ये जेठीपट्टिका जेठा छोरा नवराज सुब्बा हुन् । पिता अइतराजका सन्तानहरूमा नवराज सुब्बाबाहेक विमलराज, कमलराज, दिपकराज, दिपेन्द्रराज, धीरेन्द्रराज छोराहरू र सरला, कविता र सुशीला छोरीहरू रहेका छन् । नवराज सुब्बाका साइँला भाइ दिपकराजको वि.सं. २०६१ सालमा मृत्यु भएको हो । उनका सबै भाइबहिनीहरूको विवाह भइसकेको छ ।

१. शोधनायकबाट प्राप्त जानकारी

नवराज सुब्बाको श्रीमती चन्चला श्रेष्ठ, छोराहरू कौशलराज र निश्छलराजको परिवार रहेको छ ।[१] उनको परिवार हाल विराटनगर उपमहानगरपालिका वडा नं ६ शान्तिचोकमा बस्दै आएको पाइन्छ ।

### २.२.३. बाल्यावस्था

नवराज सुब्बाको बाल्यकाल हाङपाङमा नै बितेको पाइन्छ । पारिवारिक सदस्यहरूका साथ त्यसमा पनि बुबा आमासँगै अधिक मात्रामा समय बितेको पाइन्छ । जिज्ञासु स्वभाव भएका सुब्बा एकपटक हर्साको रोगले सिकिस्त भएका थिए । त्यतिखेर उनलाई जटीबुटीको प्रयोगद्वारा बचाइएको थियो । आर्थिक दृष्टिकोणले मध्यम वर्गीय परिवारमा जन्मेकाले उनको बाल्यकाल सुखद नै रहेको देखिन्छ किनभने निम्न वर्गीय परिवारको बालकलेजस्तो रहरहरू मार्नु यिनले परेन । यसर्थ उनको बाल्यकाल सुखद व्यतीत भएको पाइन्छ ।[३]

### २.२.४ शिक्षादीक्षा

नवराज सुब्बाले सरस्वती माध्यमिक विद्यालयबाट औपचारिक रूपमा शिक्षारम्भ गरी सोही विद्यालयबाट वि. सं. २०३३ सालमा प्रवेशिका उत्तीर्ण गरेका हुन् । त्यसपछि वि. सं. २०३६ सालमा चिकित्सा शास्त्रमा प्रमाण-पत्र तह उत्तीर्ण गर्दछन् । वि. सं. २०४२ सालमा स्नातक उत्तीर्ण गरेपछि वि.सं. २०५३ मा जनस्वास्थ्य विषयमा स्नातकोत्तरको उपाधि हासिल गर्न पुग्दछन् । यति मात्र होइन सुब्बाले आफ्नो ज्ञानको दायरा फराकिलो पार्न र अध्ययनशीलताको परिचय दिन साथै नेपाली भाषासाहित्यप्रति अनुराग भएकोले फेरि त्रि.वि.बाट नेपाली विषयमा स्नातकोत्तर तह उत्तीर्ण गर्न सफल हुन्छन् । तीक्ष्ण विधार्थी रहेका सुब्बा उच्च शिक्षा आर्जनका क्रममा पनि त्यसै अनुरूपका रहेको पाइन्छ ।[४]

२ चूडामणि बराइली, साहित्यकार नवराज सुब्बाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, त्रि.वि., शो.ग्र. (२०६७), पृ. ५
३ ऐजन
४ शोधनायकबाट प्राप्त जानकारी

### २.२.५. आर्थिक अवस्था तथा आजीविका

नवराज सुब्बाको पारिवारिक पृष्ठभूमि मध्यम वर्गीय हो । उनका पिता आइतराज होटेल व्यवसायी तथा व्यापारी भएको र विर्ता जग्गासमेत भोगचलन गर्दै आएकोले उनको पारिवारिक पृष्ठभूमि समृद्ध रहेको देखिन्छ । यसका साथै उनका अभिभावकहरू होटेल तथा किराना पसल व्यवसाय सञ्चालन गरेको तथ्यबाट पनि यसको पुष्टि हुन्छ । चिकित्सा शास्त्रजस्तो विषय लिएर अध्ययन गर्न समर्थ देखिनु र ५० रोपनी जग्गा उनको जन्मस्थलमा रहनु, यसका साथै सुब्बाले विराटनगरमा घर, एक विघा खेत जोड्दै काठमाडौंमा समेत घडेरी किन्न सक्षम हुनुबाट उनको आर्थिक स्थिति मजबुत भएको पाइन्छ । उनको पेसा स्वास्थ्यकर्मी भएकाले यसबाट पनि उनको घर राम्ररी चलेको देखिन्छ । [५]

### २.२.६. पेसागत संलग्नता

नवराज सुब्बाको जागिरे जीवन वि. सं. २०३७ सालबाट स्वास्थ्य मन्त्रालय अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरूमा इन्चार्जको रूपमा सुरु भएको हो । वि. स. २०५१ सालबाट जनस्वास्थ्य अधिकृत तथा वरिष्ठ जनस्वास्थ्य अधिकृतको रूपमा विभिन्न जिल्लाहरूमा काम गर्दै आएका छन् । स्वास्थ्य सेवा नै यिनको पेसा हो र हाल उनी वरिष्ठ जनस्वास्थ्य प्रशासकको रूपमा झापा र मोरङमा कार्यरत छन् । [६]

### २.२.७. संस्थागत संलग्नता

नवराज सुब्बा आफ्नो पेसागत संलग्नताबाहेक विभिन्न कला साहित्यसँग सम्बन्धित सङ्घसंस्थाहरूमा पनि संलग्न भएका देखिन्छन् । उनी वाणी प्रकाशन विराटनगर, पूर्वाञ्चल साहित्य प्रतिष्ठान, स्रष्टा समाज, काठमाडौं, नाट्येश्वर नृत्यकला प्रशिक्षण केन्द्र, विराटनगर, आदिमा संलग्न छन् । त्यस्तै गैरसाहित्यिक गतिविधिमा पनि यिनी संस्थागत रूपमा सहभागी देखिन्छन् । यी किराँत याक्थुङ चुम्लुङ् विराटनगर, नेपाल रेडक्रस सोसाइटी, विराटनगर आदि संस्थाहरूमा संलग्नता जनाएका छन् ।

---

५ पूर्ववत् चूडामणि बराइली, पृ. ७
६ शोधनायकबाट प्राप्त जानकारी

### २.२.८. रुचि तथा स्वभाव

नवराज सुब्बा साहित्यका अतिरिक्त गायन वाद्यवादन खेलकुद, समाजसेवा, जनस्वास्थ्य आदिमा रुचि राख्ने व्यक्ति हुन् । यिनी हार्मोनियम, गितार बजाउन रुचि राख्दछन् । लोकगीतहरूको सङ्कलनतर्फ पनि नियको रुचि देखिन्छ । विद्यालय स्तरमा हुने सबैजसो खेलकुदहरूमा यिनको रुचि रहेको देखिन्छ । विशेष गरी साहित्यिक गतिविधिमा यिनको विशेष रुचि देखिन्छ । जसको परिणतिले उनी एक वरिष्ठ कवि तथा गीतकारका रूपमा स्थापित भएका छन् । सरल स्वभावका मृदुभाषी सुब्बा निडर र विद्रोही स्वभावका पनि पृष्ठपोषक देखिन्छन् । सरलता, सहजता, सहयोगीपन, विनम्रता र सबैसँग हार्दिकता राख्ने व्यक्ति हुन् ।[७] स्वास्थ्य क्षेत्रमा काम गर्ने व्यक्ति भएको हुँदा यिनको साधारण खानपान तथा सन्तुलित भोजनमा नै रुचि रहेको पाइन्छ ।

### २.२.९. अविस्मरणीय घटनाहरू

नवराज सुब्वाको अविस्मरणीय घटनाहरूमध्ये वि.सं. २०३३ सालको एस.एल.सी. परीक्षामा दुर्गमक्षेत्र ताप्लेजुङबाट प्रथम श्रेणीमा उत्तीर्ण भएको घटना एक महत्त्वपूर्ण सुखद क्षण हो । त्यस्तै सुख जस्तै व्यक्तिका दुःखद परिस्थितिहरू पनि बेलाबोलमा आफ्नो आँखा अगाडि आउँछन् । वि.सं. २०६१ सालमा उनका भाइ दीपकले तम्बरखोलामा हामफालेर आत्महत्या गरेको घटना उनको अगाडि आउँदा वा झल्याँस्स सम्झिदा अहिले पनि मर्माहत हुन पुग्दछन् । यो उनको जिन्दगीको सबैभन्दा दुःखद् अविस्मरणीय घटना हो ।[८]

### २.२.१० मान, सम्मान र पुरस्कारहरू

नवराज सुब्बाले विद्यालयस्तरमा हुने विभिन्न साहित्यिक प्रतियोगितामा पुरस्कारहरू प्राप्न गर्नुका साथै गोरखा दक्षिण बाहु (२०४७) द्वारा सम्मानित भएका छन् । त्यसैगरी श्री मोहन रेग्मी स्मृति वाणी पुरस्कार (२०६३), नवरङ्ग साहित्यिक प्रतिष्ठान, झापा, हाङपाङ सेवा समाज, काठमाडौंबाट सम्मानित र अभिनन्दित भएका छन् । यसैगरी वि.स. २०६४ सालमा सम्पन्न भएको पहिलो अनलाइन वेभक्याम्प विश्वकविता प्रतियोगितामा प्रथम भएका हुन् ।

---

७ परशु प्रधानसंगको  अन्तरङ्ग कुराकानीबाट प्राप्त जानकारी
८ पूर्ववत्, शोधनायक

उनी बरसिंह थापा स्मृति पुरस्कार (२०६४), श्री जयन्द्र प्रसाईं साहित्य सेवा पुरस्कार (२०६४), नाट्येश्वर नृत्यकला प्रशिक्षण केन्द्र, पल्लव साहित्य प्रतिष्ठान आदिबाट समेत पुरस्कृत र सम्मानित भएका छन् । [९]

### २.२.११. भ्रमण

नवराज सुब्बाले आफ्नो पेसागत सेवाका क्रममा तथा साहित्यिक गतिविधिका क्रममा देश तथा देश बाहिरका विभिन्न ठाउँहरूको भ्रमण गरेका छन् । उनले भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड र इन्डोनेसिया आदि देशहरूको भ्रमण गरेको देखिन्छ । [१०]

## २.३. नवराज सुब्बाको व्यक्तित्वको अध्ययन

यस विवेच्य शीर्षकअन्तर्गत नवराज सुब्बाको विभिन्न व्यक्तित्वका आयामहरूलाई शारीरिक, साहित्यिक र गैरसाहित्यिक व्यक्तित्वमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

### २.३.१. शारीरिक व्यक्तित्व एवम् स्वभाव

नवराज सुब्बा ५ फिट ६ इन्च उचाइ भएका, ७० किलो ग्राम तौल भएका गहुँगोरो वर्णका व्यक्ति हुन् । अत्यन्त मृदुभाषी तथा शालीन व्यक्तित्वका धनी भएका सुब्बा मझ्यौला कद भएका व्यक्ति हुन् । निधार ठूलो देखिने सुब्बाका कपाल भने केही फुले पनि स्वभाविक देखिन्छ । उनी धैर्यशील सबैसँग हिमचिम गर्न रुचाउने, सबैसँग सद्भावपूर्ण व्यवहार गर्न सक्ने आकर्षक व्यक्तित्वका धनी हुन् । साधारण खानपानमा रुचि राख्ने सुब्बा [११] साधारण पोसाकदेखि सभा, समारोहमा विशेष किसिमका पोसाकमा सजिने गर्दछन् । जसले गर्दा उनको शारीरिक व्यक्तित्व आकर्षक, भद्र र स्वभाविक देखिन्छ ।

---

९ ऐजन

१० ऐजन

११. परशु प्रधानसंगको  अन्तरङ्ग कुराकानीबाट प्राप्त जानकारी

### २.३.२. साहित्यिक व्यक्तित्व

नवराज सुब्बा कवि, कथाकार, निबन्धकार, गजलकार, भूमिका लेखक, समीक्षक, गीतकार आदि साहित्यिक व्यक्तित्वका धनी हुन् । यस शीर्षकअन्तर्गत यिनै व्यक्तित्वहरूको अध्ययन गरिएको छ ।

### २.३.२.१ कवि व्यक्तित्व

नवराज सुब्बाको साहित्यिक व्यक्तित्वहरूमध्ये कवि व्यक्तित्व सबैभन्दा उर्वर व्यक्तित्व हो । वि.सं. २०३० को दशकपछि नेपाली साहित्य क्षितिजमा उदाउन पुगेका सुब्बाका कविताहरू **मातृभूमि** तथा **नयाँ सन्देश** पत्रिकामा छापिएको थाहा हुन आउँछ । विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा उनका रचाहरू प्रकाशित भएका छन् । सरल वा सम्प्रेष्य हुने समसामयिक कविताहरू रच्ने सुब्बा विभिन्न समारोहरूमा आफ्ना कविताहरू वाचन गर्दछन् । वि.सं. २०३६ सालतिर **जिन्दगी ठम्याउन नसकिएको आकृति** शीर्षकको कविता प्रकाशित भएको तर पत्रिकाको नाम र कविता दुवैको अवस्थितिबाट कवि अनभिज्ञ भएको बताउँछन् । आफ्नो कविता यात्रामा उनले **जीवन मेरो शब्दकोशमा** (२०६३) र **बीच बाटोमा ब्यूँझेर** (२०६५) गरी दुईवटा कवितासङ्ग्रहहरू प्रकाशित गरेका छन् । सुब्बाले आफ्ना रचनाहरूमा सामाजिक विषयवस्तुहरूको प्रस्तुति गर्दै विभिन्न विसङ्गतिहरूमाथि व्यङ्ग्य पनि गरेका छन् । उनका कविताहरूमा अस्तित्ववाद मानवतावाद, राष्ट्रियता आदि माथि वकालत गरिएको छ । यति हुँदाहुँदै पनि उनी सुन्दर प्रणयभावलाई विषयवस्तु बनाएर कविता रचना गर्ने कवि हुन् । साहित्यका अन्य विधाहरूभन्दा कविताको क्षेत्रमा कलम चलाउने सुब्बा संवेदनाहरूको गरिहराइमा डुबुल्की मार्ने कवि भएकाले उनलाई अन्य साहित्यिक व्यक्तित्वभन्दा कवि नै भन्नु उचित हुन्छ । सुब्बाले किनाराकृत, पिछडिएका, निमुखा र निरीह नेपालीहरूका पीडा र विसङ्गतिलाई आफ्ना लेखनमा सजगरूपमा ल्याएका छन् । त्यस्तै उनका कविताहरू मान्छेका मनभित्रका भावनाहरू हुन्, पहाडी खोलाका प्रवाहहरू हुन् । अनि हामी बाँचेको समयका छापहरू हुन् । यसरी हेर्दा साहित्यकार नवराज सुब्बाको साहित्यिक सिर्जनाको सबैभन्दा उर्वर विधा कविता नै हो ।[१२]

---

१२. गोविन्दराज भट्टराई र परशु प्रधानसंगको  अन्तरङ्ग कुराकानीबाट प्राप्त जानकारी

### २.३२.२. गीतकार व्यक्तित्व

नवराज सुब्बा हालका दिनहरूमा सफल गीतकारका रूपमा स्थापित भएका छन् । गीतलाई लेख्य छापाको रूपमा र विद्युतीय रेकर्डका रूपमा प्रस्तुत गर्दै आएका सुब्बाले **देशको माया** र **लुकेका रहरहरू** गीति एल्बम स्रोताहरूमाझ ल्याइसकेका छन् । उनका गीतहरूमा राष्ट्रियता र प्रणय भावहरू उर्लेको पाइन्छ । हालको साहित्यिक बाटोमा देखा परेका गीतहरू लेख्ने उनको यो पनि प्रमुख विधाको रूपमा स्थापित भइरहेको छ । समसामयिक कविताको सँगसँगै गीतिविधा हिंडिरहेको छ । हुनत सबै गीतहरू कविता नै हुन् । यसरी नवराज सुब्बा एक गीतकार व्यक्तित्वको प्रतिनिधित्व गर्ने व्यक्ति हुन् । [१३]

### २.३२.३. गजलकार व्यक्तित्व

नवराज सुब्बा एक सफल गजलकार पनि हुन् । उनका गजलहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । केही जगलहरूले गीति एल्बमको रूप धारण गरेका छन् । उनका गलजलहरूले उनलाई साहित्यिक सर्जकको रूपमा स्थापित गर्न मद्दत पुऱ्याएको छ ।

### २.३२.४. कथाकार व्यक्तित्व

कथा साहित्यमा समेत सुब्बाको कलम चलेको देखिन्छ । उनले वि.सं. २०३४/३५ सालदेखि नै कथा लेख्न थाले पनि उनको **म यहीँ छु** शीर्षकको कथा **विराटपथ** पत्रिकामा प्रकाशित भएको थाहा हुन आउँछ ।[१३] यो उनको साहित्यिक गौण व्यक्तित्व हो ।

### २.३.२.५. निबन्धकार व्यक्तित्व

साहित्यको एक सशक्त विधा निबन्धमा पनि नवराज सुब्बाले कलम चलाएको पाइन्छ । उनको **मनको मझेँरी** निबन्ध सङ्ग्रह वि.सं. २०६४ सालमा प्रकाशित भएको देखिन्छ । उनीबाट लेखिएका निबन्धहरूले उनलाई **जयन्द्र प्रसाई स्मृति पुरस्कार** ले सम्मान गरेको शोधनायकबाट थाहा हुन आउँछ ।[१४]

---

१३. पूर्ववत् , चूडामणि बराइली, पृ. १२

१४. ऐजन

नवराज सुब्बाले कृतिहरूको समीक्षात्मक टिप्पणी पनि गरेका छन् । उनले श्यामकृष्ण श्रेष्ठको **मेरो जागिरे जीवन**को समीक्षा गरेका छन् । यसर्थ उनी समालोचकीय व्यक्तित्व पनि हुन् ।[१५]

### २.३.२.७ भूमिका लेखक व्यक्तित्व

नवराज सुब्बाले कवि नकुलकाजीको कवितासङ्ग्रह र प्रेमप्रकाशको गजल सङ्ग्रहका लागि भूमिका लेखेका छन् । यसर्थ उनी भूमिका लेखक हुन् । भूमिका लेख्नलाई अलि बढी नै अध्ययन र समय आवश्यक पर्ने हुँदा सुब्बा आफूलाई भूमिका लेखनकार्य अलि असजिलो महसुस हुने गरेको बताउँदछन् । [१६]

### २.३.३. गैरसाहित्यिक व्यक्तित्व

यस विवेच्य शीर्षकअन्तर्गत नवराज सुब्बाको पेसागत व्यक्तित्व, समाजसेवी व्यक्तित्व, राजनीतिक व्यक्तित्व, शिक्षक व्यक्तित्व आदिको अध्ययन गरिएको छ ।

### २.३.३.१. स्वास्थ्यकर्मी व्यक्तित्व

नवराज सुब्बाले वि.सं. २०३७ सालबाट नेपाल सरकारको स्वास्थ्य मन्त्रालय अन्तर्गतका कार्यालयहरूमा इन्चार्जको हैसियतले कार्य गर्दै वि.सं. २०५१ सालबाट जनस्वास्थ्य अधिकृत र वरिष्ठ जनस्वास्थ्य अधिकृतका हैसियतले कार्य गर्दै आएका छन् । यो उनको पेसागत जीवन वृत्त हो । सरकारी सेवाबाट निक्लेको समयलाई उनले सृजना तथा अन्य कार्यमा लगाएको देखिन्छ । उनको स्वास्थ्यकर्मी व्यक्तित्व सफल र सार्थक देखिन्छ ।

### २.३.३.२. शिक्षक व्यक्तित्व

नवराज सुब्बाले सुरुमा आफूले अध्ययन गरेको सरस्वती माध्यमिक विद्यालयमा केही वर्ष शिक्षण गरेको बुझिन्छ । उनले विभिन्न जनस्वास्थ्यसम्बन्धी प्रशिक्षण कार्यक्रममा प्रवचन दिएको पाइन्छ । उनी यस हिसाबले शिक्षक व्यक्तित्व बहन गर्न सक्ने व्यक्तिका रूपमा चिनिएका छन् । [१७]

१५ ऐजन
१६ ऐजन
१७ ऐजन

### २.३.३.३. समाजसेवी व्यक्तित्व

नवराज सुब्बा विभिन्न सामाजिक तथा सांस्कृतिक गतिविधमा सक्रिय रूपमा सहभागी भई सहयोग पुऱ्याउने व्यक्तित्व हुन् । भौतिक तथा आर्थिक सहयोग दिन र जुटाउन यिनी अभ्यस्त देखिन्छन् । यसरी हेर्दा उनी सहयोगी एवंम् परिचित समाजसेवीका रूपमा उभिएका छन् ।[१८]

## २.४. निष्कर्ष

नवराज सुब्बाको जन्म वि.सं. २०१८ साल असोज १५ गते भएको हो । मध्यम वर्गीय पारिवारिक पृष्ठभूमिमा हुर्केका सुब्बाले सरस्वती माध्यमिक विद्यालयबाट एस.एल.सी. उत्तीर्ण गरेका हुन् । उनले जनस्वास्थ्य र नेपाली विषयमा स्नातकोत्तर गरेका छन् । वि.सं. २०३७ सालबाट सरकारी जागिरमा प्रवेश गरेका सुब्बा हाल वरिष्ठ जनस्वास्थ्य अधिकृत हुन् । सरल र सहज स्वभावका सुब्बा कवि, गीतकार, गजलकार, निबन्धकार, कथाकार आदि विधाहरूमा कलम चलाउने व्यक्ति भए पनि उनको सृजनात्मक सामर्थ्यको उर्वरभूमि भने कविता र गीत विधा नै हो । उनी साहित्यिक सृजनाबाहेक समाजसेवा, प्रशिक्षण, जनस्वास्थ्यसम्बन्धी लेख र जीवन दृष्टिकोणसम्बन्धी विचारधारमा रमाउने व्यक्तित्व हुन् । यसरी उनको जीवनी र व्यक्तित्वको अध्ययन गर्न सकिन्छ ।

---

१८. पूर्ववत्, शोधनायक

# अध्याय तीन

# कविता सिद्धान्त र नेपाली कविताको विकासक्रम

## ३.१. विषयप्रवेश

यस विवेच्य अध्यायअन्तर्गत कविताको सैद्धान्तिक स्वरूप र नेपाली कविताको ऐतिहासिक विकास क्रमको चर्चा गरिएको छ । वि.सं. १८२६ देखि हालसम्मको समयावधिलाई विभिन्न विद्वान्हरूको मतमतान्तरलाई छिचोल्दै विभिन्न धारामा वर्गीकरण गर्दै अध्ययन गरिएको छ ।

## ३.२. कविताको परिचय र परिभाषा

कविता पूर्वीय पाश्चात्य र नेपाली जगत्मा प्रचलित साहित्यिक विधा हो । नेपाली भाषामा प्रयोग हुने कविता शब्द तत्सम् शब्द हो । यो शब्द 'कवि' शब्दमा 'ता' प्रत्यय लागेर बनेको छ । यसर्थ कविद्वारा रचित रचना नै कविता भन्ने बुझिन्छ । कविता कविको कर्म पनि हो । कवितालाई पाश्चात्य साहित्यिमा 'पोयट्री' भनिन्छ । आजको विश्वसाहित्यमा कविता भन्नाले फुटकर, खण्डकाव्य, महाकाव्य भनेर बुझ्ने गरिन्छ । रागात्मक तथा सौन्दर्यपरक भावहरूको छेलोखेलो नै कविता हो । सर्जकको इन्द्रियले अनुभूत गरेको अनुभूतिहरूको झुण्डनै कविता हो जो आलङकारिक हुन्छ, बिम्बप्रतीकहरूले सुसज्जित हुन्छ ।

कविताको परिभाषा गर्ने क्रममा पूर्वीय, पाश्चात्य र नेपाली कविहरूले आफ्नो महत्त्वपूर्ण मतहरू प्रस्तुत गरेका छन् । ती मतहरूलाई प्रस्तुत गरिएको छ ।

### ३.२.१. पूर्वीय परिभाषा

पूर्वीय साहित्यशास्त्री तथा काव्यशास्त्रीहरूले कविताको बारमो आ-आफ्नो मत यसरी प्रस्तुत गरेका छन् :

**क. अग्निपुराण :** सङ्क्षेपमा इष्ट अर्थ प्रकट गर्ने पदावलीले युक्त यस्तो वाक्य काव्य हो, जसमा अलङ्कार प्रकट हुन्छ र जुन दोषरहित र गुणयुक्त हुन्छ ।

**ख. भामह :** शब्द र अर्थलेयुक्त पदावली नै काव्य हो ।

**ग. आनन्दवर्धन :** ध्वनि नै काव्यको आत्मा हो ।

**घ. विश्वनाथ :** रसात्मक वाक्य नै काव्य हो ।

**ङ. जगन्नाथ :** रमणीय अर्थ प्रतिपादन गर्ने शब्द नै काव्य हो ।

यसरी पूर्वीय विद्वान्‌हरूको परिभाषालाई हेर्दा कसैले अलङ्कारयुक्त वाक्य वा शब्द, कसैले ध्वनिलाई काव्य तत्त्व, कसैले रस निस्पत्ति हुने तत्त्व, कसैले दोषमुक्त तत्त्वलाई कविता वा काव्य भनेर कवितालाई परिभाषित गरेको देखिन्छ ।

**३.२.२. पाश्चात्य परिभाषा**

पाश्चात्य विद्वान्‌हरूले कविताको बारेमा आ-आफ्नो धारणा प्रस्तुत गरेका छन् । ती धारणाहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**क. अरिस्टोल** : कविता भाषाका माध्यमबाट अभिव्यक्त हुने अनुकरणात्मक कला हो ।

**ख. ड्राइडेन** : कविता व्यक्त सङ्गीत हो ।

**ग. म्याथ्यु आर्नोल्ड** : कविता मूलतः जीवनको आलोचना हो ।

**घ. वर्डस्‌वर्थ** : कविता प्रवल अनुभूतिहरूको सहज उच्छलन हो, जुन शान्त समयमा संस्मरणका रूपमा मनोवेगबाट प्राप्त हुन्छ ।

**ङ. मिल्टन** : कविता सरल, रागात्मक र प्रत्यक्षमूलक हुनुपर्छ ।

**च. शेली** : कविता जीवनको आनन्दात्मक अभिव्यक्ति हो ।

**छ. जोन्सन** : कल्पना र संवेगद्वारा गरिएको जीवनको व्याख्या नै कविता हो ।

पाश्चात्य विद्वान्‌हरूको परिभाषालाई हेर्दा कविता भन्नाले भाषाले अभिव्यक्ति गर्ने संगीत, जीवको आलोचनात्मक टिप्पणी, अनुभूतिहरूको उच्छलन, रागात्मक प्रस्तुति, आनन्दात्मक जीवनको व्याख्या भनेर कवितालाई परिभाषित गरेको देखिन्छ ।

### ३.२.३. नेपाली परिभाषा

**क. बालकृष्ण सम** : भावनाको बौद्धिक कोमलता नै कविता हो ।

**ख. लक्ष्मीप्रसाद देवकोटा** : भावनाको हार्दिक कोमलता नै कविता हो ।

**ग. सोमनाथ सिग्द्याल** : काव्य भनेको कुनै विषय वा कथा लिएर मनोहर शैलीको सूत्रमा गुँथिएका शब्द र अर्थको समुचित योगात्मक गुम्फन हो ।

**घ. वासुदेव त्रिपाठी** : कविता जीवन जगत्का मूल्यवान् अनुभवको काल्पनिक, कलात्मक बद्ध वा मुक्त लयात्मक भाषिक सङ्कथन हो ।

**ङ) नेपाली बृहत् शब्दकोश** : कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना नै कविता हो ।

यसरी उपयुर्क्त परिभाषालाई हेर्दा कविता बौद्धिक, हार्दिक, कोमलता, कल्पनाअनुभूति र विचारको लगाममा भावुकता चढेको जीवन जगत्को कलात्मक भाषिक सङ्कथन र शब्द र अर्थको योगात्मक गुम्फन, पद्यलयको भाषिक सङ्कथन र कविको अनभूति स्फूर्त रूपमा प्रकट भएको रचना हो ।[१]

## ३.३. कविताका तत्त्वहरू

कविताका तत्त्वहरूद्वारा नै समग्र कविता खडा भएको हुन्छ । आफ्नो मूलभूत विशेषता ती तत्त्वहरूबाटै उसले प्रदर्शन गर्दछ । यसका कथ्य, विषयवस्तु र भाव आन्तरिक तत्त्व हुन् भने भाषाशैली, लय, बिम्ब, प्रतीक अलङ्कार बाह्य तत्त्व हुन् ।[२] यी तत्त्वहरूको क्रमशः अध्ययन गरिएको छ ।

---

१.ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, आधुनिक नेपाली नाटक र फुटकर कविता, न्यू हिरा बुक्स् इन्टरप्राईजेज, काठमाडौं, पृ. ३२९- ३३३ र वासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली कविता भाग - ४, सा. प्र. २०६०

२. ऐजन तथा अन्य

## क. शीर्षक

शीर्षक कविताकृतिको सङ्केत गर्ने तत्त्व हो । शीर्षक यस्तो तत्त्व हो जसको द्वारबाट कवितारूपी सिङ्गो घरभित्र छिर्न सकिन्छ । कविताभित्र अनेकौं संरचना हुन्छन् । कविले ती संरचनाहरूको प्रतिनिधित्व हुने गरी औचित्यपूर्ण कलात्मक पदावलीको छनोट गर्दछ । जसले विषयवस्तुको प्रतिनिधित्व गर्दछ । त्यो नै शीर्षक हो । यस्तो शीर्षकमा कविता भित्रका भित्री बाहिरी सबै तत्त्वहरूको प्रतिनिधित्व हुनुपर्दछ र शीर्षक हेर्दै समग्र शरीरको तत्त्वको प्रतिनिधि टाउको भएको भान हुन सक्नुपर्छ । यस्तो शीर्षकले विविध सम्भाव्यता र अनेकार्थ बोक्न सक्ने सक्षमता हुनुपर्दछ ।

## ख. संचरना

कविताभित्र भित्री बाहिरी तहमा एउटा संरचना हुने गर्दछ । कविताको बाहिरी संचरना त्यसको लयात्मक खण्ड हो भने आन्तरिक संचरनाचाहिँ कवितामा अङ्गालिएको कथन पद्धति हो । बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना बुनोट हो । बाह्य संरचनालाई लय, गुण, पाउ, चरण पङ्क्ति पुञ्ज, शब्दगुच्छाको संयोजनमा निर्माण गरिन्छ भने भित्र संचनालाई कविको कथाको सोझो कथन, आख्यानीकृत कथन, नाटकीकृत कथनको स्थूल र सूक्ष्म पद्धतिमा हेरिन्छ र कविताको मूलकथ्य मूलभाव र विचारको परिणति निर्माणबाट निर्मित रूपलाई हेर्ने गरिन्छ ।

## ग. केन्द्रीय कथ्य तथा भावविधान

कविताको कथ्य सामग्री र सन्दर्भको सेरोफोरो नै भावविधान हो । सिधैं आत्मालापी कवि कथानात्मक आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगत्का कथन गरिए पनि त्यसको चुरो स्वरूप भने भाव र विचार नै हो । मानवीय अनुभवको क्षण विशेष एक खास मनोदशा, जीवनको समग्रता वा एक भाग आदिलाई भावविधानका हिसाबले छुट्याउन सकिन्छ । कविताको मूल तत्त्व नै भाव हो । विषयवस्तुको गुढ, गहन, गम्भीर, ज्ञानभित्र कलात्मक भाव सृष्टि गर्न सक्नु नै कविताको सम्यक भावविधान हो ।

## घ. लयविधान

कविताको तत्त्वहरूमध्ये लयविधान पनि मुख्य तत्त्व हो । सङ्गीतमयता नै लयविधान हो । भावहरूको संयोजन गर्नेमा लयको ठूलो भूमिका हुन्छ । पद्य र गद्य लय गरी दुई किसिमका लय विधान हुन्छन् । पद्यलय विधानमा विभिन्न शास्त्रीय छन्दहरूले भूमिका खेलेको हुन्छ भने गद्य तथा मुक्तलयमा गेयात्मकताको अनुशरण गरिएको हुन्छ ।

## ङ. कथनपद्धति

कवितामा कविले कुन स्थानमा रहेर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्दछ त्यो नै कथन पद्धति हो । यसलाई दृष्टिबिन्दु पनि भन्न सकिन्छ । प्रथम पुरुषीय दृष्टिबिन्दुमा कविले कवितामा आफ्नो वर्णन गरिरहेको आत्मालापका आत्मगुञ्जन प्रमुख हुन्छन् भने बाह्य दृष्टिबिन्दु वा कथनपद्धतिमा तृतीय पुरुष वा द्वितीय पुरुषीय सर्वनामको प्रयोग गरिएको हुन्छ  जसमा कविले आफ्नो वर्णन नगरेर अर्काको वर्णन गरिरहेको हुन्छ । यी दुई पद्धतिलाई कवि प्रढौक्ति र कविनिवद्ध वक्तृप्रढौक्ति पनि भनेर भनिन्छ ।

## च. बिम्ब, प्रतीक तथा अलङ्कार

कविले कवितामा विषयवस्तु तथा भावहरूको प्रस्तुति गर्ने क्रममा विभिन्न तत्त्वहरूलाई अगाडि ल्याएर प्रस्तुत गर्दछ 'एकको' रूपको पछाडि अर्को अर्थ लाग्दछ । एउटाको छायाँ पछाडि अर्कोको चित्र हुन्छ । प्रतीकात्मक तत्त्वहरूको प्रयोग गर्नु नै बिम्ब र प्रतीकहरूको प्रयोग हो जसले कविताको विषयवस्तुगत प्रस्तुतिलाई सहज ग्रहणयोग्य गरिमामय र व्यञ्जनामय बनाउँछ । बिम्ब, प्रतीक र अलङ्कारले कवितालाई श्रुतिमयता थपेको हुन्छ । यस क्रममा प्राकृतिक तत्त्वहरू, सामाजिक, सांस्कृतिक, राजनैतिक, पौराणिक बिम्बहरू आएका हुन्छन् ।

## छ. व्यञ्जना विधान

कवितामा सोझो अर्थ नलागी प्रस्तुत हुने कविताको एक महत्त्वपूर्ण तत्त्व व्यञ्जना हो । वाच्यार्थलाई बुझाउने लक्ष्यार्थ पछिको अर्थ प्रकट गराउने तत्त्व व्यञ्जना हो । यसरी विधान गरिने शैलीलाई व्यञ्जना विधान भनिन्छ । व्यञ्जनामा शाब्दी र आर्थी व्यञ्जना पनि निहित हुन्छन् ।

### ज. भाषाशैली

कवितामा भाव र भाषाबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नको लागि भाषाको प्रयोग गरिन्छ । यस्तो भाषाका वर्ण, पद, शब्दले रागात्मकता, लयात्मकता लालित्य र रसमाधुर्य संयोजन गर्न सक्नु नै शैली हो । यो शैली पद्यात्मक र गद्यात्मक दुवै हुनसक्छ ।

### झ. उद्देश्य

कुनै पनि विषयवस्तुमा आधारित भएर भावले भरिपूर्ण अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नु नै कविताको उद्देश्य हो । उद्देश्य कविताभित्र सार्थक, अर्थयुक्त, प्रभावपरक र आकर्षक हुनुपर्छ । उद्देश्यले कुराहरूको संयोजन गर्न मद्दत पुऱ्याउँछ । अर्को शब्दमा भन्नुपर्दा कुन उद्देश्यले रचनाको रचना गरिएको हो त्यसको विधान नै उद्देश्य हो ।

### ञ. स्वरूप र आयाम

कविता विधाको मुक्तकदेखि लिएर विभिन्न विधाहरू रहेका छन् । मुक्तक लघुतम विधा हो भने फुटकर कविता, खण्डकाव्य र महाकाव्य त्यस माथिका विधाहरू हुन् । खण्डकाव्य र महाकाव्यमा आख्यानको प्रचुरता पाइन्छ भने लघुतम विधाहरूमा त्यो क्षीण हुँदै जान्छ ।

यसरी कविताको तत्त्वहरूको अन्वेषण गर्न सकिन्छ ।

## ३.४. नेपाली कविताको विकासक्रम

नेपाली कविताको विकासक्रमलाई नियाल्दा यसको पृष्ठभूमिलाई अन्वेषण गर्नु आवश्यक छ । भाषाबाटै साहित्य जन्मिने हुँदा सर्वप्रथम भाषाको उत्पत्तिलाई हेर्नुपर्ने हुन्छ । ऐतिहासिक तथ्यलाई मध्यनजर गर्दा नेपाली भाषाको मूलथलो जुम्लाको सिंजा प्रान्तलाई मानिन्छ । वि.सं. १०३८ को राजा दामुपालको दुल्लु अभिलेख यसकै नमूना हो । यसरी सुरु भएको भाषिक विकासक्रमले साहित्यिक तथा अभिलेख र अन्य वाङ्मयहरू जन्माउँदै गएको पाइन्छ । लोकसांस्कृतिक परम्परा, पर्व, संस्कारगत रीतिरिवाज आदिले पनि साहित्यको जग बसाउँदै गएको पाइन्छ । यसरी सुरु हुँदै गएको नेपाली साहित्य पृथ्वीनारायण शाहको एकीकरण सँगै गति लिएको पाइन्छ । वि. सं. १८२६ देखि हालसम्मको अवस्थालाई ऐतिहासिक तथ्यका आधारमा नेपाली कविताको कालखण्डहरूको

वर्गीकरण गर्न सकिन्छ । यसैलाई मध्यनजर गर्दै विभिन्न विद्वान्हरूको मतमतान्तको परिणमस्वरूप आधिकारिक तथ्य निर्माण शृङ्खलालाई काल विभाजनको माध्यम बनाइएको छ ।

### ३.४.१. प्राथमिक काल : वि.सं. १८२६ -वि.सं. १९४०)

पृथ्वीनारायण शाहले केन्द्रीकृत राज्य निर्माणका क्रममा थालेको नेपाल एकीकरण अभियानसँगै प्राथमिककालीन नेपाली साहित्य सुरु हुन्छ । एकीकरण अभियानलाई सहयोग पुऱ्याउन योद्धाहरूको मनोबल बढाउने हेतुले उनीहरूको गुनगान र राष्ट्रियताको भाव व्यक्त गर्ने कविताहरू, स्तुतिहरू आदि रचिन र गाइन थाले । यसै क्रममा वीरधारा मौलाउन थाल्यो । वि. सं. १८७२ को सुगौली सन्धिबाट नेपालले पराजय भएको महसुस गरी कवि, कलाकारहरू मन शान्त बनाउन ईश्वरभक्तिसम्बन्धी कविता रच्न थाले जसले गर्दा भक्तिधाराको सूत्रपात हुन पुग्दछ । यसरी प्राथमिककालीन नेपाली कवितालाई वीरधारा र भक्तिधारा गरेर दुई भागमा विभाजन गर्न सकिन्छ ।[३]

#### क. वीरधारा (वि.सं.१८२६ - वि.सं.१८७२)

प्राथमिक कालको पूर्वाद्धको यो चरणको अवधि वि.सं. १८२६ देखि वि.सं १८७२ सम्म मान्न सकिन्छ । पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई सहयोग पुऱ्याउन जनसहभागिता जुटाउन, राष्ट्रनायक र सिपाहीहरूको मनोवल बढाई युद्धका लागि तम्तयार गराउन उत्प्रेरित गर्ने हिसाबले वीरधाराका कविताहरू रचिएका पाइन्छन् । राष्ट्रियतालाई मूल विषयवस्तु बनाई रचिएका यस्ता कविताले राष्ट्रको चौतर्फी विकासमा राजनेता, , कर्मचारी र आमजनसमुदायलाई उपदेशात्मक नैतिक आदर्शता र राष्ट्रियताप्रति जागरूकता गराएको पाइन्छ । युद्ध योद्धाको वर्णन गर्दै वैरीहरूप्रति जाइलाग्न सम्पूर्ण जनतालाई लामबद्ध र सचेत गराउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

३. वासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली कविता भाग - ४, सा. प्र. २०६०

यस धाराका कविहरू सुवानन्द दास, शक्तिबल्लम अर्याल, उदायानन्द अर्याल, सुन्दरानन्द बाँडा, राधाबल्लभ अर्याल, यदुनाथ पोखऱ्याल, रामचन्द पाध्या रेग्मी, गुमानी पन्त आदि हुन् । यी कविहरूले राजनेता र योद्धाहरूको चारित्रिक गुणगानमा आफ्ना शब्दहरू पोखेका छन् ।

## ख. भक्तिधारा (वि.सं.१८७३ - वि.सं १९४०)

प्राथमिककालीन नेपाली कविताको यो चरण उत्तरार्द्ध चरण हो । यस चरणमा कविहरू सुगौली सन्धिबाट कयौं वीर योद्धाहरूको वीरगति र नेपाली भूमिको गुमाइबाट आहात भएर भक्तिमार्गलाई अँगालेको पाइन्छ । सहाराको खोजीमा भक्तिमार्गलाई सहायक बनाएका छन् । जनमानसमा फिंजिएको तिक्तताको निवारणका खातिर भक्तिमार्गमा उनीहरूलाई लगाउन त्यतिबेलाका कविहरूले वीरधारालाई गौणमा राखेर भक्तिधाराको सूत्रपात गरेको पाइन्छ । भक्तिधारालाई पनि सगुण भक्तिधारा र निर्गुण भक्तिधारा गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

### अ. सगुण भक्तिधारा

यस सगुण भक्तिधारालाई पनि दुई भागमा विभाजन गर्न सकिन्छ ।

#### i) कृष्ण भक्तिधारा

भगवान् कृष्णलाई मूल विषयवस्तु बनाएर यस धाराअन्तर्गत काव्यहरूको रचना गरिएका पाइन्छन् । यस धारामा आबद्ध कविहरू यदुनाथ पोखऱ्याल, वसन्त शर्मा, पतञ्जलि गजुऱ्याल, इन्दिरस, हीनव्याकरणी विद्यापति, छविलाल नेपाल आदि हुन् । यी कविहरूमा केहीले रतिभावरहित केहीले रतिभावसहितको कृष्णभक्ति धारालाई अँगालेका छन् ।

#### ii) रामभक्तिधारा

त्रेतायुगका मर्यादापुरुषोत्तम रामलाई नायक बनाएर यस धाराका कविहरूले आफ्नो काव्यकृतिको रचना गरेको पाइन्छ । यस धाराका कविहरूमा रघुनाथ पोखऱ्याल, भानुभक्त आचार्य, पतञ्जलि गजुऱ्याल, रामदास आदि हुन् । यसमध्ये भानुभक्त आचार्य सर्वाधिक सृजनशील र प्रतिभाशाली कवि हुन् । उनको रामायण महाकाव्य यसैको उपज हो । त्यसैले भानुभक्तलाई प्राथमिककालीन रामभक्तिधाराका केन्द्रीय कविका रूपमा लिने गरिन्छ ।

### आ. निर्गुण भक्तिधारा

भगवान्को निर्गुण, निरञ्जन, निराकार स्वरूपलाई आधार मानी परब्रम्ह ईश्वरको आराधना सहित यस धाराका कविहरूले काव्यहरू रचना गरेका हुन् । ब्रह्म सत्य हो जगत् मिथ्या हो भन्ने मूल मन्त्रलाई कविहरूले अङ्गिकार गेरेको देखिन्छ । धार्मिक तथा सामाजिक विसङ्गतिहरूको विरोध पनि उनीहरूले गरेका हुन् । यस धाराका कविहरू शशिधर, अगम दिलदास, ज्ञान दिलदास आदि हुन् ।

## २. माध्यमिक काल : (वि.स.१९४१ - वि.स.१९७४)

नेपाली कविताको यो चरण मोतीरामको भट्टको आगमनसँगै सुरु हुन्छ । उनले भानुभक्तको सुन्दरकाण्ड छपाएपछि यो चरणको विधिवत् सुरुवात हुन्छ । यो माध्यमिक काल मुद्रण युगको अभ्युदय गर्ने काल पनि हो । यसै चरणबाट नेपाली साहित्य मुद्रण युगमा प्रवेश गरेको हो । जहानियाँ राणाशासनले प्रतिबन्ध गरेको स्वतन्त्रताका कारण कविहरूले शृङगार र भक्तिधारालाई आफ्नो काव्यको माध्यम बनाइएको पाइन्छ । यसमध्ये मूल शृङ्गारिक धारा, भक्तिधारा, नैतिक औपदेशिकधारा, शासक स्तुतिधारा, आदिलाई कविहरूले अङ्गीकार गरेको पाइन्छ । शृङ्गारिक र भक्तिधाराद्वारा शासकहरूको शासकीय प्रवृत्तिहरूको प्रतिरोध गरिएको पाइन्छ । हल्का यौनपरक, मनोरञ्जनात्मक अस्लिल उन्मुख रचनाहरू पनि रचिएका पाइन्छन् । नैतिक जागरण फैलाउने रचनाहरू पनि प्रशस्त रचिएका छन् । यस कालका रचनाहरूले सामाजिक रूपान्तरण तथा सुधारको पक्षमा पनि वकालत गरेका पाइन्छन् ।

समस्यापूर्ति गजलहरू, कविताहरू पनि रचिएका पाइन्छन् । शासकहरूको स्तुति गाएर केही कविहरूले आफ्नो दुनो सोभ्याएको पाइन्छ भने कत्ति शासकीय विरोध गर्ने क्रममा पलायन पनि भएका छन् । यस धारामा कलम चलाउने कविहरू मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल देवीदत्त पराजुली, शिखरनाथ सुवेदी, तीर्थराज पाण्डे, राजीवलोचन जोशी, कृष्णप्रसाद रेग्मी, लक्ष्मीदत्त पन्त, दधिराम मरासिनी, आदि हुन् । उनीहरूले मूल शृङ्गारिक धाराको प्रतिनिधित्व गर्न पुगेका हुन् । त्यस्तै प्राथमिककालीन भक्तिधारालाई माध्यम बनाएर काव्यहरूको रचना गर्ने कविहरूमा पूर्ववर्णित कविहरूका  अतिरिक्त सुब्बा होमनाथ , केदारनाथ, चिरञ्जीवी पौड्याल, कृष्णप्रसाद श्रेष्ठ आदि हुन् । यसैगरी नैतिक-औपदेशिक धारालाई माध्यम बनाउने कविहरूमा पूर्ववर्णितका अतिरिक्त गोपीनाथ लोहनी, जगन्नाथ पौड्याल आदि हुन् । शासकीय स्तुतिधारालाई पछ्याउने कविहरूमा चिरञ्जीवी पौड्याल, सोमनाथ सिग्द्याल आदि हुन् ।

यसरी नै सामाजिक सांस्कृतिक जागरण धारालाई माध्यम बनाएर काव्य सिर्जना गर्ने कविहरू लेखनाथका अतिरिक्त, महानन्द सापकोटा आदि हुन् । यस धाराका कविहरूले सामुहिक कविता लेखनको प्रयास, सम्भोग विप्रलम्भ, शिष्ट, अशिष्ट कविताहरूको रचना, संस्कृत वार्णिक तथा मात्रिक छन्त्रको प्रयोग, संस्कृत शृङ्गारिक, उर्दू, फारसी, अरबीबाट प्रभावित, पौराणिक विषयवस्तुहरूको चयन, हलन्त, अजन्त, भाषाको प्रयोग आदि प्रवृत्तिलाई अँगालेको पाइन्छ । यसरी नेपाली कविताको विकास क्रमको माध्यमिक कालको अध्ययन गर्न सकिन्छ ।[४]

### ३. ४.३. आधुनिक काल (वि.स.१९७५ - हालसम्म)

नेपाली कविताको आधुनिक कालका बारेमा विवादहरू भए पनि सबै विद्वान्हरूको मत तथा आधिकारिक पुष्टिका आधारमा वि. १९७५ देखि हालसम्मको समयावधिलाई आधुनिक काल मान्न सकिन्छ । कवि लेखनाथ पौड्यालको ऋतु विचार (वि. स.१९७५ ) आधुनिक नेपाली कविताको प्रथम मोड हो । प्रवृत्तिगत, विषयवस्तुगत र प्रस्तुतिगत प्रवृत्ति माध्यमिक कालबाट छुट्टिन गएका कारण आधुनिक नेपाली कविताको नयाँ मोड आएको हो ।[५] यसरी सुरु भएको नेपाली कविताको आधुनिक काललाई निम्न चार धारामा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

---

४. ऐजन
५. ऐजन

### क. परिष्कारवादीधारा (वि.सं.१९७५ - वि.सं.१९९०)

पूर्वीय संस्कृत साहित्यको परिष्कारवादी धारा र पाश्चात्य साहित्यको क्लसिसिज्मको समिश्रण रूप नेपाली परिष्कारवादी धारा हो । यसको सूत्रपात लेखनाथ पौड्यालको ऋतुविचारले गर्दछ । लेखनाथका बुद्धिविनोद आदि काव्यहरूले पनि यसको प्रतिनिधित्व गर्न पुगेको छ । संस्कृत भाषाको परिष्कारगत प्रयोग, छन्दहरूको सिद्धान्तोन्मुख प्रयोग, धार्मिक आध्यामिक विषयवस्तुहरूको प्रयोग, कट्टर शास्त्रीयवादी काव्यप्रवृत्ति र सामाजिक नैतिक सुधारको अपेक्षा यस धाराका कविहरूले गरेका छन् । त्यस्तै पाश्चात्य साहित्यको प्रभावमा रहेर बौद्धिक तथा आत्मपरक काव्यकृतिको रचना पनि हुन पुगेको पाइन्छ । शृङ्गारिकजस्तो विषयवस्तुलाई पनि परिष्कारको आवरणमा ढालिएको छ । प्रकृतिको भरमग्दुर प्रयोग पनि काव्यहरूमा भएको पाइन्छ । लेखनाथका अतिरिक्त सोमनाथ सिग्द्याल, चक्रपाणि चालिसे, धरणीधर कोइराला, महानन्द सापकोटा, कुलचन्द गौतम, माधवप्रसाद देवकोटा, बालकृष्ण सम, नयराज पन्त, भरतराज पन्त , पूर्णप्रसाद ब्राह्मण, मुकुन्दशरण, उपाध्याय, गोविन्दप्रसाद भट्टराई, पारसमणि प्रधान, हर्कजङ् सिंह क्षेत्री, रामचन्द्र गिरी, भूपद दास राई, पुष्पलाल उपाध्याय, पद्मप्रसाद ढुङ्गाना, भीष्मप्रसाद उपाध्याय, तुलसीबहादुर क्षेत्री, अगमसिंह तामाङ आदि हुन् । यी कविहरूमध्ये बालकृष्ण सम पाश्चात्य परिष्कारवादी धाराबाट प्रभावित प्रतिनिधि कवि हुन् ।

यस धाराले परिमार्जित भाषाशैलीको प्रयोग गर्दै सौन्दर्यचेतनाको तीब्रता र शिल्पगत सचेततामा ध्यान दिएको छ । फुटकरदेखि महाकाव्यसम्मको रचना व्याकरण निर्माणका लागि वातावरण बनाउन सांस्कृतिक पुनर्जागरण अभियानलाई बल पुऱ्याउनुका साथै शृङ्गारिकताको परित्याग गर्दै काव्यात्मक स्तरीयता गर्ने प्रवृत्ति अँगालेको पाइन्छ ।

## ख. स्वच्छन्दतावादी धारा (वि.स.१९९१ - वि.सं.२०१६)

शास्त्रीयतावादी परिष्कारवादी धाराको विरोध गर्दै नेपाली कविताको विकासमा देखिएको धारा स्वच्छन्दतावादी धारा हो । यस धाराका प्रवर्तक अर्थात् केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा हुन् । पाश्चात्य साहित्यको रोमान्टीसिज्म नै नेपाली साहित्यको स्वच्छन्दतावादी धारा हो । उन्नाइसौँ शताब्दीको नवपारिष्कारवादी कट्टर परम्पराको विरोधमा बौद्धिकता, हार्दिकता, नियमसंयम र अनुशासन विरुद्धमा मुक्त सहज स्वतस्फूर्त लेखन वस्तुपरकता भन्दा आत्मपरकता, निर्वैयक्तिकताभन्दा, वैयक्तिकता र कल्पनाको स्वच्छन्द उडान र शिल्पप्रति कम सचेतता, प्रकृति प्रेम, स्वतन्त्रता, समानता  र मातृत्वमा आधारित मानवतावादजस्ता मूल्यमान्यता र आर्दशहरू ग्रहण गरेर यो धारा अधि बढेको पाइन्छ । भारतको छायावादको नेपाली संस्करणका रूपमा पनि स्वच्छन्दतावादलाई लिन सकिन्छ । विशेषगरी गरी लेखनाथ पौड्याल र सोमनाथ सिग्द्यालको परिष्कारवादी नियमविरुद्ध लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठबाट यो धाराको प्रवर्तन भएको पाइन्छ । प्राचीनताप्रति मोह, आदिम संस्कृतिप्रति सचेतता, कल्पनको स्वतन्त्र उडान, आत्मपरकता वा आत्मलापको बखान, विद्रोहको स्वर आदि यस धाराका मूल प्रवृत्ति हुन । देवकोटाको मुनामदन ( वि.सं. १९९२) यस धाराको सर्वोकृष्ठ रचना हो । वि. स. १९९१ मा शारदा पत्रिकाको प्रकाशन सँगै यस धाराले २००३ सम्म पूर्ण स्वच्छन्दतावादी धारा र २००४ देखि देवकोटाको अवसान समय वि.स. २०१६ सम्मको अवधिलाई स्वच्छन्दतावादी प्रगतिवादी धाराका रूपमा लिन सकिन्छ । यस धारालाई देवकोटाधारा पनि मानिएको पाइन्छ किनभने देवकोटाको अवसान लगत्तै स्वच्छन्दतावादी धाराको अन्त्य भएको पाइन्छ ।

यस धारामा समर्पित कविहरूमा सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भूपी शेरचन, हरिभक्त कटुवाल, कञ्चन पुडासैनी, म. वि. वि. शाह, अमरसिंह गिरी, पोषण पाण्डे, पारिजात, बासु शशी, कालीप्रसाद रिजाल हुन् । देवकोटाको वि.सं. २००३ सम्मका रचनाहरू पूर्णस्वच्छन्दतावाद र वि.सं. २००४ पछिका रचनाहरू प्रगतिवादी मिश्रित स्वच्छन्दतावादी हुन् । प्रगतिवादी स्वच्छन्दतावादी धारामा आबद्ध कविहरू गोपालप्रसाद

रिमाल, भूपी शेरचन आदि हुन् । माधवप्रसाद घिमिरले लेखनाथ पौड्याल र लक्ष्मीप्रसाद देवकोटा मिश्रित स्वच्छन्दतावादी धारालाई अङ्गीकार गरेका छन् । यसरी स्वच्छन्दतावादी धाराले वर्णमात्रिक तथा मात्रिक छन्दको प्रयोग, गद्यलय तथा लोकलयताको प्रस्तुति, जीवन-जगत्को यथार्थ चित्रण, कल्पनामिश्रित साहित्यको प्रयोग, आत्मिकतामा जोड, युगीन विसङ्तिहरूप्रति विद्रोह र व्यङ्ग्य, बौद्धिक तथा पारिष्कारवादी चिन्तनको विरोध, स्वतन्त्रता तथा मानवतामा आफ्नो वकालत प्रस्तुत गरेको पाइन्छ ।

### ग. **प्रयोगवादी धारा (वि. स. २०१७-वि. स. २०२९)**

प्रयोगवादी धारा वि.सं. २०१७ सालमा रूपरेखा पत्रिकामा प्रकाशित “घाइते युग” शीर्षकको मोहन कोइरालाको कविताबाट सुरु हुन पुग्दछ । हिन्दी तथा बङ्गाली साहित्य हुँदै यो धारा नेपालमा आइपुगेको हो । पाश्चात्य चित्रकलाको अमूर्त प्रयोग र प्रकृतिवादी , यर्थाथवादी, विसङ्गतिवादी र अस्तित्ववादी अवचेतन लेखनबाट प्रभावित र प्रेरित यो धारा निरीश्वरवाद, वासनात्मक यौनको प्रयोग, शून्यता, निस्सारताजस्ता दर्शनलाई क्लिष्ट, दुबोर्ध्य, असम्प्रेष्य शैलीद्वारा प्रस्तुति, विशृङ्खलित भाव र भाषाहरूको प्रयोगका साथै कविताको समष्टिगत बुझाइनिहित आदि बिशेषता यस धाराको रहेको पाइन्छ । पञ्चायती व्यवस्थाले प्रतिबन्ध गराएको अभिव्यक्ति स्वतन्त्रताको दृष्टिगत गर्दै यो धारा अधि बढेको पाइन्छ । यसै प्रयोगवादी धाराको अवधिमा तेस्रो आयाम, राल्फा आदि साहित्यिक आन्दोलन पनि भएको पाइन्छ । यस धारामा आबद्ध मोहन कोइराला, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, ईश्वर बल्लभ, बैरागी काइँला, तुलसी दिवस, बानिरा गिरी आदि हुन् ।

### घ. **समसामयिक धारा (वि. सं. २०३० - हालसम्म)**

आधुनिक नेपाली कविताको पछिल्लो चरणको अवधिलाई समसामयिक धाराको रूपमा लिइन्छ । प्रयोगवादी धाराको दुर्बोध्यता र जटिलतालाई चिर्दै विभिन्न साहित्यिक आन्दोलनको जगमा यो धारा उभिएको छ । पूर्ववत् विभिन्न धाराहरूको प्रस्तुतिका साथै समसामयिक घटनाक्रमहरूको प्रस्तुति, राजनैतिक सचेतताको तीब्र प्रयोग, आन्दोलित भावनाहरूको प्रक्षेपण साहित्यिक सचेतनासम्बन्धी विश्वजनित मान्यताको प्रयोग यस धाराले अङ्गालेको छ । राजनैतिक उतारचढाव यस धाराको उत्प्रेरक हो । यस क्रममा योङ्ग राइटर्स फ्रन्ट (२०३१), सडक कविता क्रान्ति (२०३६), तरलवाद (२०४०), जनआन्दोलन कविता (२०४६), आदि साहित्यिक आन्दोलनहरू भएका छन् ।

वि.सं. २०४६ को परिवर्तनमा यस धाराले  महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । वि. स. २०४६ पछि वि. स. २०६० को अवधि र २०६२/६३ पछिको परिवर्तनको पनि यस धाराको पृष्ठभूमिहरू हुन् । यस क्रममा साहित्यिक प्रवृत्तिहरू परिवर्तन हुँदै गएका छन् ।

यस समसामयिक कविता धारामा आबद्ध कविहरू ईश्वर बल्लभ, बासु शशी, मनुब्राजाकी, मोदनाथ प्रश्रित, आनन्ददेव भट्ट, दिल सहनी, विमल निभा, फणीन्द्र नेपाल, शारदा शर्मा, ज्ञानुवाकर पौडेल, किशोर पहाडी, विनय रावल, दिनेश अधिकारी, भीष्म उप्रेती, ललिजन रावल, जनकप्रसाद हुमागाई, विष्णुविभु घिमिरे, कणाँत महर्षि, प्रकाश सायमी, नरेश शाक्य आदि हुन् ।

## ३.५. निष्कर्ष

कविताको विभिन्न तत्त्वगत र अर्थगत अध्ययनका साथै नेपाली कविताको विकासक्रमलाई वि.सं.१८२६  देखि वि.सं. १९४० सम्मको अवधिलाई प्राथमिक काल, र वि.सं. १९४१ देखि वि.सं. १९७४ सम्म माध्यमिक काल र वि.सं. १९७५ देखि हालसम्म आधुनिक काल मान्न सकिन्छ । वि.सं. १८२६ देखि वि.सं. १९४० सम्मको प्राथमिक काललाई वीरधारा र भक्तिधारा गरी दुई भागमा विभाजन गर्न सकिन्छ । त्यस्तै माध्यमिक काल (वि. सं. १९४१ वि. स. १९७४) लाई शृङ्गारिक तथा भक्तिधारा, औपदेशिक धारा, सामाजिक सुधारधारा आदिमा विभक्त गरेर अध्ययन गर्न सकिन्छ । यसरी नै वि.सं. १९७५ बाट थालनी भएको आधुनिक काललाई परिष्कारवादी धारा, (वि. स १९७५ देखि १९९०) स्वच्छन्दतावादी धारा, (१९९१ देखि २०१६) प्रयोगवादी धारा, (वि.सं. २०१७ देखि २०२९) र समसामयिक धारा वि.सं. २०३० देखि हालसम्म)  मा विभक्त गरी अध्ययन गर्न सकिन्छ ।

# अध्याय चार

# साहित्यिक यात्राको अध्ययन

## ४.१. विषयप्रवेश

यस विवेच्य अध्याय अन्तरगत कवि नवराज सुब्बाको वि.सं.२०३० सालदेखि हालसम्मको अनवरत साहित्यिक यात्राको चरणबद्ध अध्ययन गरिएको छ । कवि नवराज सुब्बाले आफ्नो साहित्यिक यात्राका क्रममा सिर्जना गरेका साहित्यिक कृतिहरूको विवरण समेतको चर्चा यस अध्यायमा गरिएको छ ।

## ४.२. नवराज सुब्बाको साहित्यिक यात्राको अध्ययन

ताप्लेजुङको हाङपाङमा वि.सं. २०१८ सालमा जन्मेका नवराज सुब्बा सानै उमेरदेखि साहित्यिक सृजनामा रुचि राख्ने गर्दथे । सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, भौगोलिक परिस्थितिबाट प्रभावित हुँदै आफ्ना गुरुजन र परिवारको प्रेरणाबाट उनी साहित्यिक क्षेत्रप्रति अभिप्रेरित भएका हुन् । वि.सं. २०३० सालतिर काठमाडौंबाट प्रकाशित हुने **नयाँ सन्देश** र **मातृभूमि** पत्रिकाहरूमा कविताहरू प्रकाशित गराएर उनले आफ्नो साहित्यिक यात्राको सूत्रपात गरेका हुन् । समसामयिक कविताधारामा आबद्ध सुब्बाले साहित्यका कविता, गीत, गजल, कथा, निबन्ध आदि विधाहरूमा आफ्नो सामर्थ्य प्रस्तुत गरेका छन् । उनको वि.सं. २०३० देखि हालसम्मको साहित्यिक यात्रालाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । वि.सं. २०३० देखि वि.सं. २०६२ सालसम्म पहिलोचरण वि.सं. २०६३ देखि हालसम्म दोस्रो चरण गरेर उनको साहित्यिक यात्रालाई अध्ययन गर्न सकिन्छ ।[१]

### ४.२.१. प्रथम चरण (वि.सं.२०३०-वि.सं.२०६२ सम्म)

नवराज सुब्बाको साहित्यिक यात्राको प्रथम चरण सङ्घर्षरत तथा आम्यासिक चरण हो । वि.सं. २०३० मा **मातृभूमि** र **नयाँ सन्देश** पत्रिकामा कविताहरू प्रकाशित गराएर यो चरण सुरु भएको पाइन्छ । यद्यपि ती कवितहरूबारे उनी अनभिज्ञता प्रकट गर्दछन् । फुटकर रूपमा कविता लेखन तथा प्रकाशन गर्दै आफ्नो साहित्यिक यात्रालाई मधुरो किसिमले अगाडि बढाइरहको यो चरण त्यति उर्वर नभएको पाइन्छ ।

यस चरणमा उनी विभिन्न गोष्ठी सेमिनारहरूमा कवितावाचन गर्न र आफ्नो क्षमताको विज्ञापन गर्नमै व्यस्त देखिन्छन् । अरू समकालीन साहित्यकारहरूको उपस्थितिमा उनी मौन देखिएका छन् । विभिन्न विषयवस्तु भाव र मनोभावहरूलाई कवितात्मक प्रस्तुति दिएका सुब्बाको साहित्यिक यात्राको यो प्रथम चरण आभ्यासिक नै सावित हुन्छ ।

---

१. पूर्ववत् , चूडामणि बराइली, पृ. १८

### ४.२.२. द्वितीय चरण (वि.सं.२०६३ - हालसम्म)

नवराज सुब्बाको साहित्यिक यात्राको दोस्रो चरण वि.सं. २०६३ बाट सुरु हुन्छ । यो चरण उनको उर्वर चरण हो । यस चरणमा उनी सफल कवि, गीतकार, गजलकार निबन्धकारका रूपमा बहुआयामिक दृष्टिबाट उदाएका छन् । समसामयिक कविता, गीति साहित्यका साथै गीति एल्बमहरूको प्रस्तुति गर्नमा उनी व्यस्त देखिन्छन् । वि.सं. २०६३ मा **जीवन मेरो शब्दकोशमा** कवितासङ्ग्रह उनको साहित्यिक यात्राको दोस्रो चरणको सुरुवात मात्र नभई उनको समग्र साहित्यिक यात्राको कोसेढुङ्गा हो । त्यसपछि उनको **मनको मझेरी** 'निबन्ध सङ्ग्रह २०६४ सालमा प्रकाशित भएको छ । यसरी नै वि.सं. २०६५ सालमा **बीच बाटोमा ब्यूँझेर** कवितासङ्ग्रह प्रकाशित हुन पुग्दछ । त्यसपछि विद्युतीय सञ्चार माध्यममा उनको **देशको माया र लुकेको रहर** जस्ता गीति एल्बमहरुले बाहुल्यता जनाउँदछ । उनको "जीवन मेरो शब्दकोशमा" कविता सङ्ग्रहमा वि.सं. २०३५ देखि रचिएका प्रकाशित बत्तीसवटा कविताहरू र सोह्रवटा गीतहरू समावेश गरिएको छ । उनको दोस्रो कृति **मनको मझेरी** मा आत्मापरक तथा वस्तुपरक ३२ वटा निबन्धहरू सङ्गृहीत छन् । **बीच बाटोमा ब्यूँझेर** कविता सङ्ग्रहमा ७७ वटा कविताहरू समेटिएका छन् । यस चरणमा सशक्त रूपमा प्रस्तुत भएका नवराज सुब्बाले सामाजिक यथार्थता, मानवीय पक्ष, सामाजिक, सांस्कृतिक आर्थिक, राजनीतिक विसंङ्गतिहरूमाथि व्यङ्ग्य गरिएका छन् । वि.सं. २०४६ सालपछि जनताहरूले भोगेका पीडा, दुःख, हाँसोहरूलाई प्रस्तुत गरेका छन् । मानवीय प्रेम, प्रणय तथा रतिरागात्मक विषयवस्तुलाई पनि कवितामा समेटेका छन् । प्राकृतिक चित्रण अस्तित्ववादी चिन्तन, प्रगतिवादी चेत, आदि प्रवृत्तिलाई उनले अँगालेको पाइन्छ ।

उनले संस्मरणात्मक, वस्तुपरक निबन्धहरू पनि रचेका छन् । केही निबन्धहरू वर्णनात्मक र विवरणात्मकहरू पनि छन् । उनका निबन्धहरूमा जीवनदर्शन  र समसामयिक यथार्थलाई प्रस्तुत गरेका छन् ।

सुब्बाको साहित्यिक यात्राको दोस्रो चरण एक्कासि वर्षने मुसलधारे वर्षा सावित भएको देखिन्छ । प्रवृत्तिगत विविधता, विधागत विविधता, जीवनदर्शनसम्बन्धी नयाँ सोच, साहित्यको प्रविधीकरणमा उनी अभ्यस्त रहेका छन् । शैली र शिल्पमा परिष्कार हुँदै आएको देखिन्छ । यसरी उनको दोस्रो चरणको अध्ययन गर्न सकिन्छ ।

यसरी नवराज सुब्बाको साहित्कि यात्रालाई वि.सं २०३० देखि २०६२ सम्म प्रथम चरण र वि.सं. २०६३ देखि हालसम्म द्वितीय चरण गरेर अध्ययन गर्न सकिन्छ । उनको सृजनात्मक आयामलाई वस्तुगत दृष्टिले तथा पूर्वअध्ययनको क्रमलाई मध्यनजर गरी यो विभाजन गरिएको हो ।

## ४.३. निष्कर्ष

वि.सं. २०३० को  दशकबाट आफ्नो साहित्यिक यात्रा तय गरेका नवराज सुब्बाको साहित्यिक यात्रालाई दुई भागमा बाँड्न सकिन्छ । वि.सं. २०३० देखि २०६२ सालसम्म प्रथम चरण र वि.सं. २०६३ देखिको अवधिलाई दोस्रो चरण मान्न सकिन्छ । उनको साहित्यिक यात्राको प्रथम चरण फुटकर रचनाहरूको प्रकाशनमै सीमित रहेको पाइन्छ । यो उनको प्रथम चरण आभ्यासिक चरण हो । उनको साहित्यिक यात्राको दोस्रो चरण भने उर्वर देखिन्छ । यस अवधिमा उनले 'जीवन मेरा शब्दकोशमा' र 'बीच बाटोमा ब्यूँझेर' गरी दुईवटा कवितासङ्गहहरू प्रकाशित गरेका छन् । त्यसैगरी उनको निबन्धसङ्ग्रह 'मनको मझेँरी', 'देशको माया', अडियो गीतिसङ्ग्रह, 'सहिदलाई सलाम' गीतिसङ्ग्रह र 'यात्रा आधा शताब्दीको' कवितासङ्ग्रह पनि यसै अवधिमा प्रकाशित कृतिहरू हुन् । उनको साहित्यिक यात्रा तीब्र गतिमा बगिरहेको देखिन्छ ।

# अध्याय पाँच

# नवराज सुब्बाको बीच बाटोमा ब्यूँझेर कविताकृतिको अध्ययन

## ५.१. विषयप्रवेश

'बीच बाटोमा ब्यूँझेर' कवितासङ्ग्रह (२०६३) नवराज सुब्बाा पछिल्लो काव्यकृति हो । विवेच्य सङ्ग्रहभित्र समसामयिक यथार्थ चित्रित, विभिन्न सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक विसङगतिहरूप्रति व्यङ्ग्य, प्रकृतिको चित्रण, मानवीय संवेदनाहरूको प्रस्तुति, सीमान्त वर्गहरूको जीवन, सामाजिक मूल्य र मान्छेहरूको अवस्थिति आदि विविध विषय वस्तुहरूलाई प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा समाविष्ट गरिएका छन् । विशेष गरी वि.सं. २०४६ सालपछि र वि.सं. २०६३ सम्मको अवधिका परिवेशगत अध्ययन प्रस्तुत कविताहरूमा गरिएको छ । प्रस्तुत कवितासङ्गतका कविताहरूमा प्रणय र यौन वा शृङ्गारिक भावलाई पनि विषयबस्तुका रूपमा अँगालिएको छ । जीवनदर्शनसम्बन्धी कविका धारणाहरू पनि यहाँ उद्घाटित भएका छन् ।

मोडर्न बुक्स प्रकाशक रहेको प्रस्तुत कवितासङ्ग्रहको भूमिका डा. गोविन्दराज भट्टराईले लेखेका हुन् । प्रस्तुत सङ्ग्रहभित्र ७७ वटा लामा छोटा कविताहरू समावेश छन् । विभिन्न बिम्बप्रतीक र अलङ्कारहरूको प्रयोग पनि पाइन्छ । कविले आफ्ना भावनाहरू सरल भाषाशैलीमा बगाएका छन् । यस अध्यायअन्तर्गत प्रस्तुत सङ्ग्रहका कविताहरूको विषयवस्तु, प्रवृत्ति र विशेषताहरूका समानतालाई आधार मानी प्रतिनिधि कविताहरूको अध्ययन गरिएको छ ।

## ५.२. बीच बाटोमा ब्यूँझेर कवितासङ्ग्रहको अध्ययन

विवेच्य अध्यायको मूल शीर्षक 'बीच बाटोमा ब्यूँझेर' कविता सङ्ग्रहका प्रतिनिधि कविताहरूको अध्ययन यस शीर्षकअन्तर्गत गरिएको छ । विषयवस्तु, प्रवृत्तिगत विशेषता आदिलाई आधार मानेर कविताहरूको क्रमशः विश्लेषण गरिएको छ ।

## क. बीच बाटोमा ब्यूँझेर

### अ. शीर्षक

'बीच बाटोमा ब्यूँझेर' कवितासङ्ग्रह 'बीच बाटोमा ब्यूँझेर' भित्रको शीर्ष कविता हो । मान्छे आफ्नो उद्देश्यपूर्तिका लागि सङ्घर्ष गर्दागर्दै टक्क अडिएर भूत र भविष्यलाई नियाल्दछ । यसै क्षणको प्रतिनिधित्व गर्न शीर्षक लक्षणात्मक रूपले सार्थक देखिन्छ ।

### आ. संरचना :

गद्य कवितात्मक संरचनामा आबद्ध प्रस्तुत कविता २२ पङ्क्तिमा आबद्ध छ । मध्यम आयाममा संरचित प्रस्तुत कविताको संरचनाले स्थूल तथा सूक्ष्म चित्रणसमेत गरेको छ । स्थूल रूपमा 'बीच बाटोमा ब्यूँझेर' भन्दा हिंड्दाहिंड्दै आइपर्ने घटनाहरूप्रति सचेतनाको अवस्था बुझिन्छ भने सूक्ष्म रूपमा जीवन भोगाइको अन्वेषण भन्ने बुझिन्छ । संरचनाले मूल भावको प्रतिनिधित्व गरेको छ ।

### इ. भावविधान

मानिसहरू अहोरात्र परिश्रम गरिरहन्छन् । यसरी परिश्रम गरिरहँदा वा भनौं आफ्नो जीवनसङ्र्षको अभियानलाई अगाडि बढाउँदा बढाउँदै कुनै मोडमा त्यस सङ्घर्षप्रति टक्क अडिएर विश्लेषण गर्न पुग्दछ । यही नै प्रस्तुत कविताको केन्द्रीय भाव हो । अर्को शब्दमा समाजको गतिसँगै हिंड्दाहिंड्दै आफूलाई जोगाउँदै जानुपर्ने परिस्थिति अगाडि आउँछ । मान्छेको अगाडि अनेक समस्याहरू आइपर्दछन् । त्यससँग जुध्न सधैं तप्पर रहनुपर्ने अवस्था हुन्छ । त्यसको विस्मरण कुनै बेला भए पनि जीजीविषात्मक तत्त्वले व्यक्तिलाई कुत्कुत्याउन पुग्दा ऊ झल्याँस्स हुन्छ । यो नै प्रस्तुत कविताको केन्द्रीय कथ्य वा विषयवस्तु वा भावविधान हो ।

### ई . लयविधान

प्रस्तुत कविता समसामयिक गद्यलयमा आबद्ध देखिन्छ । कविताको लय गेयात्मकतामा आबद्ध छैन । गद्यशैलीमा आबद्ध भएको हुँदा पङ्क्तिहरूको अनुप्रास शून्य देखिन्छ ।

## उ. भाषाशैली

प्रस्तुत कविताको भाषाशैलीलाई दृष्टिगोचर गर्दा गद्यात्मक भाषाद्वारा लयात्मकता आयोजना गरी लेखिएको प्रस्तुत कवितामा व्यञ्जनात्मक शक्ति ध्वनित भएको छ । राष्ट्र, समाज र मानव हितमाथि अन्याय अत्याचारको विष वमन गर्ने छद्मभेषधारी मानिसहरू प्रति व्यङ्ग्य हान्ने काम भएको छ ।

सोच्दासोच्दै
कता अड्कियो खुट्टा
कहाँ भास्सियो जीवन ।
यतिन्जेलसम्ममा त म
कहाँ-कहाँ पुग्नु थियो ।
के के गर्नु थियो ।

प्रस्तुत कवितामा झर्रा नेपाली शब्दकै बाहुल्यता रहेकै देखिन्छ ।[१]

## ऊ. कथनपद्धति

प्रस्तुत कवितामा कविले आत्मालापमूलक प्रस्तुतिबाट बाह्य जगत्को प्रस्तुति दिएका छन् । आफ्नो सङ्घर्षको बखानद्वारा समग्र मानवसमुदायको सङ्घर्ष र अन्तर्द्वन्द्वलाई प्रस्तुत गरेका छन् । यसर्थ प्रस्तुत कथाको कथनपद्धति प्रथम पुरुषीय हो ।

## ए. बिम्ब प्रतीकको प्रयोग

प्रस्तुत कवितामा विभिन्न बिम्बहरू तथा प्रतीकहरूको प्रयोग गरिएको छ । कविताको कथनपद्धति नै प्रतीकात्मक छ । 'म' पात्रले समाजको सङ्घर्षशील व्यक्तिहरूको प्रतिनिधित्व गर्दछ । समाजका परिवर्तन नचाहने तत्त्वहरू तथा खलनायकहरूलाई सर्पको प्रतीकका रूपमा चित्रित गरिएको छ । बिम्ब र प्रतीकको विधानले कविता लक्षणात्मक तथा व्यञ्जनात्मक अर्थसापेक्षताको कडीमा कवितालाई पुऱ्याएको छ । यसैअनुरूप प्रस्तुत कविताले आफ्नो उद्देश्य प्राप्त गरेको देखिन्छ ।

१. कृष्णप्रसाद दाहाल,अध्ययनको आलोकमा बीच बाटोमा ब्यूँझेर, पृ. ४

## ख. कठघरामा उभिएर

### अ. शीर्षक

'कटघरामा उभिएर' कविताको शीर्षक आफूलाई जन्म दिने आमाप्रति हामीले के दिन सक्यौं भनेर समयको साक्षीमा आफूलाई सफाइ दिन खोजेकाले शीर्षक सार्थक देखिन्छ ।

### आ. संरचना

प्रस्तुत कविता मझ्यौला आयाममा आबद्ध छ । ४४ पङ्क्ति र चार अनुच्छेदमा विभक्त प्रस्तुत कविताले स्थूल तथा सूक्ष्म संरचना धारणा गरेको पाइन्छ ।

### इ. भावविधान

आफ्नो जन्म दिने आमाप्रति श्रद्धा, रेखदेख, सहारा दिनुपर्ने भाव यहाँ व्यक्त भएको छ । जसरी आफूलाई स्याहार सुसार गरेर ठूलो बनाउँछिन्, त्यस्तै जीवनकै उत्तरार्द्धमा सन्तानले आमाको सोहीअनुरूप सहारा दिनुपर्ने भाव यहाँ सम्प्रेषण भएको छ ।

यो कविताको भाव **आमाको तिर्सना**सँग नजिक छ । आमाको महत्त्वलाई भावका रूपमा प्रस्तुत गर्दै कवि यसरी प्रस्तुत भएका छन् :

ऐया, अब भो !
कति मीठा नमीठा सवालहरूले हिर्काइरहन्छौ !
लौ भैगो म मेरो आत्मै खोलिदिन्छु
हो श्रीमान् ! विकल्प सबै कुराको छ
तर छैन विकल्प जननीको

हुँदैन विकल्प आमाको
आमा निर्विकल्प सत्य हुन् ।[२]

---

२. कृष्णप्रसाद दाहाल,अध्ययनको आलोकमा बीच बाटोमा ब्यूँभेर, पृ. ४

### ई. लयविधान

गद्यलयमा आबद्ध प्रस्तुत कवितामा अन्त्यानुप्रासको संयोजन मात्र नभई छेकानुप्रासको समेत प्रयोग भएको हुँदा लयविधानले गेयात्मकता प्राप्त गरेको देखिन्छ ।

### उ. भाषाशैली

प्रस्तुत कवितामा तत्सम र तद्भव शब्दको छेलोखेलो प्रयोग भएको छ । भाषागत परिष्कारको भने कमी देखिन्छ । सरल र सम्प्रेष्य भाषाको प्रयोग भए पनि माधुर्यताको कमी देखिन्छ ।

### ऊ. कथनपद्धति

प्रस्तुत कविताले प्रथम पुरुषीय कथन पद्धति अपनाएको छ । आफ्नो विचार प्रक्षेपणद्वारा समग्र व्यक्तिहरूको प्रतिनिधित्व गराउन कवि सफल भएका छन् ।

### ए. बिम्ब र प्रतीक

प्रस्तुत कविता “म” पात्रका माध्यमबाट समग्र मानव सन्ततिलाई प्रतीकका रूपमा उभ्याइएको छ । मातृत्वको महत्ता गाउँदै आमा वा आफ्ना जननीजनकको स्याहार सुसार गर्नुपर्ने भाव व्यक्त गर्दै समयलाई कठघराको रूपमा बिम्बात्मक गरिएको छ । अनुप्रासहरूमा छेकानुप्रास र अन्त्यानुप्रासको प्रयोगले मातृत्व भावनाको गहिराइ खोल्ने काम भएको छ ।[३]

## ग. मेरो पहाड

### अ. शीर्षक

प्रस्तुत कविताले पहाडलाई मूल कथ्य बनाई शीर्षक चयन गरेको छ । पहाडको दुखेसोलाई शीर्षकले प्रतिनिधित्व गर्दछ र अर्थ सम्प्रेषण गर्न शीर्षकले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । त्यसैले शीर्षक सार्थक तथा गरिमामय देखिन्छ ।

---

३.. ऐजन, पृ. ५

## आ. संरचना

प्रस्तुत कविता छ अनुच्छेदमा संरचित छ भने यसमा ५६ पङ्क्तिमा आफ्नो आयाम विस्तार गरेको छ । लामो कवितातर्फ हिंड्ने प्रयास गरे पनि मझ्यौला आयाममा चित्त बुझाएको प्रस्तुत कविता गद्य संरचनामा आबद्ध छ ।

## इ. भावविधान

सुखको खोजीमा पहाड छोड्दै सहर पस्दा गाउँहरू रित्तै भएको, त्यहाँका पहाडहरू उजाड हुँदै गएको तथ्यलाई यहाँ प्रस्तुत गरिएको छ । आर्थिक उपार्जनको लागि सहरमा उद्योगभन्दा गरेर वा लाहुरे भएर बस्दा गाउँ सधैं अविकसित र दुःखको भूमरीमा परिरहने तथ्यलाई भावका रूपमा प्रस्तुत कविताले पोखेको छ । गाँउ जतिसुकै रमणीय भए पनि मानिसहरूको सहर भौंतारिने र त्यहीं बिलाउने प्रवृत्तिले गर्दा पहाडहरू फुङ्ग उडेको, कहिले आफूबाट छुट्टिएर गएका, आफ्ना सन्तति आउलान् भनेर पहाडहरू पर्खिरहेको कवि यसरी बताउन पुग्दछन् :

उक्लेर म
सम्झनाको पहाड
आज लौ यो के देख्दैछु !
मैले त मेरो पहाड र दुःख
त्यहीं छाडी आएँ भन्थें
त्यो त सँगै आएछ मसँगै टाँसिएर
अनुहारमै यो अर्को पहाड जन्मेछ
देखेनौ लालबाबु !
हेर त मेरो यो आँखामा ।[४]

## ई. भाषाशैली

प्रस्तुत कविताको भाषाशैली सम्प्रेष्य देखिन्छ । विभिन्न उखान टुक्काको माध्यमबाट कविले विषय बस्तु र भावको उठान गरेको छन् ।[५]

---

४ . गोबिन्दराज भट्टराई, 'बीच बाटोमा ब्यूँझेर' , भूमिका खण्ड
५. कृष्णप्रसाद दाहाल, पूर्ववत्, पृ. ६

### उ. कथनपद्धति

यस कविताको कथनपद्धति "म" प्रथम पुरुषीय कथनपद्धतिको प्रयोग गर्दै समग्र विषयवस्तुहरूको बखान गरिएको छ । प्रकृतिलाई मानवीकृत गर्दै कवि यसरी प्रस्तुत हुन्छन् :

बर्सेनी आगाले खाने वन बनेको पहाड
तैपनि पौरखी पाइलाले टेक्न मानेनन् भनेर
गुनासो गर्दैन मेरो पहाड
मानौं पर्यटककै लागि बनेका हुन्
केवल पासपोर्ट र नागरिकतामा लेखिन उभिएका छन्
मेरो हिमाल र पहाडहरू !
के नागरिकतामा लेखिने जन्मस्थान मात्रै हो पहाड ?
के पासपोर्टमा लेखिने स्थायी ठेगाना मात्र हो पहाड ?
एकपटक पासपोर्ट भएर म तिमीलाई सोच्दैछु
सहर भनेपछि हुरुक्कै हुने सन्तान
किन जन्मायौ पहाड ?[६]

### ऊ. बिम्ब र प्रतीकहरू

प्रस्तुत कविताले पहाडलाई मानवीकृत गरेको हुँदा सम्पूर्ण पहाड गाउँले जननी र गाँउलेहरू तिनका सन्ततिका रूपमा प्रतीकात्मक गरेको छ । अनुप्रासको विन्यासद्वारा पहाड र पहाडी जनजीवनको चित्रण भएको छ । लक्षणा शक्तिले यो कवितालाई माथि उठाएको पाइन्छ ।[७]

६ . ऐजन, पृष्ठ ५
७. ऐजन

## घ. आएँ गुरुजी आएँ !

### अ. शीर्षकः

प्रस्तुत कविताको शीर्षकले 'आएँ गुरुजी आएँ' भनेर यात्राका क्रममा ड्राइभरलाई गाडी हाँक्न तयार भए भनेर भन्न खोजिएको हो । यात्रीहरूलाई आफ्नो गन्तव्यमा पुग्न हतार भइरहेको अवस्थामा कुनै काममा अल्झिएर गाडी चालक आउँदा व्यक्तिहरू रमाउनु स्वभाविकै हो । यसैले शीर्षक सार्थक चयन भएको छ ।

### आ. संरचना

४७ पङ्क्तिमा विस्तारित प्रस्तुत कवितामा पाँच अनुच्छेदहरू रहेका छन् । गद्य संरचनामा आबद्ध भएको प्रस्तुत कविता मध्यमस्तरको  कविता हो । छ हरफदेखि बढीमा १५ हरफसम्मका पङ्क्तिहरू यहाँ संरचित छ ।

### इ. भावविधान

प्रस्तुत कविताले यात्राक्रममा सप्तकोसी, तमोर खोला आदिको पर्यावरणीय दृश्यको भाव प्रकट गर्दै ती दृश्यहरूको अवलोकन र आफ्नो गन्तव्यप्रतीको मोह प्राप्तिमा भूमिका निर्वाह गर्ने सवारी चालकलाई सम्बोधन गर्दै आफ्नो भावभूमि निर्माण गरको छ । कवितामा कविको जन्मस्थलप्रतीको सम्झना उर्लेको पाइन्छ । मानिसहरूले सीमान्तकृत प्रदेशहरू छोड्नुपर्ने बाध्यता, टाढा निस्कनु पर्ने विवशता र सम्झनाहरू उनिएको खिलजस्तै मनभित्र बिझिरहने भाव प्रकट गरेको छ ।[८] यसै क्रममा कवि यसरी पोखिएका छन् :

ऊ..........त्यो ..............जुरूक्कै उठ्ने छाल
तम्बरको छाल जस्तै छ
आस र लास उन्दै आउने भेल
ठ्याक्कै उस्तै छ ।
नाङ्गखोल्याङ पहिरो नाच्दै आएछ ।
पँधेरो जाने गाग्री पनि

---

८ गोविन्द राज भट्टराई, पूर्ववत् भूमिका

नदीले सँगै बगाएर ल्याएछ ।
घेरै छेउमा सधैँ बल्झिरहने
एउटा पहिरो थियो
ऊ पनि मिसिएर झरेछ ।
मलाई खोज्दै ।

## ई. भाषाशैली

प्रस्तुत कविताको भाषा सरल र सम्प्रेष्य रहेको छ । अभिधात्मक अर्थसापेक्ष भाषाले कवितालाई डोहोऱ्याएको छ । यात्राका क्रममा सवारी चलाउने व्यक्तिको सम्बोधनीय भाषाका रूपमा गुरुजी आएको छ । यहाँ प्रस्तुत भएको गुरुजी शब्द ज्ञान दिने शिक्षक नभई व्यक्ति बोलीमा सवारी चालकलाई सम्बोधन गर्ने शब्द हो । त्यसैले यो गुरु शब्दले लाक्षणिक तथा व्यञ्जनात्मक अर्थको अपेक्षा पाठकहरूले गरेमा त्यो त्रुटिपूर्ण हुने देखिन्छ । यहाँ अनुकरणात्मक तथा आगन्तुक शब्द तथा स्थानीय भाषाको प्रयोग पनि हुन पुगेको देखिन्छ ।

## उ. कथनपद्धति

प्रस्तुत कविता प्रथम पुरुषीय र तृतीय पुरुषीय कथनपद्धतिबाट प्रस्तुत भएको छ । 'म' पात्रबाट ऊ पात्रको चित्रण भएको पाइन्छ । 'म' पात्र दुष्ट पात्र हो भने त्यही 'म' पात्रको चित्रणमा ऊ तृतीय पुरुषीय कथनपद्धति आएको छ । त्यसैले यहाँ मिश्रित कथनपद्धतिको प्रयोग भएको पाइन्छ ।

## ऊ. लय विधान

प्रस्तुत कविता गद्यलयमा संरचित भए पनि कविताका केही पङ्क्तिहरूमा अनुप्रास मिलेको पाइन्छ । त्यसैले यसरी प्रस्तुत गर्न सकिन्छ ।

छुट्टिन सप्तकोसीसित
विछोडिन मेरो तम्बरसित

### ए. बिम्ब र प्रतीक

गाउँका स्थानीय बिम्बद्वारा यो कविता माथि उचालिएको छ ।[९] यहाँ सरल र बिम्बात्मक यात्राको वर्णन पाइन्छ ।[१०] यसका साथै विभिन्न प्राकृतिक छटाहरू जस्तै कोसी, तमोर, हाङपाङ आदि पनि बिम्ब र प्रतीकका रूपमा आएका छन् ।

## ङ. सतीढुङ्गानेर अरूण

### अ. शीर्षक

प्रस्तुत कविताले अरूण नदीस्थित सतीढुङ्गालाई शीर्षकको रूपमा चयन गरेको छ । यस शीर्षकले सतीप्रथाको प्रतीनिधित्व गरेको छ । त्यस प्रथाको विसङ्गति र विकृतिको विरोध सङ्केत गर्न शीर्षक सार्थक देखिन्छ ।

### आ. संरचना

प्रस्तुत कविता नौ अनुच्छेद र ८९ पङ्क्तिमा संरचित देखिन्छ । पाँच पङ्क्तिको अनुच्छेददेखि १७ पङ्क्तिसम्मको अनुच्छेद आयाम विस्तार भएको छ । गद्य शैलीमा आबद्ध प्रस्तुत कविताले स्थूल रूपमा योगमाया नारीले सती गएको अरूण खोलाको किनारको ढुङ्गाको चित्रण गरे पनि सूक्ष्मरूपले सम्पूर्ण नारीहरू त्यस सतीयुगमा सती जानुपर्ने अवस्था, विगतदेखि वर्तमानसम्म नारी जातिले भोग्नु परेको यावत् पीडालाई संरचित गरेको छ ।

### इ. भाव विधानः

प्रस्तुत कविताले वीराङ्गना योगमायाले सती गएको र तत्कालीन अवस्थामा नारी जातिको दुर्दशापूर्ण अवस्था नभएको भाव प्रकट गरेको छ । धेरै नारीहरूको जीवनलीला त्यस ढुङ्गामार्फत सती गएका र विगतदेखि वर्तमानसम्मको चित्रण गर्दै कविता अगाडि

---

९. कृष्णप्रसाद दाहाल, पूर्ववत् , पृ. ११

१०. गोविन्दराज भट्टराई, पूर्ववत् भूमिका खण्ड

बढेको छ । नेपालमा सतीप्रथा एक डरलाग्दो अन्धविश्वास भएको, मानिसहरू जिउँदै जलाइएका शरीरहरू हेरेर बस्न विवश भएको भाव प्रकट भएको छ । यहाँ अरूण नदी आफैं मानवीकृत छ । बगेर सती ढुङ्गामा पुग्दा सती जानेको होड देखेर अरूण नदी आफैँ अलमलिएको छ । अन्यमनस्क छ, अनिर्णित अनि अचम्मित पनि छ । एउटा भयप्रद परम्परा र योगमायाको कथा, उनीसँग हाम्फाल्नेको कथा अझै पूरानो भइसकेको छैन ।[११] यसरी कविले कवितात्मक भावविधान गरेका छन् जसको नमूना यसरी प्रस्तुत गर्न सकिन्छ :

सती जाने र मलामीको हूल देखेर
मर्नु बाँच्नुको दोसाँधमा
बग्नु नबग्नुको दोधारमा
मान्छे उचाल्नु धकेल्नुको अर्थ नबुझेर
अहिले म अल्मलिएको छु दोभानमा नभेटेर दोधारमा
आज अचानक
सती ढुङ्गानेर ठोक्किएको छु
अक्मकिएको छु ,छट्पटिएको छु ।
म अरूण !

## ई. भाषाशैली

प्रस्तुत कवितामा थोरै तत्सम र धेरै तद्भव शब्दले प्राथकिता पाएका छन् । अन्त्यानुप्रास अलङ्कारदेखि सरल वाक्य विन्यासले कवितात्मक भावलाई उच्चता प्रदान गरेको छ । भाषाशैली सहज र सरल छ ।[१२]

११. गोविन्द राज भट्टराई, पूर्ववत् भूमिका

१२. कृष्णप्रसाद दाहाल, पूर्ववत् , पृ. ५४

### उ. बिम्ब र प्रतीकको प्रयोग

प्रस्तुत कवितामा ऐतिहासिक बिम्बको प्रयोग भएको पाइन्छ । योगमायाको प्रसङ्गलाई उठाएर समग्र नारी जातिको पीडाको उद्‌बोधन यहाँ भएको छ । नारीहरू आदिम युगदेखि अत्याधुनिक वर्तमान युगसम्म दमित भएको तथ्यलाई प्रस्तुत गर्न बिम्बको प्रयोग सार्थक देखिन्छ । त्यस्तै अरूण नदीलाई मानवीकृत गर्दै त्यस नदीकिनाराको ढुङ्गा विगतदेखि वर्तमान सम्मको प्रतीनिधित्व गर्ने सामाजिक धरातलको प्रतीकको रूपमा आएको छ । यसर्थ यहाँ प्राकृतिक बिम्बको समेत प्रयोग भएको पाइन्छ ।

## च. बूढीकन्याको गन्थन

### अ. शीर्षक

प्रस्तुत कविताले एक अविवाहित नारीको कुण्ठा, पीडा र जीवनशैलीलाई आफ्नो शीर्षकको रूपमा चयन गरेको छ । यो एउटी अविवाहित नारीको आत्मालाप मातृत्वप्रतीको मोह आदिलाई शीर्षकले प्रतीनिधित्व गर्दछ ।

### आ. संरचना

प्रस्तुत कविता तीन अनुच्छेद र ६५ पङ्क्तिमा रचिएको मझ्यौला आयामको कविता हो । बढीमा २४ पङ्क्तिसम्म विस्तारित प्रस्तुत कविता स्थूल रूपमा एउटा नारीको वेदनालाई प्रस्तुत गर्न कवितात्मक संरचनाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

### इ. भावविधान

प्रस्तुत कविताले एउटी अविवाहित अधबैंसे नारीका रहरहरू, उसलाई हेर्ने सामाजिक दृष्टिकोण, उसको मानसिक धारातललाई आफ्नो भावभूमि बनाएको छ । प्रेमिका, पत्नी र आमा हुनबाट वञ्चित नारीको अन्तर्मनको पीडालाई सशक्त किसिमले आफ्नो भावभूमि बनाएको छ ।[१३] कविले प्रतादित नारी व्यथालाई यसरी पोखेका छन् :

> हो ! जीवनमा एक पटक बैंस फुल्नुपर्छ
> तर झ्यालमा बसेर बैंस बित्यो मेरो

१३. ऐजन पृ. ११

थेत्तरो बजिया मसान पो
घरी-घरी मलाई आँखा झिम्काउँछ
उसालई के थाहा !
मैले मेरो बन्धकी जीवन उकासेर
कहाँ आफ्नो पारेकी छु र ' !
नखाएको ऋण चुकाउँदा-चुकाउँदा
जीवन, मैले भोगको छैन ।
पर्खंदा-पर्खदै
रक्तिम सिन्दुर परेकै छैन शिरमा
अझै मैले जीवन थालेकै छैन
कसले किन दियो श्राप मलाई ?
चिनें ढिलै भए नि बैगुनीलाई
खोजिरहेछु अझै भेटेको छैन ।
दिल खोलेर म हाँसेको छैन ।
अझै झुल्केको छैन निधारमा
मिलन बिन्दु रातो टीका !

## ई. भाषाशैली

प्रस्तुत कवितामा तत्सम, तद्भव र मौलिक शब्दहरूको संयोजन गरिएको छ । ती शब्दहरूले कविताको मूल भावलाई डोऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । प्रयुक्त भाषाशैलीले अभिधात्मक तथा लाक्षणिक अर्थसापेक्ष दिएको छ । भाषाशैलीलाई विन्यास गरिएका अन्त्यानुप्रासले मीठो बनाएको पाइन्छ ।

## उ. कथनपद्धति

प्रस्तुत कवितामा प्रथम पुरुषीय कथपद्धतिको प्रयोग भएको छ । बूढीकन्याको आत्मालाप वर्णनमा 'म' पात्र आएको छ ।

### ऊ. बिम्ब र प्रतीक

प्रस्तुत कवितामा प्राकृतिक बिम्ब प्रतीकहरूको प्रयोग भएको छ । ती बिम्ब प्रतीकहरूले नारी मनको अन्तर्व्यथा तथा उसको सामाजिक सांस्कृतिक धरातललाई पर्गेल्ने काम गरेको छ ।

## छ. सतारको सम्बोधन

### अ. शीर्षक

प्रस्तुत कविताले सदियौंदेखि पूर्वी नेपालका जातिमाथि जमिनदारहरूले गरेको शोषणलाई प्रतीनिधित्व गर्ने गरी शीर्षक चयन गरेको छ । मूलतः सतारकै अस्तित्वको प्रश्न उठाउन  शीर्षक अभ्यस्त देखिन्छ ।

### आ. संरचना

प्रस्तुत कविता दुई अनुच्छेद र ४५ पङ्क्तिमा संरचित छ । बढीमा २१ कम्तीमा सात पङ्क्तिका अनुच्छेद विस्तार भएको पाइन्छ । यो मझ्यौला पङ्क्तिको कविता हो । यसले स्थूल रूपमा सतारहरूको पीडाको प्रतीनिधित्व गरे पनि सूक्ष्म रूपमा सम्पूर्ण शोषित, उत्पीडित जनताहरूको पीडा उद्बोधन गरिएको छ । जसलाई कविता संरचनाले सहयोग पुऱ्याएको छ ।

### इ. भावविधान

पूर्वी नेपालका उत्पीडित विस्थापित सतार जातिको पीडा उनीहरूको आधारभूत आवश्यकताहरूबाट वञ्चित भएको शिक्षा, सभ्यता र सम्पन्न जीवन शैलीबाट वञ्चित भएको तथ्यलाई भावभूमि बनाउँदै कविले उत्कृष्ट माया प्रकट गरेका छन् ।

विदाइमा हल्लने ए हातहरू ! पातहरू !
मलाई खोज्दै कोही आए भन्दिनू
यहाँबाट वनसाङ्लाका पिरले
दुःखेको मन माटामै पुरेर
घर साङ्लो कतै हिँडेछ
चुँडाएछ घाँटीको दाम्लो अनि
वस्तुभाउ पनि खोलिदिएछ

सतार साथी मेची तरेछ

यसरी एउटा मन

हेर्दाहेर्दै आँखैबाट पोखिएछ ।[१४]

यसै गरी मातृभूमि छोडेर बिदेसिनु पर्ने पीडा, देशको सामाजिक, राजनीतिक अवस्थाको भयावह चित्र प्रस्तुत गर्दै कविले उनीहरूप्रति संवेदना प्रकट गर्दै यस्तो अभिव्यक्ति प्रस्तुत गर्दछन् :

भूगोल जोड्ने

मेची पुल तरेर

बिछोड हुँदा पनि

कसैका मायाले रोकेनन्

नदीमाथि कोरेका सीमाले

कतै छेकेनन्

म सतार !

गएँ आफैँलाई बिर्सेर

जब आफ्नो माटामा

आफैँ बिरानो भएपछि

मेरो हिँड्ने बाटो नै

परदेश लागेपछि

अस्तित्व खोसिएपछि

१४. ऐजन पृ. ६

नाता-नागरिकता नभेटेर

चपाइएपछि/धपाइएपछि

म आदिवासी !

ताराझैँ झरेँ

मेचीनदी तरेँ ।[१५]

## इ. भाषाशैली

प्रस्तुत कवितामा सरल झर्रा शब्दहरूको प्रयोग पाइन्छ । अनुप्रासीय शब्द संयोजनद्वारा आन्तरिक लय यहाँ बढी ध्वनित भएको छ । व्यञ्जना शैलीको दृष्टिले यो कविताले आफ्नै किसिमको स्थान सुरक्षित राखेको छ ।[१६]

## उ. कथनपद्धति

प्रस्तुत कविताले 'म प्रथम पुरुषीय कथन पद्धति अँगालेको पाइन्छ । 'म' कै माध्यमबाट सम्पूर्ण सतार जातिको कथा कथिएको छ ।

## ऊ. बिम्ब र प्रतीक

प्रस्तुत कविताले सतार जातिको समस्याको चित्रण गरिरहँदा सम्पूर्ण दमित, शोषित पीडित जनताहरूको प्रतीनिधित्व उक्त चित्रणले गर्न पुग्दछ । सतार यसर्थ अन्य जातिका मानिसहरूका प्रतीकका रूपमा आएको छ । कवितामा शोाषित, उत्पीडित जनतालाई दमन गर्ने शासन व्यवस्थाको बिम्ब पनि सँगसँगै आएको पाइन्छ । यहाँ प्राकृतिक सांस्कृतिक आदि बिम्बहरूको प्रयोग भएको छ ।

१६. कृष्णप्रसाद दाहाल, पूर्ववत् , पृ. ७

१५. गोविन्दराज भट्टराई, पूर्ववत्

## ज. चिरप्रतीक्षित यौवन

### अ. शीर्षक

प्रस्तुत कविताको शीर्षकले साँझ पर्ने बित्तिकै सुरु हुने यौनको बन्द व्यापारलाई सङ्केत गर्दछ । यौनको खरिददार र बिक्री गर्न बसेका मानिसहरूको प्रतीक्षालाई शीर्षकले सङ्केत गरेको छ । त्यसैले शीर्षक सार्थक देखिन्छ ।

### आ. संरचना

प्रस्तुत कविता ३० पङ्क्तिमा संरचित छ भने तीन पङ्क्तिदेखि १४ पङ्क्तिसम्मको अनुच्छेद योजना निर्माण गरिएको छ । पाँच अनुच्छेदमा आबद्ध प्रस्तुत कविताले मध्यशैलीको आयाम अँगालेको छ ।

### इ. भावविधान

समाजको विकाससँगै मौलाउँदै आएको यौन व्यापारलाई यसले आफ्नो भावभूमि बनाएको छ । हिजोको तानाशाही दासताको युग समाप्त भएर लोकतान्त्रिक युगको उदय भएको यथार्थलाई कविले यौवनको संज्ञा दिँदै विसङ्गतिपूर्ण यौन बजारको नियतिलाई भाव विधान बनाएका छन् । यसलाई कविले यसरी अभिव्यक्त गरेका छन् :

> आज
> बिहानी घाम झैं टल्केको उसको यौवन
> छुन खोज्दैछन् तनहरू, मनहरू
> आफूलाई थाम्न नसकी
> छाम्न खोज्दैछन् उसका बैंसलाई
> बैंसालु बन्दै दर्शकहरू
> सबै उक्लँदैछन् रङ्गमञ्चमा
> लम्कँदैछन् गला लाग्न
> चिरप्रतीक्षित नौलो अनुहारसित,

यसरी सबै आतुर छन्
सम्साँझै खुल्लम खुल्ला
यौवनको स्वाद चाख्न ।

## ई. भाषाशैली

सरल भाषिक प्रयोगद्वारा गहन भावको यहाँ संयोजन भएको छ । छेकानुप्रास अलङ्कारको प्रयोगले गहनतामा महकता थपेको छ ।[१७] शृङ्गारिक तथा प्रणयभाव प्रकट गर्ने शब्दहरूको चयन भएको छ । ती शब्दहरूको चयनले कवितात्मक माधुर्य प्रदान गरेको देखिन्छ ।

## इ. कथनपद्धति

प्रस्तुत कविताको कथनपद्धति तृतीय पुरुष शैलीमा आबद्ध छ । 'ऊ' सर्वनामको प्रयोगद्वारा भावहरूको अभिव्यक्ति गरिएको छ ।

## ऊ. बिम्ब र प्रतीक

प्रस्तुत कविता बिम्ब र प्रतीकहरूको संयोजनबाट बनेको छ । शृङ्गारिक भावहरूको प्रस्तुति मूलकथ्य भए पनि यौवनलाई वि. सं. २०६२/६३ पछिको आन्दोलनबाट उर्लेको उन्मादको प्रतीकको रूपमा यहाँ चित्रण गरिएको छ । यो प्रतीक सूक्ष्म तथा स्थूल दुवै रूपले प्रकट भएको छ । समाजमा व्याप्त हुँदै गएको खुल्ला यौनव्यापारको प्रतीनिधित्व गर्न बिम्बहरूको प्रयोग सार्थक रूपमा भएको छ । प्राकृतिक एवम् सांस्कृतिक बिम्बहरूका प्रयोग समेत भएको पाइन्छ । यहाँ कवि सुब्बाको प्रजातन्त्रलाई यौवनको प्रतीकको रूपमा पनि प्रस्तुत गरिएको छ ।[१८]

---

१७. कृष्णप्रसाद दाहाल, पूर्ववत्  पृ. ८
१८. ऐजन पृ. ८

## झ. जालहारी र माछा

### अ. शीर्षक

प्रस्तुत कविता निम्नवर्गीय जनजीवनको नियतिवादी दृष्टिकोणबाट चित्रण गर्न सार्थक देखिन्छ । शीर्षकले निम्न वर्गीय जनताहरूको पीडालाई सङ्केत गर्न सफल भएको छ । समय, जाल र माछो मानिस हो भनेर समेत शीर्षकले सङ्केत गरेको छ ।

### आ. संरचना

प्रस्तुत कविता दुई अनुच्छेद र २० पङ्क्तिमा आबद्ध छ । तीन पङ्क्तिका अनुच्छेद देखि ६ पङ्क्तिका अनुच्छेदसम्म कविताले आफ्नो आयाम विस्तार गरेको छ । मध्यम स्तरमा संरचित प्रस्तुत कविताको संरचनाले कवितामा महकत्ता थपेको छ ।

### इ. भावविधान

प्रस्तुत कविताले गरिब, निमुखा, निम्न वर्गीय चरित्रहरूको पीडा र मानवेतर प्राणीहरूमाथि मानिसहरूले गर्ने दमनलाई हरदम सङ्घर्ष गरिरहन्छन् । गरिबीको कारणले एक अर्काको शत्रुका रूपमा मानवीय मूल्य र मान्यता बिर्सेर एकअर्कालाई मार्न र अस्तित्व समाप्त पार्न लागिपरेका हुन्छन् ।[१९] कवि यस मानवीय दुर्दशालाई यसरी प्रस्तुत गर्छन् :

के गर्नु पापी पेट मानेन भन्दै
जालहारीले
जाल फाल्यो पोखरीमा
माछा मार्‍यो, बेच्यो
साँच्चै उसको पेट
कहिल्यै भरिएन,
आज पनि ऊ भोकै छ
गरिबी छ उस्तै

१९. ऐजन पृ. १३

हातमा जाल पनि उही छ
कसले बताए उसले सुन्ला !
पोखरीका ती माछा सकिएपछि
सिद्धिने छ ऊ पनि त्यही दिन ।

मानवीय दुःख, चिन्ता यहाँ प्रस्तुत भएका छन् । मानिसहरू आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहेका छन् । शासकहरूले जनताहरूलाई माझीले माछा जालमा पारेजस्तै शासन व्यवस्थाको चङ्गुलमा पारेर शोषण गरिरहेको यथार्थलाई कविले यहाँ पुकारान्तर रूपमा प्रस्तुत गरेका छन् ।[२०]

## ई. भाषाशैली

प्रस्तुत कवितामा सरल भाषाशैलीको प्रयोग भएको छ । जसले गर्दा कविता सम्प्रेष्य छ । भाषाहरूको संयोजनले भावहरूको सम्प्रेषणमा महत्त्वपूर्ण भूमिका खेलेको छ । अन्त्यानुप्रासीयताको कमी कवितामा रहेको कारण कविता गेयात्मकता देखिँदैन ।

## उ. कथनपद्धति

प्रस्तुत कविता प्रथम पुरुषीय तथा तृतीय पुरुषीय कथनपद्धतिमा संरचित छ । 'म ' पात्रले माछाहरूसँग गरेको आत्मालापसमेत प्रस्तुत छ भने माछाहरूले माझीसँग गरेको आत्मालाप र संवाद माछाहरूलाई मानवीकृत गरी प्रस्तुत गरेको छ ।

२०. ऐजन पृ. १४

माछाहरूलाई 'म' पात्रले 'ऊ' र माछाहरूले 'म' पात्रलाई 'ऊ' भनेर सम्बोधन भएकोले यहाँ मिश्रित कथनपद्धति रहेको छ । माछाको माध्यमबाट माझीको नियतिपूर्ण जीवनको कथन भएको छ भने माछा नमारी आफ्नो जीविका नचल्ने कथन 'म' पात्र वा माझीले व्यक्त गरेको छ ।

### ऊ. बिम्ब र प्रतीक

प्रस्तुत कविताले माछालाई शोषित उत्पीडित मानवहरूको प्रतीकको रूपमा प्रस्तुत गरेको छ भने माझीलाई शासकको रूपमा प्रतीकात्मक गरेको छ । सोझो अर्थमा माझी र माछालाई संवादमा होम्याए पनि त्यसले सम्पूर्ण सामाजिक वर्गद्वन्द्वको प्रतीनिधित्व गर्छ भने माछा र माझीको बिम्बद्वारा मानवीय प्राणीले मानवेतर प्राणीमाथि गर्ने दमनलाई पनि

यहाँ प्रस्तुत गरिएको छ ।

## ञ. मुकुन्डो आतङ्क

### अ. शीर्षक

प्रस्तुत कविताको शीर्षकले जनयुद्धको बेला विभिन्न नामबाट हुने चन्दा आतङ्क र छापामार युद्धलाई प्रतीनिधित्व गर्छ भने एउटा अनुहारको खोल ओढेर वास्तविक स्वरूप लुकाउने प्रवृत्तिको समेत प्रतीनिधित्व गर्छ ।

### आ. संरचना

प्रस्तुत कविता चार अनुच्छेद र ५० पङ्क्तिमा आबद्ध छ । १० पङ्क्तिको अनुच्छेददेखि १९ पङ्क्तिको अनुच्छेद योजनासम्म कविताले आफ्नो आयाम विस्तार गरेको

छ । यो मझ्यौला आयाम भएको कविता हो ।

### इ. भावविधान

प्रस्तुत कविताले मुकन्डोको भेषमा युद्धको आतङ्क मच्चाउने १० वर्षे जनयुद्धलाई आफ्नो भावभूमि बनाएको छ । नामै प्रस्ट रूपमा थाहा नपाइएका नेतृत्वको आडमा तिनको कार्यकर्ताहरूले गर्ने जनयुद्ध सञ्चालन र त्यसको परिणतिले निम्त्याएको भय र त्रासलाई भावका रूपमा कवि प्रकट गरेका छन् । कविले यसरी प्रस्तुत गर्दछन् :

के यो कुरूक्षेत्र हो ?

जताततै

मुकुन्डोमा छेलिएर मान्छे

मान्छेलाई नै तर्साइरहेछन्

आपसमा तीर, पीर सबै बर्साइरहेछन्

अनगिन्ती निसानाबाट जोगिँदै

कताकता भागौं म ?

डसिंदै कहाँ कहाँ लखेटिइयौं म ?

चिन्दिनँ खै ! को मान्छे ? को हो !

युद्धको चित्रण गर्दै मानिसले त्यसबेला आफ्ना यथार्थ, सहज र प्राकृतिक रूपलाई लुकाउँदै छद्‌ममेषमा, अर्को रूपमा अपराधतिर ती ओर्लेका छन् । १० वर्षको यसै परिस्थितिगत भाव कवितामा देखिन्छ ।[२१] जनताहरू युद्धबाट दोहोरो मारमा परेको भाग्दाखेरि भाग्ने ठाउँ नभएको, त्रास र आतङ्कले आहत भएको भाव प्रकट गर्दै कवि यसरी प्रस्तुत हुन्छन् :

म अघोषित युद्धमा धकेलिएको छु

बच्नलाई अर्थात् बाँच्नलाई नै

मुकुन्डाबाट लखेटिएको छु ।

यहाँ १० वर्षे जनयुद्ध नेपालीहरूका लागि महङ्गो सावित भएको भाव प्रकट भएको छ ।

२१. गोविन्दराज भट्टराई, पूर्ववत्

### ई. भाषाशैली

सरल र सम्प्रेष्य भाषाशैलीको प्रयोग भएको छ । अभिधा, लक्षणा र व्यञ्जना शक्तिको संयोजनले भाषाशैलीमा महत्ता थपेको छ । पदावली संरचनाले कवितामा सरलता निम्त्याएको छ । अन्त्यानुप्रासीय शैली विशृङ्खलित भए पनि मूल भाव र भाषाशैलीगत प्रयोगलाई आघात पुऱ्याएको छैन ।

### ङ. कथनपद्धति

यहाँ प्रथम पुरुषीय कथनपद्धतिको प्रयोग भएको छ । 'म' पात्रले समग्र उत्पीडित युद्धआतङ्कित नेपालीहरूको प्रतीनिधित्व गर्दै आत्मालाप कथेको छ । कथनपद्धतिले भावविधानलाई प्रस्ट्याउन मद्दत पुऱ्याएको छ । समाजका युद्धपिपासुहरूको चरित्रलाई बयान गर्न 'म' पात्र अभ्यस्त रहेको देखिन्छ ।

### ऊ. बिम्ब र प्रतीकको प्रयोग

यहाँ बिम्ब र प्रतीकहरूको भरमग्दुर प्रयोग भएको छ । युद्धमा अभ्यस्त छापामारहरूको प्रतीकका रूपमा मुकुन्डो आएको छ । 'म' पात्रको प्रयोगले सम्पूर्ण युद्ध आतङ्कित जनताको प्रतीनिधित्व गरेको छ । युद्धमा अभ्यस्त सिपाहीहरू तथा छापामारको भेष र नाममा हुने आपराधिक कार्यका प्रतीकका रूपमा मुकुन्डो आतङ्क आएको छ । यो प्रतीकात्मक तथा लाक्षणिक अर्थ सम्प्रेषण गर्ने बिम्बात्मक कविता हो ।

## ट. २०६३ सालको आयतन

### अ. शीर्षक

प्रस्तुत कविताको शीर्षकले जनआन्दोलनपश्चात् आगमन भएको लोकतन्त्र वा गणतन्त्रले भित्र्याएको विकृतिको चित्रण गरेको छ । यसैलाई सङ्केत गर्दै १० वर्षे जनयुद्धको व्यथालाई शीर्षकले सङ्केत गर्दछ ।

### आ. संरचना

प्रस्तुत कविता छ अनुच्छेद र ४५ पङ्क्तिमा संरचित छ । चार देखि १५ पङ्क्तिका अनुच्छेद योजना कवितामा भएको छ । प्रश्न चिन्ह र उद्घार चिन्हको धेरै प्रयोग भएको पाइन्छ । यो मध्यम खालको आयाम विस्तारमा आबद्ध कविता हो ।

### इ. भावविधान

२०६३ सालको परिवर्तनले जुन आमूल रूपान्तरण हुनुपर्ने हो त्यो नभई तत्कालीन युद्धको दम्भ र आतङ्कको अवशेष कायमै रहेको, राजनैतिक अस्थिरता छाउँदै जाँदा देशको आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण अधोगतितर्फ लागेको, जसबाट जनताहरू निराश हुँदै गएको तथ्यलाई कविताले आफ्नो भाव प्रकट गरेको छ । साम्प्रदायिक द्वन्द्वहरू उब्जिदै गएकोतर्फ पनि कविले आफ्नो भाव प्रकट गरेका छन् । यसलाई कवि यसरी प्रस्तुत गर्छन् :

आदिवासी जागे माथि पहाडतिर

उता जङ्गलमा भने गैंडा भकाभक मरे
बेलबारीमा नारीलाई घरैबाट घिसारियो, लुटियो र मारियो
झोसियो नेपालगञ्जबाट साम्प्रदायिकताको पुल्ठो
अनिश्चितकालीन कर्फ्युमा महिनौं गुम्सिए सहरहरू
चक्काजाम र बन्दमा मजदुर भोकभोकै बसे
तैपनि वाणीप्रकाशनले जन्माइरह्यो साहित्यकारहरू
नागरिकता प्रमाण पत्र घरघर गयो
र थकित-चकित भएर फर्कियो ।

मानिसहरूले पाएको सास्ती, बन्दहड्ताल गतिरोधतालाई प्रस्तुत गर्दै कवि यसरी अभिव्यक्त हुन्छन् ।

भर्दाभर्दै क्यालेन्डर बन्दैबन्दले भरियो ।
अनिश्चितकालीन बन्द घोषित सडकमा
डराईडराई दौडियो एम्बुलेन्स

चिकित्सकविहीन अस्पतालमा

मेरो देश बोकेर ।

### ई. भाषाशैली

प्रस्तुत कवितामा अभिधात्मक भाषाको प्रयोग भएको छ । लामा र छोटा पङ्क्तिगत संरचनाले भाषाको प्रस्तुतीकरणमा सहजता थपेको छ । अभिधात्मक तथा लक्षणात्मक अर्थसापेक्ष गर्न कविताको भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

### ऊ. कथनपद्धति

प्रस्तुत कविता प्रथम पुरुषीय कथनपद्धतिमा आबद्ध छ । 'म' प्रथम पुरुषले २०६३ साल अगाडि पछाडिको पर्यावरणीय अवस्थाको कथन गरेको छ । सो कथनमा १० वर्षे जनयुद्ध र तत्पश्चात्को राजनीतिक गतिरोधताको बखान 'म' प्रथम पुरुष पात्रबाटै भएको छ ।

### ऊ. बिम्ब र प्रतीक

प्रस्तुत कवितामा विभिन्न पर्यावरणीय बिम्ब र प्रतीकहरूको प्रयोग भएको छ । यसमा चेसबोर्डले समग्र राजनीतिक खेलको प्रतीनिधित्व गर्दछ । यहाँ क्यालेन्डर समयको प्रतीकका रूपमा प्रस्तुत भएको छ । साम्प्रदायिकताको प्रतीकका रूपमा आदिवासी तथा जनजातिको चर्चा भएको छ । यहाँ प्रयोग भएका प्रतीक र बिम्बहरू सतही रूपमा प्रस्तुत भएका छन् । बिम्ब र प्रतीकहरूको प्रयोग त्यति उच्च किसिमको भने छैन ।

## ठ. कुष्ठरोगी बस ! मेरो कवितामा

### अ. शीर्षक

प्रस्तुत कविताले मानवीय चिन्तनलाई सङ्केत गर्ने शीर्षक चयन गरेको छ । कुष्ठरोगीको कथाव्यथालाई शीर्षकले प्रतीनिधित्व गर्दछ ।

### आ. संरचना

प्रस्तुत कविता तीन अनुच्छेदमा संरचित छ । यहाँ १९ हरफहरूले विस्तारित रूप पाएको छ । बढीमा नौ र घटीमा चार पङ्क्तिको अनुच्छेद योजना पाइन्छ । प्रश्न चिन्ह र उद्गार चिन्हको प्रयोगले कविताको भावलाई सङ्केत गरेको पाइन्छ ।

## इ. भावविधान

प्रस्तुत कविताले कुष्ठरोगीहरलाई समाजले गर्ने अपहेलना, तिरस्कार, बहिस्कार आदिलाई आफ्नो भावभूमि बनाएको पाइन्छ । कुष्ठरोग पूर्वजन्मको कर्म हो भनी भन्ने अन्धविश्वासी परम्पराको विरोध र व्यङ्ग्य गर्न कविताको विषयवस्तुले सफलता पाएको छ । उनीहरूलाई ( कुष्ठरोगी) माया, सहयोग र सौहार्दपूर्ण व्यवहार गर्नुपर्ने, उनीहरूको रोग मात्र रोग हो, पूर्वजन्मको कर्म होइन समयमा नै उपचार गरियो भने रोग निको हुन्छ भन्ने भाव कवितामा अभिव्यक्त भएको छ । कविले यस कवितामा मानवतावादी दर्शनलाई प्रस्तुत गरेका छन् ।[२२] कविले मानवतावादी धारणा यसरी प्रस्तुत गरेका छन् :

बस, नरोई बस
नडराई बस !
म यो अत्याचारविरुद्ध
शास्त्रको भण्डाफोर गर्दैछु
अन्याय, अन्धविश्वास च्यातेर
तिम्रा घाउमा मलमपट्टी गर्दैछु ।

ए कुष्ठरोगी बहिनी !
तिमीलाई समाजले धपाए पनि
नडराई बस मेरो कवितामा
नरोई बस मेरो रचनामा ।

## ई. भाषाशैली

यस कवितामा सरल र सुबोध्य भाषाशैलीको प्रयोग पाइन्छ । भाषाहरूले अभिधात्मक र लाक्षणिक अर्थसापेक्ष गरेको छ ।

---

२२. कृष्णप्रसाद दाहाल, पूर्ववत् , पृ. ५०

### उ. कथनपद्धति

प्रस्तुत कवितामा प्रथम पुरुष र द्वितीय पुरुष कथन पद्धतिको प्रयोग भएको पाइन्छ । 'म' सर्वनामले कुष्ठरोगीहरूलाई तिमी द्वितीय पुरुषीय सर्वनामबाट सम्बोधन गरेको छ । 'म' पात्रको कथनमा कुष्ठरोगीहरूको चर्चा  भएको पाइन्छ ।

### ऊ. बिम्ब र प्रतीक

यहाँ कुष्ठरोगीहरूलाई कथ्य बनाई मानवतावादको प्रतीष्ठापन गर्न खोजिएको छ । खासै बिम्ब प्रतीकहरूको प्रयोग नभए पनि कुष्ठरोगीहरूको व्यथालाई आफ्नो कविताका शब्दहरूमा आश्रय दिने आशय कविले व्यक्त गरेका छन् ।

## ड नालीको चिट्ठी

### अ. शीर्षक

प्रस्तुत कविताले सामाजिक व्यवस्था र सहरी फोहोरमैलाको झमेलालाई शीर्षकको रूपमा चयन गरेको छ । यी शीर्षकले सहरको फोहोरमैलाको समस्यालाई सङ्केत गरे पनि प्रतीकात्मक रूपमा हाम्रो आधुनिक सामाजिक रुग्ण व्यवस्थाको सङ्केत गरेको देखिन्छ ।

### आ. संरचना

प्रस्तुत कविता ३५ पङ्क्तिको मझ्यौला आकारमा संरचित छ । चार अनुच्छेदमा विभक्त यस कविता कम्तीमा सात हरफदेखि बढीमा १४ हरफसम्म विस्तारित छ । अन्त्यानुप्रासीय संरचना विशृङ्खलित छ ।

### इ. भावविधान

प्रस्तुत कविताले सहरी सभ्यताको घिन लाग्दो पर्यावरणलाई आफ्नो भावभूमि बनाएको छ । हाम्रो सामाजिक संरचना रुग्ण हुँदै गइरहेको, यहाँ अवस्थित मानवहरू त्यही रुग्ण र दुर्गन्धित नालीमा जीवनको सङ्घर्षलाई डोऱ्याइरहको भाव प्रकट भएको छ । "त्यहाँ जीवन कति निकृष्ट र निम्नगर्तमा छ, विवश अनि व्यङ्ग्यपूर्ण छ । कवि सहरको नालीझैं जीवन  घिसारिरहेका  छन्, योजनाकार आउँछन्,  जान्छन्, उनी नाली भएर चिठ्ठी

लेख्छन् ।"[२३] कविताको मूल भाव यही भए तापनि कवि सुब्बाले सहरको नाटकीय दुर्गन्धपूर्ण पर्यावरणको चर्चा गरेका छन् । यहाँ स्थूल भाव प्रकट भएको छ । यो भाव परिधीय भावविधान हो । "नालीलाई मानवीकरण गरेर लेखिएको कविता हो । नालीहरूको संरक्षण सम्वर्द्धन नहुँदा सहरी सभ्यतामाथि मात्रै होइन बाटामा हिंड्ने हरेक मानिसलाई आज स्वास्थ्यसम्बन्धी प्रतिकूल असर पारिरहेको छ ।"[२४]

यसरी सूक्ष्म र स्थूल भावविधान गरिएको कवितामा कवि सुब्बा आफ्नो अभिव्यक्ति यसरी दिन पुग्छन् :

बाटामा छरपस्ट बग्दा पनि
मलाई बाटो दिएनन् कसैले
बरु मुख छोप्दै हिँड्छन् बटुवाहरू
सडकमा ओभानो खोज्दै
छि : छि : दुर-दुर गर्दै हिँड्छन् यात्रीहरू
उता इन्जिनियर घोत्लिएका घोत्लियै छन्
काइदाको फाइदा मिल्ने भो भन्दै
ठेकेदार इस्टमेटको जाली सधैं बुन्छन्
हरसाल नेता आउँछन् जान्छन्
म नाली अहिलेसम्म
जहाँको त्यही छु
मनसुनसँगै हरसाल बल्भिन्छु

२३. गोविन्दराज भट्टराई, अध्ययनको आलोकमा 'बीच बाटोमा ब्यूँफेर' (२०६७), भूमिका खण्डमा
२४. कृष्णप्रसाद दाहाल, पूर्ववत् , पृ. ३७

आन्दोलनझैं घरीघरी उर्लिन्छु
निकास कहिल्यै ननिस्कने
बस् राजनीतिजस्तै
भएको छ नियति मेरो पनि !

### ई. भाषाशैली

प्रस्तुत कविता पत्रात्मक शैलीमा लेखिएको छ । ठाउँठाउँमा अन्त्यानुप्रासीय अलङ्कारको विन्यासको साथै सुन्दर पदावलीहरूको प्रयोगद्वारा कविता आकर्षक बनेको देखिन्छ । प्रयुक्त भाषाहरूले अभिघा शक्तिद्वारा पनि विषयको गाम्भीर्यता पस्कन कवि सफल भएका छन् ।[२५]

### उ. कथनपद्धति

प्रस्तुत कविताको कथनपद्धति प्रथम पुरुषीय देखिन्छ । 'म' प्रथम पुरुषले पत्रात्मक शैलीमा कवितात्मक भाव कथाको पाइन्छ । उक्त कथनमा एकातिर सहरी दुर्गन्धित समाजको चित्रण आएको छ भने अर्कोतिर सामाजिक रुग्ण परिस्थितिको आँकलन भएको

छ ।

### ऊ. बिम्ब र प्रतीकको प्रयोग

प्रस्तुत कविता बिम्बात्मक कविता हो । यहाँ नालीलाई सामाजिक धरातलको प्रतीकको रूपमा प्रस्तुत गरिएको छ । हाम्रो मानवीय सभ्यतालाई वा सामाजिक व्यवस्थालाई नालीका रूपमा चित्रित गरिएको छ । 'म' पात्र नालीको रूपमा आफूलाई परिचय गराउँछ । यहाँ भएका मानव समुदाय एउटा चिट्ठी नै हो भनी प्रतीकात्मक अर्थ कविले दिएका छन् ।

---

२५. कृष्णप्रसाद दाहाल, पूर्ववत् , पृ. ३७

## ढ. मन्दिरमा

### अ. शीर्षक

प्रस्तुत कविताको शीर्षकले मानवीय सेवा र मानवतावादलाई सङ्केत गर्दछ । मानिसको सेवा गर्नु नै देवतीर्थ गर्नु हो भन्ने सङ्केत शीर्षकले आँकलन गरेको छ ।

### आ. संरचना

प्रस्तुत कविता दुई अनुच्छेद र २४ पङ्क्तिमा संरचित छ । यो मध्यम आयामा विस्तार भएको कविता हो ।

### इ. भावविधान

प्रस्तुत कविताले मानिसहरूको सेवा गर्नु, उनीहरूको दुःख, पीडाहरूमा साथ र सहयोग दिनु ईश्वरको भक्ति गर्नु हो । दुःखीहरूको घर दैलोमा गएर उनीहरूको रोग, भोग र शोकमा साथ दिनु धर्म हो । तिनीहरूको घर आँगन नै मन्दिर हो भन्ने भाव प्रकट गरेको छ । “महाकवि लक्ष्मीप्रसाद देवकोटाको ‘यात्री’ कविताको नजिक छ -‘मन्दिरमा’ यस कवितामा कवि सुब्बाले ईश्वरीय सत्तामाथि प्रकाश पारेका छन् :

> भगवान् एकातिर
> भिखारी भेषमा धुरु धुरु रोएका छन्
> अर्कातिर बच्चको ओठमा मुस्कुराएका छन्
> ईश्वरका रूपहरू देखेर
> म साँच्चै अलमलिएको छु यस बेला
> खै कतातिर फर्कर ढोगौँ ।
> कता फकाउँ पिठ्यूँ
> कतातिर फर्कर गरौं पूजा !
> मन्दिरमा ।

मानव सेवा नै ईश्वरीय सेवा अर्थात् पूजा हो भन्ने सन्देश यस कवितामा दिइएको छ ।"[२६] यसरी प्रस्तुत कविता मार्फत कवि सुब्बाले मानवतावादी अभिव्यक्ति दिएका छन् ।

### ई. भाषाशैली

प्रस्तुत कवितामा तत्सम् र तद्भव शब्दहरूको प्रयोग भएको छ । अभिधा शक्ति र सरल पदावलीले कवितालाई मार्मिक बनाएको छ ।

### उ. कथनपद्धति

प्रस्तुत कविताको कथनपद्धति प्रथम पुरुषीय देखिन्छ । 'म' प्रथम पुरुषको व्याख्यामा मानवतावादी धारणाको प्रस्फुटन भएको छ ।

### ऊ. बिम्ब र प्रतीकको प्रयोग

यस कवितामा खासै बिम्ब र प्रतीकको प्रयोग देखिँदैन । वर्णनमा आएको ईश्वर, मन्दिर, माघ, भक्त, आदिले कुनै प्रतिकात्मक अर्थ नदिई सोझो अर्थ दिएकाले यो बिम्ब र प्रतीकको शून्यतासहितको कविता हो ।

## ण. राउटेको मन

### अ. शीर्षक

प्रस्तुत शीर्षकले आधुनिक सभ्यताबाट बाहिर रहेका राउटे जातिको अन्तर्मनको व्यथालाई सङ्केत गर्दै तिनका अवस्थितिको चित्रणलाई सङ्केत गरेको छ ।

### आ. संरचना

प्रस्तुत कविता चार अनुच्छेदमा विभक्त देखिन्छ । यो कविताले ३३ पङ्क्तिमा आफूलाई विस्तारित गरेको छ ।

२६. ऐजन पृ. ३४

## इ. भावविधान

प्रस्तुत कविताले आधुनिक भौतिकवादी सभ्यताबाट आफूलाई टाढा राखेको, जङ्गल नै उनीहरूको छुट्टै ब्रम्हाण्ड भएको, जङ्गलमा भएको कन्दमूल खाँदै ओडारहरूमा बस्नु नै उनीहरूको स्वीकृतिमूलक नियति भएको भाव प्रकट गरेको छ । आधुनिक जटिलताबाट उनीहरू भाग्दै गरेको तथ्यलाई यहाँ चित्रित गरेको छ । राउटेहरू प्रकृतिका सन्तान हुन् भन्ने तथ्यलाई पनि यहाँ उजागर गरिएको छ । कविले राउटेहरूको नियतिको चर्चा गदै यस्तो भाव अभिव्यक्त गर्दछन् :

नच्याऊ मेरो नाङ्गोपन
ढाक्न नखोज रङ्गीन कपडाले
मैले छोप्नु छैन लाज
नचिथोर मलाई
र मेरो संसारलाई !
यत्तिकै छाडिदेऊ
तिमी वा अरू कोही
बन्नुपरेको छैन मलाई
मलाई म नै रहन देऊ

## ई. भाषाशैली

प्रस्तुत कवितामा सरल पदावलीबाट यस कवितालाई हिँडाउने काम भएको छ । अभिधा शक्तिको माध्यमबाट पनि कवि विषयवस्तुहरूको प्रस्तुतितिर सफल भएका छन् ।

## उ. कथनपद्धति

प्रस्तुत कविताले प्रथम पुरुषीय कथनपद्धति अँगालेको पाइनछ । राउटेहरूलाई 'म' प्रथम पुरुषीय सर्वनामको माध्यमबाट प्रस्तुत गर्दै आधुनिक मानव सभ्यतासँग उनीहरूले गरेका गुनासालाई कथन पद्धतिले अगाडि ल्याएको छ ।

### ऊ. बिम्ब र प्रतीकको प्रयोग

राउटेहरूलाई अगाडि सार्दै आधुनिक सभ्यतासँग उनीहरूको व्यवहारिकताको तुलना गर्ने क्रममा कविले आधुनिक मानव सभ्यताको जग त्यस्तै राउटेहरूको नियतिबाट सुरु भएको कुरालाई प्रकट गरेका छन् । राउटेहरू आधुनिक सभ्यताको बिम्ब भएको सङ्केत यहाँ पाइन्छ । प्राकृतिक चित्रण गर्ने क्रममा प्राकृतिक बिम्बहरू आएका छन् । तर पनि व्यञ्जनात्मक अर्थसापेक्ष हुने बिम्ब प्रतीकहरूको शून्य देखिन्छ ।

## त. हाकिम

### अ. शीर्षक

प्रस्तुत कविताको शीर्षकले एउटा अधिकृतको दिनचर्या र उसले भोग्नुपरेका कठिनाइ तथा आफ्नो सहकर्मीहरूसँग भएको सम्बन्धलाई प्रतीनिधित्व गर्दछ ।

### आ. संरचना

प्रस्तुत कविता दुई अनुच्छेदमा विभक्त मुक्तक शैलीको देखिन्छ  आठ-आठ पङ्क्तिको अनुच्छेद योजना भएको यस कविताले १६ पङ्क्तिमा आफूलाई विस्तारित गरेको छ । अन्त्यानुप्रासीय संरचनालाई यसले अङ्गालेको पाइन्छ ।

### इ. भावविधान

प्रस्तुत कविताले एक कर्तव्यनिष्ठ, इमान्दार, परिश्रमी हाकिमले आफ्ना भ्रष्ट सहकर्मीहरूसित बिताउनु पर्ने समय, गर्नुपर्ने क्रियाकलाप र उनीहरूले आफूप्रति गर्ने व्यवहार र राख्ने सोचाइलाई यहाँ भावका रूपमा विधान गरिएको छ । "कवि नवराज सुब्बाले आफ्नै जीवनवृत्तलाई 'हाकिम' कवितामा उतारेका छन् :

> यो हाकिम
> कस्तो हाकिम ?
> खै, हामीसित तास खेल्दैन
> बेला-बेला बसेर तान्दैन
> गफ पनि त्यति गर्दैन

काम-काम मात्र भन्छ

कतै अलगढलग गर्दैन

कम्प्युटरमा के के लेखिरहन्छ।"[२७]

### ई. भाषाशैली

प्रस्तुत कवितामा सरल र सुबोध्य भाषको प्रयोग पाइन्छ । अन्त्यानुप्रासीय अलङ्कारको प्रयोगले कविता सुन्दर देखिन्छ। कविताको भावहरूलाई भाषाशैलीले उजिल्याएको छ।

### उ. कथनपद्धति

प्रस्तुत कविता तृतीय पुरुष कथनपद्धतिमा आबद्ध देखिन्छ । 'यो' तृतीय पुरुष सर्वनामको माध्यमबाट कविताको विषयवस्तु कथिएको छ।

### ऊ. बिम्ब र प्रतीकको प्रयोग

प्रस्तुत कविताले समग्र कर्मचारीतन्त्रको मनोदशाको प्रतीकात्मक चित्रण गरेको छ।

## थ. पराजित प्रेम

### अ. शीर्षक

प्रस्तुत कविताको शीर्षकले प्रेमको विकृतरूपलाई सङ्केत गरेको छ । प्रेममा हुने घात र प्रतीघातलाई समेत यहाँ चित्रित र आँकलन गरेको छ।

### आ. संरचना

प्रस्तुत कविता नौ-नौ हरफको दुई अनुच्छेद गरी १८ हरफमा संरचित छ । यो मध्यमस्तरको वा मुक्तक शैली उन्मुख कवितण्ञा हो।

२७. ऐजन पृ. १८

## इ. भावविधान

प्रस्तुत कविताले प्रेमको सुन्दर सपना देखाएर पुरुषहरूले नारीको जीवनमाथि खेलबाड गर्ने प्रवृत्तिलाई आफ्नो भावभूमि बनाएको छ । "प्रेममा खेलबाड गरेर नारीलाई 'घरको न घाटको' गराउने नक्कली प्रेमीलाई चोटिलो बाँण हानिएको छ ।" [२८]

कविले प्रेमको यस नियतिपूर्ण दुर्दशाको चित्रण गर्दै यस्तो अभिव्यक्ति प्रकट गरेका छन् :

पहिले ओठ चुम्यौ
ओठैले गालामा माया टाँस्यौ
र मभित्र सपनाको सुन्दर गर्भधारण गरायौ
फेरि अचानक बदलियौ मौसमझैं
र छातीमा चट्याङ हान्यौ
निमोठेर यो प्रेयसीको जोवन
सारा सृष्टि, दृष्टि खोसिदियौ
खै दर्ता भएको रहेनछ
हाम्रो प्रेमविवाह !

यहाँ पुरुष प्रेमीहरूले आफ्नो प्रेयसीहरूलाई प्रेमको सुन्दर सपना देखाई आफ्नो काम बासना शान्त बनाउने प्रवृत्तिको चित्रण भएको छ । पुरुष प्रेमीको काम-बासनाको तृप्तिस्वरूप प्रेमिकाको गर्भमा अवतरण हुन लागेको सृजनालाई वास्ता नगरी समाजमा उनीहरूलाई घृणित तुल्याउने नियतिको यहाँ चर्चा गरिएको छ ।

## ई. भाषाशैली

प्रस्तुत कविता सरल र सहज देखिन्छ । अन्त्यानुप्रासको प्रयोगले कविता सुमधुर भएको छ । भाषिक सम्प्रेषण अभिधात्मक तथा लाक्षणिक देखिन्छ ।

२८. ऐजन पृ. २६

### उ. कथनपद्धति

प्रस्तुत कविता प्रथम पुरुषीय कथनपद्धतिमा आबद्ध छ । 'म' प्रथम पुरुष प्रेमिकाले आफ्नो धोकेवाज प्रेमीको कुकर्मको बखान गरेको छ । यहाँ आएको 'यो' सर्वनामले उक्त नारीको पेटभित्र हुर्कदै गरेको शिशुको प्रतीनिधित्व गर्दछ ।

### ऊ. बिम्ब र प्रतीकको प्रयोग

प्रस्तुत कवितामा धोकापूर्ण प्रेममा फसेकी नारीले सम्पूर्ण प्रेमको नियति भोग्न बाध्य नारीहरूको प्रतीनिधित्व गरेकी छे । यहाँ वर्णित पुरुषप्रेमीले सम्पूर्ण धोकेवाज प्रेमीहरूको प्रतीनिधित्व गरेको छ । नारी प्रेमको निश्छलताको प्रस्तुति गर्ने क्रममा यस्ता प्रतीकात्मक र प्रतीनिधिमूलक शैलीको प्रयोग भएको हो ।

## द. अस्तित्व बोध

### अ. शीर्षक

प्रस्तुत कविताको शीर्षकले नारी र पुरुषको आत्मीय शाश्वत प्रेमलाई सङ्केत गरेको छ ।

### आ. संरचना

प्रस्तुत पाँच अनुच्छेद र ६५ पङ्क्तिमा संरचित छ । थोरैमा पाँच र बढीमा तेह्र हरफसम्मका पङ्क्तिविस्तारले अनुच्छेद निर्माण भएको छ ।

### इ. भावविधान

प्रस्तुत कविताले नारी र पुरुषको आ-आफ्नै अस्तित्व भएको, युगौदेखि स्त्री र पुरुषको सहकार्यबाट सृष्टिले निरन्तरता पाइरहेको र नारी र पुरुषको आत्मिक प्रेमको गहिराइलाई नाप्न नसकिने भाव प्रकट भएको छ । प्रेमको महत्त्व प्रेमीहरूलाई मात्र थाहा हुन्छ । यसलाई जोख्न, दाँज्न र साट्न सकिँदैन । "शाश्वत प्रेमको महत्त्वलाई लिएर तयार पारिएको कविता 'अस्तित्व बोध' हो । मोतीराम भट्टकालीन शृङ्गारिक कविताको परम्परालाई यसले स्पष्ट पारेको छ । प्रेमीकाको सौन्दर्य वर्णन यसरी गरिएको छ :

'क्ल्वोजअप लेन्स' नियाल्छु -दुनियाँ

आफ्ना यी दुई खोज्दा रैछन् ।
यी दुई हातहरू पनि
आपसमा दूरी चाहँदा रैछन्
दुई खुट्टा पनि
निश्चित त दूरीमा बसेर हिँड्दा रैछन्
भन !
म छु र तिमी छौ वा
तिमी छौ र म छु ?

प्रेमी प्रेमिका एक अर्काका पूरक हुन् । यस कुराको अस्तित्वबोध हरेक मानसमा हुनु जरुरी छ भन्ने दृष्टिकोण कविले राखेका छन् ।[२९]

## ई. भाषाशैली

प्रस्तुत कविताको भाषा, सरल र सम्प्रेष्य देखिन्छ । अन्त्यानुप्रास गठनमा सचेतता अपनाइएको छ । जसले गर्दा कविता रसिलो बनेको छ । एक शब्दको पङ्क्तिदेखि लामा पङ्क्तिको प्रयोग भएको छ । यहाँ अभिधात्मक भाषिक सम्प्रेषण भएको छ । आन्गान्तुक र वद्भव तथा तत्सम शब्दको प्रयोग भएको छ ।

## उ. कथनपद्धति

प्रस्तुत कविता 'म' प्रथम पुरुषीय कथन पद्धति अङ्गालिएको कविता हो । यहाँ तिमी द्वितीय पुरुषलाई सम्बोधन गर्दै 'म' प्रथम पुरुषले कविताको भाव व्यक्त गरेको छ ।

## ऊ. बिम्ब -प्रतीकको प्रयोग

प्रस्तुत कवितामा खासै बिम्ब र प्रतीकहरू प्रयोग पाइँदैन । आत्मिक प्रेमको चर्चा अभिघात्मक रूपमा भएको छ । तर पनि प्राकृतिक एवम् आकाशीय पिण्डहरूलाई कवितामा उपस्थापना गरेर बिम्बको रूपमा प्रयोग भएको छ ।

---

२९. कृष्णप्रसाद दाहाल, पूर्ववत् , पृ. २५

## ध. नदी निदाएको बेला

### अ. शीर्षक

प्रस्तुत शीर्षकले सदियौंदेखि विभिन्न बहानामा सताइएका, दबाइएका र दासका रूपमा रहँदै आएका नारीहरूको चित्कारलाई सङ्केत गरेको छ ।

### आ. संरचना

प्रस्तुत कविता ४५ पङ्क्ति र तीन अनुच्छेदमा संरचित मझौला आकारको कविता हो । यहाँ अन्त्यानुप्रासीय संरचनाको विधान गरिएको छ ।

### इ. भावविधान

प्रस्तुत कविताले आदिमकालदेखि वर्तमान सभ्य आधुनिक युगसम्म नारीमाथि हुँदै आएको यातना, प्रताडन र वेदनालाई आफ्नो भावभूमि बनाएको छ । महाभारतको द्रौपदीको चिरहरण होस् वा आधुनिक युगको बोक्सीप्रथाको उत्पीडन होस्, दाइजोको निम्ति नारीलाई जलाइने कुकृत्य होस् या आफ्ना हाकिमहरूबाट महिला कर्मचारीमाथि हुने बलात्कार, यौनशोषण वा पशुवत् व्यवहार होस् यी सबै नियतिहरूले नारीको स्थान दासको रूपमा चित्रित भएको परिस्थिति देखिन्छ । यसैलाई कविताले आफ्नो भावभूमि बनाएको छ । "बोक्सी प्रथा, छुवाछुत, हत्या, हिंसा आदि विषयलाई समेटेर तयार पारिएको कविता 'नदी निदाएको बेला' हो ।"[३०] कवि सुब्बाले नारीहरू हरेक कालखण्ड, युद्ध र सङ्घर्षको हरेक मोडमा यातना झेल्न बाध्य भएको तथ्यलाई यसरी व्यक्त गर्दछन् :

हरबिहान
यही धरतीमा
खस्छन् ताराहरू
तर यसैमा दुःख लाग्छ

---

३०. कृष्णप्रसाद दाहाल, पूर्ववत् , पृ. ३६

मेरो टाँगमुनिको
रातो अचानामा पोखिएका
रगतका नाता सुम्सुम्याउने
कुनै हृदय अझै ओर्लेनन्
कुनै आँखा
धरतीमा अझै खसेनन्
कहीँ उम्रेनन्, टुसाएनन् कतै पलाएनन् ।
ताण्डवनृत्य पटाक्षेप गर्ने हात
ए नदी ! ब्यूँझ निद्राबाट
बुद्ध ! अब त उघार आँखा ।

## ई. भाषाशैली

प्रस्तुत कविताको भाषाशैली सरल देखिन्छ । अन्त्यानुप्रासको प्रयोगले कवितात्मक सरलतामा आयाम थपेको छ । यहाँ प्रयोग भएका भाषाहरूले भावको सम्प्रेष्य गराउन गहन भूमिका खेलेको छ ।

## उ. कथनपद्धति

प्रस्तुत कवितामा ‘म प्रथम पुरुषीय कथपद्धतिको अवलम्बन गरिएको छ । सोही कथनपद्धतिद्वारा नारीहरूको चित्कार गुञ्जाइएको छ ।

## ऊ. बिम्ब र प्रतीकको प्रयोग :

प्रस्तुत कविता बिम्बात्मक कविता हो । यहाँ नारीहरूको निरीह अवस्थालाई बग्न रोकिएको नदीको रूपमा प्रतीबिम्बित गरिएको छ । नदी निदाएको बेला भनेर नारी जातिहरू आफ्नो हक, अधिकारको लागि बोल्न नसक्ने, कुनै पनि सङ्घर्षको कदम चाल्दा घरपरिवारबाट बाहिरिनु पर्ने टीठ लाग्दों परिस्थितिलाई बिम्बित गरिएको छ । नदी बगिरहन्छ, यो रोक्दैन, न कुनै बखत अडिएर आफ्नो बेगलाई रोक्दछ तर सृष्टिका कर्ता नारीहरू बग्न रोकिएका छन् । आफ्नो सृजनशीलतालाई मारेर, आवाजहरू मुखभित्र बन्द गरेर, आँसुहरूलाई आँखाभित्रै कैद गरेर बाँच्न बाध्य छन् । यसै कुरालाई नदी निदाएको बेला भनेर प्रतीकात्मक गर्न खोजिएको छ ।

## न. अखबार

### अ. शीर्षक

प्रस्तुत कविताले पत्रपत्रिकाहरूमा प्रकाशित हुने विसङ्गतिमूलक विषयवस्तुमा आधारित समाचारहरूलाई शीर्षकको रूपमा चयन गरेको छ ।

### आ. संरचना

प्रस्तुत कविता चार अनुच्छेदमा संरचित छ । ३१ पङ्क्तिमा विभक्त यस कविताले मध्यम आयाम लिएको छ ।

### इ. भावविधान

प्रस्तुत कविताले पत्रपत्रिकामा प्रकाशित हुने हत्या, बलत्कार, युद्ध, आतङ्क बन्द, हड्ताल, डकैती, विभिन्न यौन अपराध आदि विसङ्गतिमूलक तथा नकारात्मक विषयवस्तुमा आधारित समाचारहरू बारम्बार पत्रपत्रिकाहरूमा आइरहने र सर्वसाधारणहरूले शुभसमाचार, सृजनशीलतासम्बन्धी सन्देशहरू, विकासनिर्माण तथा उन्नतिमूलक समाचार आदि सुन्न र पढ्न नपाएको स्थितिलाई आफ्नो भावभूमि बनाएको छ । अखबारमा नकारात्मक मानसिकता प्रवाह गर्ने समाचार मात्रले ठाउँ पाइरहँदा जनमानसमा नकारात्मक मानसिकता प्रक्षेपण र सम्प्रेषण हुने हुनाले पत्रपत्रिकारूले सकारात्मक समाचारहरूलाई स्थान दिनुपर्ने भाव कविले यहाँ व्यक्त गरेका छन् । कवि आफ्नो अभिव्यक्तिलाई यसरी व्यक्त गर्न पुग्दछन् :

अखबारमा आजकाल
समाचार छैन सगरमाथा चढेको
दिलमाया अरबमै मरिन् रे ! त्यो खबर छैन
बलबहादुरले खेती गर्न पाएन आफ्नै खेतबारीमा यसपालि
च्याङ्बा भारीसँगै भीरबाट लड्यो र मऱ्यो
फूलकुमारीलाई भुँडी बोकाएर झिल्के कता भाग्यो ?
हराएको बालक भेटियो भेटिएन अझै थाहा छैन
कहाँ हुन्छन् र ! अखबारमा आजकाल त्यस्ता खबर !
छापिन्छन् अखबारमा

तर सन्त्रासका काला अक्षरहरू

सबै चढेका बढेका कुराहरू मात्र छन्

सुनको शान्तिको भाउ बढेको कुरा लेखिन्छन्

तर मान्छेको मूल्यको कुरा कतै आउँदैन त्यहाँ !

### ई. भाषाशैली

प्रस्तुत कवितामा तत्सम, तद्भव शब्दको सन्तुलनले गर्दा कवितामा अप्ठ्यारोपनको अनुभूति भएको छैन । सरल वाक्यात्मक पदावलीद्वारा यो कविताको निर्माण भएको छ । ठाउँठाउँमा अन्त्यानुप्रासको संयोजन पनि भएको छ ।[३१]

### उ. कथनपद्धति

प्रस्तुत कविता 'म' प्रथम पुरुषीय कथनपद्धतिमा आबद्ध देखिन्छ । 'म' प्रथम पुरुष नै सर्वद्रष्टा भएर कवितात्मक भावको सम्प्रेषण गरेको छ ।

### ऊ. बिम्ब र प्रतीकको प्रयोग

यस कवितामा समसामयिक बिम्बहरूको प्रयोग हुनुका साथै द्वन्द्वगत परिस्थितिको चित्रणका क्रममा समसामयिक, ऐतिहासिक प्राकृतिक आदि बिम्ब र प्रतीकहरू प्रयोग भएको छ । तर पनि अभिधात्मक तथा लाक्षणिक अर्थ सापेक्ष भएको पाइन्छ ।

## प. सडकबत्ती

### अ. शीर्षक

प्रस्तुत कविताले सत्य र झुटको तुलनात्मकतालाई दार्शनिक रूपमा सङ्केत गरेको छ ।

### आ. संरचना

प्रस्तुत कविता तीन अनुच्छेद वा १३ पङ्क्तिमा आबद्ध छ । यो मुक्तकीय आयाम विस्तार गरेको कविता हो ।

३१. कृष्णप्रसाद दाहाल, पूर्ववत् , पृ. ४४

## इ. भावविधान

प्रस्तुत कविताले सडकमा बलिरहने बत्तीलाई मानवीकृत गर्दै जसरी सडकबत्तीहरू दिनको उज्यालामा पनि बलिरहन्छन्, कसैले निभाउन वास्ता नगर्दा  त्यस्तै सत्य कुनै पनि कालखण्डमा सत्य नै हुन्छ । सत्य तीतो र नाङ्गो हुन्छ । झुट जस्तो कुनै पनि आवरणले ढाकेको हुँदैन भन्ने भाव कविताले व्यक्त गरेको छ । सत्यसम्बन्धी आफ्नो अवधारणा वा दर्शन प्रस्तुत गर्दै कवि यसरी बग्न पुग्दछन् :

कसैको डर छैन
लाज पनि छैन मलाई !
कसले छेक्छ मलाई ?
यत्ति अग्लो छु
म सडकबत्ती !
जतिसुकै भनून्
छैनन् मेरा कान
म सुन्दिनँ कसैका कुरा
सडकबीच ल्याम्पपोस्टमा
म दिउँसै बलिदिन्छु-नाङ्गै
नगरपालिकाको
म सडकबत्ती !

## ई. भाषाशैली

यस कविताले सरल नेपाली मौलिक शब्दहरूको संयोजन गरेको छ । यहाँ अन्त्यानुप्रासको प्रयोगले सुनमा सुगन्ध थपेको छ  जसले गर्दा कविता लयात्मक        देखिन्छ ।[३२]

३२. कृष्णप्रसाद दाहाल, पूर्ववत्, पृ.. ४३

## उ. कथनपद्धति

यो कविता पनि प्रथम पुरुषीय कथनपद्धतिमै आबद्ध छ । यस पद्धतिको सहयोगबाट कविताले आफ्नो भावभूमि ओकल्न सफल भएको छ ।

### ऊ. बिम्ब र प्रतीकको प्रयोग

प्रस्तुत कवितामा सडकबत्तीलाई सत्यको प्रतीकको रूपमा चित्रण गरिएको छ । दिउँसै बलिरहेको सडक बत्ती घामको उज्यालोमा केही मत्थर भए पनि आखिरमा त्यो बलेको नै हो । त्यस्तै झुटको अगाडि सत्य केही क्षण हावी भए पनि त्यस झुटले युगान्तरसम्म दिगोपन देखाउन सक्दैन । यस्तै सत्यलाई उद्घाटन गर्न सडकबत्तीलाई प्रतीकका रूपमा उभ्याइएको हो ।

## फ. मान्छे चाहिन्छ

### अ. शीर्षक

प्रस्तुत कविताले मानवीय अस्तित्वलाई शीर्षकका रूपमा चयन गरेको छ । मान्छेको अस्तित्वको सङ्केत गर्न कविता सफल भएको पाइन्छ ।

### आ. संरचना

प्रस्तुत कविता एक अनुच्छेदको छ हरफमा संरचित देखिन्छ । यो कविताको लघुतम स्वरूप मुक्तक हो ।

### इ. भावविधान

मान्छेको अस्तित्व मान्छेमा नै निहित हुन्छ । मान्छेबिना मान्छेको अस्तित्व सुरक्षित हुन सक्दैन । यसर्थ मान्छेको लागि मान्छे नै आवश्यक पर्दछ । मान्छेबाहेक मान्छेको लागि शत्रु, मित्र, हितैषी अरू कोही हुन सक्दैन । यदि मान्छे नहुने हो भने मानवीय अस्तित्व यस सृष्टिबाट पलायन हुन्छ । यही भावलाई कविले कविताात्मक स्वरूप दिएका छन् । कवि आफ्नो अभिव्यक्ति यसरी प्रस्तुत गर्छन् :

> चाहिन्छ मान्छे चाहिन्छ
> दायाँबायाँ सधै मान्छे चाहिन्छ
> रूँदा होस् हाँस्दा होस्
> हो, मान्छेलाई मान्छे नै चाहिन्छ

मान्छेसित दिक्क लाग्यो भनेर के गर्नु !

गाली गर्नलाई पनि आखिर त्यै मान्छे चाहिन्छ ।

### ई. भाषाशैली

“यस कवितामा सरल वाक्यको प्रयोग गरिएको छ । अभिधा शक्तिद्वारा भावको गहनता नाप्ने काम यहाँ भएको छ । ‘चाहिन्छ’ शब्दको पुनरावृत्तिबाट अन्त्यानुप्रास अलङ्कार निर्माण भएको देख्न सकिन्छ ।”[३३]

### उ. कथनपद्धति

प्रस्तुत कविताले आत्मालापीय कथनपद्धति अङ्गालेको पाइन्छ ।

### ऊ. बिम्ब प्रतीकको प्रयोग

यस कवितामा मानवीय अस्तित्वको वकालत गरिए तापनि खासै कुनै निर्दिष्ट बिम्ब र प्रतीकहरूको प्रयोग भएको पाइँदैन ।

## ब. पर्यटकसित

### अ. शीर्षक

प्रस्तुत कविताको शीर्षकले देशको पर्यटन उद्योग बन्द, हडताल र राजनीतिक गतिरोध र अस्थिरताले धराशायी हुँदै गएको आँकलन गर्न समर्थ भएको देखिन्छ ।

### आ. संरचना

प्रस्तुत कविता चार अनुच्छेदमा विभक्त देखिन्छ भने ३३ पङ्क्तिमा यसले आफ्नो आयाम विस्तार गरेको छ । अन्त्यानुप्रासीय संरचनालाई समेत यसले अङ्गीकार गरेको पाइन्छ ।

---

३३. कृष्णप्रसाद दाहाल, पूर्ववत्, पृ. ४७

### इ. भावविधान

प्रस्तुत कविताले विशेष गरी २०६२/०६३ को आन्दोलन पछिको देशको अस्थिरता र राजनैतिक गतिरोधका साथै आआफ्ना मागहरु लिएर हुने गरेका बन्द, हडतालले देशको समग्र पर्यटन उद्योगलाई तहसनहस बनाएको भाव अभिव्यक्त गरेको छ । नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिदै आएको पर्यटन व्यवसाय धराशायी हुदै जाँदा देशको अर्थतन्त्र कमजोर हुदै गएको तथ्य यहाँ उजागर गरिएको छ । पर्यटन उद्योग धराशायी हुँदै देशको सांस्कृतिक, पुरातात्त्विक सम्पदाहरुको संवर्द्धन र प्रवर्द्धनमा बाधा उत्पन्न भई देशको छवि नै ओझेलमा पर्ने तर्फ पनि कविको सङ्केत पाइन्छ । कवि आफ्ना भावाहरूलाई यसरी अभिव्यक्त गर्दछन् :

पर्यटक ! माफ गर
आज लुम्बिनी जाने बाटो सबै बन्द छ
उड्ने, गुड्ने बाटो सबै बन्द छ
मात्र चालू के छ भने
हामी अत्यन्त व्यस्त छौं
एकअर्काको केश गन्दै छौं
एक अर्काको दाँत झार्दै छौं
आपसका करङ सोझ्याउँदै छौं
अलि सुहाएन रे !
अझै हामी शिशु नै छौं
पर्यटक महोदय

यस पटक स्वागत गर्न सकिएन
माफ गर !
हामी नेपाली अहिले
वीरतापूर्वक देश बनाउँदै छौं ।

यहाँ कविले साम्प्रदायिक ढङ्गाले अपराधीकरण हुँदै गएको तथ्य उजागर गर्दै नयाँ नेपाल निर्माण गर्ने निहुँमा पुरानो नेपालसम्म पनि नरहने स्थिति पैदा हुँदै गएको वास्तविकता महसुस गर्न पुग्छन् ।

**ई. भाषाशैली**

प्रस्तुत कवितामा सरल पदावलीको संयोजन गरिएको छ । अन्त्यानुप्रास अलङ्कारको विन्यास एवम् अभिधा शक्तिले कवितालाई आकर्षक र मनमोहक गराएको छ जसलाई यस कविताको प्राप्ति मान्नु पर्दछ ।[३४]

**उ. कथनपद्धति**

प्रस्तुत कवितामा प्रथम पुरुषीय कथनपद्धतीद्वारा सम्पूर्ण नेपाली जनताको प्रतीनिधित्व गराइएको छ । 'हामी' प्रथम पुरुषले घुम्न आउने पर्यटकसँग गरेको संवाद वा आत्मालाप गरेको छ ।

**ऊ. बिम्ब र प्रतीबिम्ब प्रयोग**

यस कवितामा नेपालमा राजनीतिक विकृति बढिरहेकोमा कविले व्यङ्ग्य गरेका छन् । [३५] राजनीतिक अस्थिरताले देशको पर्यटन उद्योग बिग्रिरहेको तथ्यलाई सङ्केत गर्दै हामी नयाँ नेपाल बनाउँदै छौं, यसपालि स्वागत गर्न सकिएनँ भन्ने तथ्यलाई प्रयोग गर्दै हाम्रो मानवीय दुर्भाग्यलाई प्रतीकात्मक स्वरूप प्रदान गरिएको छ । यहाँ साम्प्रदायिक द्वन्द्वको बिम्ब आएको छ । यहाँ प्रयुक्त बिम्बात्मक वा प्रतीकात्मक प्रयोगले लक्षणात्मक, व्यञ्जनात्मक र अभिधात्मक अर्थसम्प्रेषण भएको पाइन्छ ।

---

३४. ऐजन पृ. ५१
३५. कृष्णप्रसाद दाहाल, पूर्ववत्, पृ. ५२

## भ.ढुङ्गो हुनाको पीर

### अ.शीर्षक

प्रस्तुत कविताको शीर्षकले मानवीय संवेदनालाई सङ्केत गरेको छ । ह्रास हुँदै गएको मानवीय व्यवहारशून्यतालाई शीर्षकले आँकलन गरेको पाइन्छ ।

### आ. संरचना

प्रस्तुत कविता पाँच अनुच्छेद र ३७ पङ्क्तिमा आफूलाई विस्तारित गर्न सफल भएको छ ।

### इ. भावविधान

प्रस्तुत कवितामा मान्छेको हृदयबाट हराउँदै गएको मान्छे ढुङ्गाजस्तै कठोर हुदैं गएको, मानवीय चरित्रमा ह्रास आउँदै गएको, एक हिसाबले भन्ने हो भने मान्छे ढुङ्गाभन्दा पनि कठोर हुँदै गएको भाव व्यक्त गरिएको छ । ढुङ्गाबाट पानीको मूल फुटछ तर मान्छेको मुटु रसहीन, मायाहीन, दयाहीन भएर फलामभन्दा साहो भएको छ । यही तथ्यलाई अभिव्यक्त गर्दै कवि यसरी पोखिन्छन् :

बाटामा ढुङ्गाले
घामपानी सहेर पनि
शीतल छायाँ साँचेकै छ
एउटा चौतारी बसेकै छु म !
हिँड्दाहिँड्दै थाकेपछि
आएर थचक्क बस्छन्
र मेट्छन् थकाइ
अनि जाने बेलामा भन्छन्
'प्रिय ! मेरो मन ढुङ्गा हैन फूल हो ।'

यहाँ कविले आफू ढुङ्गारूपी हृदयहरूबाट आफै प्रताडित हुँदै गएको र आफू आफ्नो वेदना मुटुभित्रै गाँठो पार्न बाध्य भएको तर्फ पनि यसरी सङ्केत गर्न पुग्दछन् :

खै म कसलाई सुनाऊँ ?

ढुङ्गाको पीर

ढुङ्गा हुनाको पीर ।

**ई. भाषाशैली**

प्रस्तुत कविता सरल पदावलीबाट सुसज्जित देखिन्छ । अन्त्यानुप्रासको अनियमित प्रस्तुत गरिएको छ । भाषिक प्रयोगले अर्थसम्प्रेष्यगत उद्देश्यमा सहयोग नै पुऱ्याएको देखिन्छ ।

**उ. कथनपद्धति**

प्रस्तुत कवितामा 'म' प्रथम पुरुषीय कथनपद्धति अँगालिएको छ । कविताको अन्तिम हरफले यसको पुष्टि गर्दछ । ढुङ्गालाई मानवीकृत गर्न कथनपद्धति उद्धत देखिन्छ ।

**ऊ. बिम्ब र प्रतीकको प्रयोग**

यस कवितामा ढुङ्गालाई मानवीय संवेदनाशून्य भएका मानिसहरूका प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । अर्कोतिर कविको कठोर हृदयको प्रतीनिधित्व गर्न पनि ढुङ्गाको प्रतीकात्मक प्रयोग भएको पाइन्छ । यसरी हेर्दा ढुङ्गो मानवीय संवेदनाशून्यताको प्रतीकको रूपमा उभिएको पाइन्छ ।

## म. पर्खाल

**अ. शीर्षक**

प्रस्तुत कवितामा माया र प्रेमका बीचमा उभिएको सामाजिक आर्थिक, सांस्कृतिक तथा अन्य बाधा व्यवधानलाई शीर्षकको रूपमा अङ्कित गरिएको छ ।

**आ. संरचना**

प्रस्तुत कविता दुई अनुच्छेदमा संरचित छ भने यसले १६ पङ्क्तिमा आफ्नो अध्याय विस्तार गरेको छ । यो मुक्तकीय संरचना भएको कविता हो ।

**इ. भावविधान**

प्रस्तुत कविताले मायामा कसैले पनि बाधा हाल्नु हुँदैन । प्रेमरूपी जहाजलाई स्वतःस्फूर्त महासागरमा छोडिदिनुपर्छ । प्रेमीहरूलाई कुनै पनि सांस्कृतिक, सामाजिक, आर्थिक हैसियतको

पार्खाल लगाएर उनीहरूको प्रेमयात्रामा निषेधाज्ञा जारी गर्नु हुँदैन भन्ने भाव कवितामा अभिव्यक्त गरिएको छ । यसै भावलाई कवि यसरी अभिव्यक्त गर्न पुग्दछन् :

हरबिहान बाटामा
आशका फूलहरू
हेर्दै हिँड्ने
बानी बसाएको थिएँ
एकाएक बारीमा बार लगायौ
र फूल मासेर आगो रोप्यौ
यो दृष्टि र त्यो सुन्दरताबीच
ड्याम्मै छेक्यौ पर्खालले;

**ई. भाषाशैली**

प्रस्तुत कवितामा तत्सम, तद्भव र मौलिक शब्दका माध्यमबाट कवितात्मक भावलाई प्रक्षेषण गरिएको छ । विशृङ्खलित अन्त्यनुप्रासको प्रयोग यहाँ पाइन्छ । प्रयुक्त भाषाहरू प्रेममा बाधा पार्ने तत्त्वहरूलाई चित्रित गर्न सफल देखिन्छ ।

**उ. कथनपध्दति**

प्रस्तुत कविताले प्रथम पुरुषीय कथनपद्धति अँगालेको छ । 'म' पात्रले 'ऊ' र उसको प्रेमिकाको चर्चा गरेको छ ।

**ऊ. बिम्ब र प्रतीकको प्रयोग**

यहाँ फूललाई माया, प्रेम र शान्तिको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ ।[३६] कवितामा कविले प्रेममा बाधा पुऱ्याउने सम्पूर्ण तत्त्वहरूलाई पर्खालको रूपमा प्रतीकात्मक गरेका छन् । प्रयुक्त अभिधात्मकका साथै लाक्षणिक अर्थसम्प्रेषण गरेको पाइन्छ ।

## य. अर्थहीन पीडा र खुसीहरू

### अ. शीर्षक

प्रस्तुत कविताले मानवीय चाहना र खुसीहरूलाई अङ्कित गर्ने शीर्षक चयन गरेको छ । खुसीहरू र पीडाहरूको अर्थ वा मूल्य खोज्न शीर्षक उध्दत देखिन्छ वा भनौं शीर्षकले खुसी र दुःखको मूल्यको सङ्केत गरेको छ ।

### आ. संरचना

प्रस्तुत कविता चार अनुच्छेदमा संरचित छ भने ३६ पङ्क्तिमा यसले आफ्नो आयाम विस्तार गरेको देखिन्छ ।

### इ. भावविधान

प्रस्तुत कविताले मानिसहरूभित्र हुने भोकको वर्गीकरणलाई आफ्नो भावभूमि बनाउँदै मानिसहरू जैविक भोक, शारीरिक भोक र माया र स्नेहका भोका हुन्छन् भन्ने तथ्यलाई भावका रूपमा यहाँ प्रकट गरिएको छ ।

"मानिस भोकले मात्र होइन माया, स्नेह र यौनको अभावमा पनि दुःखी र पीडित हुने गर्दछ भन्ने कुरालाई कवि नवराज सुब्बाले 'अर्थहीन पीडा र खुसीहरू' कवितामा व्यक्त गरेका छन् :

सडकपारि हिँड्दै थिएँ नालीमाथि
बहिस्कृतझैँ कुनै वस्तुमा

३६. कृष्णप्रसाद दाहाल, पूर्ववत्, पृ.२७

मेरा आँखा ठोकिन्छन्
आफ्नै दुनियाँमा रमाउने उही युवती
आज घरती ओछ्याएर आकाश ओढी गुटुमुटु
सुतेकी छे
सबै उठिसके सायद ऊ अझै  सपनामै छे
फर्कने बेला पनि भइसक्यो यो सहरबाट
कसरी ब्यूँझाऊँ र फर्काइदिऊँ

उसले मलाई हिजो दिएको

उधारो मुस्कान !

मूलत : यौन अतृप्तिको पीडाजन्य अवस्थाबाट घाइते महिलाको मनोव्यथाको चित्रण यहाँ गरिएको छ । मनोवैज्ञानिक शैलीद्वारा यौनको प्राकृतिक महत्त्वमाथि प्रकाश पारिएको यस कवितामा कवि सुब्बाले सडक महिलाहरूको कारुणिक अवस्थाको पनि चित्रण गरेका छन् ।”[३७] कवि सुब्बाले यही विषयवस्तुलाई कवितामा समेटेका छन् ।

**ई. भाषाशैली**

प्रस्तुत कविता सरल र सम्प्रेष्य भाषिक प्रयोगमा अभ्यस्त देखिन्छ । अन्त्यानुप्रास अलङ्कारको समेत प्रयोग देखिन्छ ।

**उ. कथनपद्धति**

‘म’ प्रथम पुरुषीय कथनपद्धति अङ्गालिएको प्रस्तुत कविताले खुसी र पीडाहरूको विश्लेषण गरेको छ ।

**ऊ. बिम्ब र प्रतीक**

यस कवितामा यौनको प्राकृतिक महत्त्व दर्साउने सिलसिलामा विभिन्न पर्यावरणीय समाजशास्त्रीय तथा मानवशास्त्रीय बिम्बहरूको प्रयोग भएको छ । बिम्ब र प्रतीकहरू

३७. ऐजन. पृ. १४

साङ्केतिक रूपमा कवितामा प्रस्तुत गरिएका छन् । प्रस्तुत कविताको शीर्षक ‘अर्थहीन पीडा र खुसी’ ले यौनिक खुसीलाई प्रतिनिधित्व गरेको छ । यौनानन्दमा लिप्त हुँदाको आनन्द र त्यस पश्चात्को सिथिलताको अर्थ वा मूल्य के हो भन्ने प्रतीकात्मक प्रश्नहरूको उत्तर खोज्नमा कविता अग्रसर देखिन्छ ।

## र. इतिहास हराएको सूचना

### अ. शीर्षक

प्रस्तुत कविताको शीर्षकले युगौंदेखि जितेर आएका राज्यको बागडोर सम्हालेका शासकहरूको मात्र इतिहास लेखिंदै आएको तथ्यलाई आँकलन गरेको छ ।

### आ. संरचना

प्रस्तुत कविता तीन अनुच्छेद र १७ पङ्क्तिमा संरचित छ । यो मध्यय आयाममा संरचित कविता हो ।

### इ. भावविधान

प्रस्तुत कविताले सदियौंदेखि शासकवर्गको मात्र इतिहास लेखिंदै आएको, जनताको वास्तविक इतिहास नलेखिएको, जनताको जनजीवन र स्थितिलाई इतिहासले नजरअन्दाज गरेको भाव यहाँ प्रकट भएको छ । शासकवर्गबाट पलायन गराइएका, खेदिएका जनताहरूको इतिहास हराएको भन्नेतर्फ पनि कविको दृष्टि परेको देखिन्छ । अर्कातिर कविले दलित, आदिवासी जनजाति, मधेसी जनसमुदायको त्याग र बलिदानको इतिहास लेखिन बाँकी भएको तथ्यलाई यहाँ उजागर गरेका छन् । समानुपातिक प्रतिनिधित्व राज्यका सबै तप्कामा हुनुपर्ने भावसमेत व्यक्त गर्दै कवि यसरी आफ्नो तर्क राख्दछन् :

तर यँहा त
जबर्जस्ती मेटाइयो इतिहास
जानीजानी कुल्चिइयो हाम्रो संस्कृति

हो म अलिखित इतिहास बोल्दैछु
खै, कसले लुकायो पराजितहरूका गाथा ?
कसले लत्यायो विस्थापितहरूका बिलौना ?
र किन पिल्सिए सधैं अतिक्रमितहरूका गीत ?
के हार्नेको इतिहास अझै लेखिन्न ?

**ई. भाषाशैली**

प्रस्तुत कवितामा सरल र सम्प्रेष्य भाषाकै प्रयोगले कविता बोधगम्य भएको छ । अन्त्यानुप्रासको प्रयोग पनि भएकोले कविता महक बनेको छ ।

**उ. कथनपद्धति :**

यस कवितामा 'म' प्रथम पुरुषीय कथनपद्धति अँगालिएको छ । 'म ' पात्रकै माध्यमबाट तथ्यहरूको उद्घाटन भएको पाइन्छ ।

**ऊ. बिम्ब र प्रतीकको प्रयोग :**

प्रस्तुत कवितामा इतिहास हराएको सूचना भनेर युगौंदेखि शासक वर्गबाट निम्न वर्गीय तथा सीमान्तकृत जनसमुदायमाथि  दमन शोषण हुँदै आएको र शासकवर्गको वीरताको मात्र इतिहास लेखिएर उनीहरूको क्रुरताको बखान गर्न इतिहास चुकेकोतर्फ प्रतीकात्मक तथ्य उद्बोधन भएको छ ।

## ५.३. निष्कर्ष

विवेच्य 'बीच बाटोमा ब्यूँझेर' कविता सङ्ग्रहभित्र लामा र छोटा आयाम भएका ७७ वटा कविताहरू सङ्गृहीत छन् । यी कविताहरू मध्येको शीर्ष कविता 'बीच बाटोमा ब्यूँझेर' कविताले समग्र कविताहरूको प्रतिनिधित्व गर्दछ । दार्शनिक पक्षको व्याख्या गर्दै मानवीय कार्यव्यापारको सन्दर्भमा हुने उकाली-ओराली, घात-प्रतिघात र सङ्घर्षमय अतीतलाई झल्याँस्स सम्झेर वर्तमानको विश्लेषण अनि भविष्यमा पुग्नुपर्ने गन्तव्यको सम्झना हुन्छ । यो शीर्ष कविताको भाव हो । देशको १० वर्षे जनयुद्धको सेरोफेरोलाई झल्याँस्स सम्झिँदै राजनीतिक, आर्थिक, सांस्कृतिक आदि परिस्थितिको बोध गर्दै कवितासङ्ग्रह अगाडि बढेको  छ । जुन विकसित घटनाक्रमको वस्तुस्थितिको झल्को हो जसले गर्दा शीर्षक 'बीच बाटोमा ब्यूँझेर' सम्पूर्ण तथ्यहरूको आँकलन भएको पाइन्छ । यहाँ सङ्गृहीत कविताहरूले देशको सम्पूर्ण वस्तुस्थितिको विवरण प्रस्तुत गर्नुका साथै प्राकृतिक एवम् शृङ्गारिक भावधाराहरूको प्रक्षेपण गरेको छ । कवितामा बिम्बहरूको प्रयोग पाइन्छ । तत्सम, तद्भव, आगन्तुक र स्थानीय बोलीचालीका शब्दहरूलाई कवितामा समावेश गराइएको छ । कविताहरूमा 'म' प्रथम पुरुषीय कथनपद्धतिको बाहुल्यता देखिन्छ । मुक्तक आकारका कवितादेखि मझ्यौला  आकारका कवितासम्म आयाम विस्तार भएको पाइन्छ । आदिवासी, जनजाति, उत्पीडित पिछडिएका सीमान्तकृत जनसमुदायप्रति सहानुभूति प्रकट गरिएका छन् । शासकीय संरचना,

जनयुद्धकालीन अपराध, लुटपाट, बलत्कार आदिलाई विरोध जनाइएको छ । राजनीतिक अस्थिरताले ह्रास हुँदै गएको पर्यटन उद्योगको चित्रण पनि पाइन्छ । प्रेम, प्रणय र यौन विकृतिजन्य व्यवहारलाई समेत कवितामा चित्रित गरिएको छ । कवि प्राकृतिक बखानमा रमाएका छन् ।

विषयवस्तुका आधारले विवेच्य अध्यायमा विश्लेषित मुख्यमुख्य कविताहरू र अन्य समग्र कविताहरूको भाव, शीर्षक, कथन, भाषा, प्रयुक्त बिम्ब र प्रतीकका आधारमा यस्तो निष्कर्ष निकाल्न सकिन्छ ।

# अध्याय छ

# कवि नवराज सुब्बाको बीच बाटोमा ब्यूँझेर कविताकृतिको मूल्याङ्कन

## ६.१. विषयप्रवेश

यस विवेच्य अध्यायअन्तर्गत कवि नवराज सुब्बाको 'बीच बाटोमा ब्यूँझेर' (२०६५) सङ्ग्रहमा सङ्गृहीत कविताहरूको प्राप्ति र वैशिष्ट्यहरूको अध्ययन गरिएको छ । यस क्रममा विभिन्न विद्वान्हरूको मतहरूलाई साक्षीका रूपमा प्रस्तुत गर्दै बृहत् अध्ययन गरिएको छ । सङ्ग्रहमा सङगृहीत ७७ वटा कविताको विषयबस्तु, प्रवृत्ति, संरचना, शैली, कथनपद्धति, बिम्ब तथा प्रतीकहरूको विधान आदिलाई अध्ययनको कसीमा राखेर विभिन्न विषयवस्तु वैशिष्ट्यका आधारमा मूल्याङ्कन गर्दै धारणा प्रस्तुत गरिएको छ ।

## ६.२. बीच बाटोमा ब्यूँझेर कविताकृतिको मूल्याङ्कन

कवि नवराज सुब्बाको प्रस्तुत 'बीच बाटोमा ब्यूँझेर' कविताकृति स्वच्छन्दतावादी, प्रगतिवादी, मानवतावादी, विषयको त्रिवेणी हो । कविले यस कृतिमा स्वच्छन्दतावादी भावधाराबाट आफूले प्रत्यक्ष देखेको र भोगेको विषयलाई सजाएका छन् । राष्ट्र, राष्ट्रियता र देशभक्तिको भावनाले यो कृति उचालिएको छ । आफूले जन्मेको गाँउको मात्र होइन आफूलाई जन्म दिने ममतामयी माताप्रति कवि पोखिएका छन् । आफ्ना भाइप्रति, ससुराप्रति मात्र नभई सतार र राउटेप्रति पनि कवि सुब्बा त्यत्तिकै मानवीय भावले प्रस्तुत भएका छन् । प्रेम, माया र करुणाका विषयलाई पनि यहाँ सजाइएको छ । नारी संवेदनका विषयहरूमा कविले बुलन्द आवाज उरालेका छन् ।[1] प्रस्तुत कवितामा नारीसम्बन्धी दृष्टिकोणलाई कविले विषयवस्तु बनाएका  छन् । नारीको सामाजिक, अवस्थितिको वर्णन यहाँ भएको छ । 'कठधारामा उभिएर', 'आमाको तिर्सना', 'बूढी कन्याको गन्थन', 'अर्थहीन पीडा र खुसीहरू' 'सडकमा जन्मने बुद्धलाई स्वागत' 'धूवाँसँगै' 'अतीत' 'पराजीत प्रेम' 'कम्लहरी',  'मन्दिरमा', 'नदी निदाएका बेला', 'पाइला', 'अँगेनामा', 'कुष्ठरोगी ! बस मेरो कवितामा', 'सपनामा', आदि कविताहरूमा नारीहरूको पीडालाई सम्बोधन गरिएको छ । यी कविताहरूमध्ये अधिकांश

१. कृष्णप्रसाद दाहाल,अध्ययनको आलोकमा  बीच बाटोमा ब्यूँझेर, (२०६७), पृ. ५८

कविताहरू जन्मदात आमासँग सम्बन्धित छन् । सिङ्गो सृष्टिसँगै सम्पूर्ण प्रणीको जीवनमा सबभन्दा महत्त्वपूर्ण र प्रिय साइनो आमा नै हो । दश महिनासम्म गर्भमा राखेर जन्म दिने र आफ्नो रगत चुसाई सन्तानलाई हुर्काउने आमा सृष्टिको स्रोत हो । ईश्वरको अर्को रूप हो । नवराज सुब्बाका 'कठधारामा उभिएर', 'आमाको तिर्सना', 'अँगेनामा' जस्ता कविताहरू कविव्यक्तिको आफ्नी आमाप्रतिको सम्झना, प्यार एवम् श्रद्धासँग सम्बन्धित छन् । यी कवितामा अभिव्यक्त भावहरू नितान्त वैयक्तिक भए पनि यिनको साधारणीकरण भई यी शाश्वत् एंवम् जीवन्त हुन पुगेका छन् । आमाले आफ्ना सन्तानका लागि त्याग तपस्या गर्छिन् । आफ्नो सुखको बलिदान गर्छिन् । वास्तवमा त्यो निस्वार्थ हुन्छ । संसारमा सबै कुराको विकल्प हुन्छ तर आमाको विकल्प हुँदैन भन्ने भाव कवितामा अभिव्यक्त भएको छ ।[२]

प्रस्तुत कवितासङग्रहका कविताहरूमा राजनीतिक परिवेशको पनि चर्चा भएको छ । विशेष गरी १० वर्षे जनयुद्ध, त्यसको उपलब्धिस्वरूप स्थापित भएको गणतन्त्र, त्यसले निम्त्याएको राजनीतिक अस्थिरता, हातहतियार र युद्धको दम्भ आदिलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । त्यस्ता कविताहरूमा '२०६३ को आयतन', 'मुकुन्डो आतङ्क', 'क्रान्तिको मूल्य', 'चिरप्रतीक्षित यौवन', आदि रहेका छन् । यी कविताहरूमा २०६२/०६३ को जनआन्दोलन पछाडिको राजनीतिक बहस, आपसी कलह, द्वैष र द्वन्दको चित्रण पाइन्छ । '२०६३ को 'आयतन' कवितामा २०६३ को पृष्ठभूमिगत पर्यावरणको चर्चा गरिएको छ । 'मुकुन्डो आतङ्क' मा जनयुद्धको बेला नेपाली जनताले भोग्नु परेको त्रासदीपूर्ण जीवनको चित्रण गरिएको छ । 'चिरप्रतीक्षित यौवन' मा लोकतन्त्र वा गणतन्त्रपछिको उन्माद छाडापनलाई प्रस्तुत गरिएको छ । कविले शोषित, उत्पीडित जनताको पीडालाई लिएर 'सतारको सम्बोधन', 'सुकुम्बासी', 'जालहारी र माछा', कविताहरू रचेका छन् । यी कविताहरूमा सदियौंदेखि जमिनदारको आतङ्बाट प्रभावित सतार जातिको पलायनवादी कथा 'सतारको सम्बोधन कवितामा प्रस्तुत गरिएको छ । सुकुम्बासीहरूको समस्यालाई 'सुकुम्बासी' कवितामा उठाइएको छ ।

मानवीय नियति, सङघर्ष, जीवनदृष्टिकोण आदिलाई लिएर उनले 'बीच बाटोमा ब्यूँझेर' कविताको सृजना गरेका छन् । अतीत र भविष्यलाई नियाल्दै आफ्नो यात्रा सञ्चालन गर्नुपर्ने परिस्थितिको चित्रण प्रस्तुत कवितामा भएको छ ।

---

२. लीला लुइँटेल, 'अध्ययनको आलोकमा', 'बीच बाटोमा ब्यूँझेर' (२०६७) २ पृ. ८

'अस्तित्व बोध' कविताले मानवीय अस्तित्वको रक्षामा जोडदिएको पाइन्छ । 'राउटेको मन' शीर्षकको कविताले अहिले पनि आदिम बाँचिरहेको राउटेको अवस्थिति प्रस्तुत गरिएको छ । यहाँ एक्काइसौं शताब्दीको सभ्यता विकास र आदिमा समाज सँगसँगै हिंडेको आभाष हुन आउँछ । नियतिको विषयवस्तुलाई लिएर रचिएको अर्को कविता 'एकलव्यको खुसी' हो । मानिस सङ्घर्षका क्रममा कहिलेकाहीँ एक्लै हुन्छ र एक्लै बाँच्नु पर्ने बाध्यता हुन्छ । यसैलाई विषयवस्तु बनाइएको छ । आफ्नो जन्मभूमिप्रतिको मायाको प्रतिनिधित्व 'मेरो पहाड' कविताले गर्दछ । पहाडमा जन्मी ,पहाडमै हुर्की, पहाडमा मायाप्रीति लगाई पहाडलाई उजाड बनाउने लाहुरे दाइ, वैदेशिक रोजगारीका लागि विदेशमा रमाउने भाइहरू, नागरिकता र पासपोर्टमा पहाडको ठेगाना दिने तर बेठेगान हुनेहरू, 'नमरी बाँचे दैबले साँचे भेटौंला है' भन्दै भाकलका शब्द भर्नेहरू पहाडलाई माया नमार है भनी कवि व्यथित मनले पहाडसँगको भाग्य, सपना, रगत, पसिनाको नाता छ भनी कवि सम्झाउँछन् ।[३]

'माझी ' कवितामा उनीहरूले भोग्दै आएको जीवनशैलीलाई चित्रण गरिएको छ । माझी लोपोन्मुख जाति हो । उसको पेसा नदी ख्याउनु, यात्रीहरूलाई नदी तार्नु, जाल फ्याँकेर, माछा मार्नु र पनि अभावको जिन्दगी जिउँनुको नियति भोग्नु हो । 'माझी' जीवनको परिभाषा हो ।[४] 'आएँ गुरुजी आएँ' कविता प्राकृतिक वर्णन गर्दै यात्राक्रमको विस्तार चित्रण हो । यस कवितामा सप्तकोसी, तम्बरको छाल आदि प्राकृतिक दृश्यावलोकनहरूको पृष्ठभूमिमा कविताले आफ्नो स्वरूप देखाएको छ । त्यस्तै 'झुसिलकीरा', 'दूबो', 'भीर र गोरेटाहरू', 'मौसम', 'सङ्गीत', 'बिहानी', 'आकासको सुगन्ध खोज्दा', आदि कवितामा प्रकृतिलाई विषयवस्तु बनाइएको छ । मानवीय चाहना, कुण्ठा, मातृत्व आदिलाई विषयवस्तु बनाई रचिएको कविता, 'बूढीकन्याको गन्थन' हो । बैंस बित्न लागेको यौवन, ओतिन लागेको तर कतै पनि भवरा रस चुस्न नपाएको, कुनै लहराले पनि अँगालो हाल्न नपाएको, कुनै हाँगा रमाउन नपाएको, झरीले शरीरलाई भिज्न नपाएको सुक्खा भूमि कसैले पनि ओठमा छाप नलगाएको यौवन हो, अतृप्त चाहना र भोकले प्यासले छटपटाएको एउटा जीवन हो । 'बूढी कन्याको गन्थन' उज्याला छाया,शीतल माया, अँध्यारा बैंस, सिंदूर नपरेको

३. बद्री पालिखे, 'अध्ययनको आलोकमा बीच बाटोमा ब्यूँझेर', (२०६७), पृ. १३०
४. ऐजन

सिंउदो, निधारमा झुल्के धामको रातो टीका र मुस्कान नफक्रेको ओठ हो 'बूढी कन्याको गन्थन' । सजीव चित्रण बूढीकन्या र मनोव्यथा बूढीकन्याको गन्थनको भावहरूको विस्तारित हुँदै जीवनको मूल्य यौवनको महत्त्व र जीवित दृष्टि छ - यो कवितामा ।[५]

'अखबार' कवितामा समाचारमा आइरहने विकृति, विसङ्गतिमूलक समाचारले पाठकहरू निरस बन्दै गाएको, त्यहाँ प्रकाशित भएका अपराधसँग सम्बन्धित प्रसङ्गहरूले मानिसहरूमा नकारात्मक सोच बढ्दै गएको चित्रण पाइन्छ । त्यस्तै 'श्रद्धाञ्जलि' कवितामा जडिबुटीहरूको अनुसन्धान गर्न गएका २४ जना विज्ञहरूको हेलिकोप्टर दुर्घटनामा मुत्यु भएको प्रसङ्ग उठाइएको छ । 'नालीको चिठ्ठी' कवितामा सहरिया विकृति विसङ्गतिका साथै रुग्ण सामाजिक धरातलभित्र उभिएका , मानवसमुदायको चित्र छ । 'मोरङको दिनचर्या' कवितामा कविले आफ्नो जागिरे जीवनका क्रममा मोरङ बसाइका दिनचर्याको चर्चा गरेका छन् । 'इतिहास'हराएको सूचना' कवितामा विगतदेखि वर्तमानसम्म राजा महाराजाहरूको मात्रै इतिहास रचिएको वीर जनताहरूको वा निम्न वर्गीय जनसमुदायको जीवनगाथा नलेखिएको तथ्य उजागर गरिएको छ । "वास्तवमा यो देशमा साँचो इतिहास दबाइएको छ , छोपिएको छ, पुरिएको छ । साँचो इतिहास लुकाइएको छ , हटाइएको छ । जनताले आफ्नो वीरगाथाको इतिहास खोज्नुपर्छ । झुटो इतिहास च्यात्नुपर्छ । स्तुति, भजन, प्रार्थना र जयगानको इतिहास, रगतले, षड्यन्त्र र हत्याले रङ्गिएको राजाहरूको मात्र इतिहास अब त्याग्नुपर्छ । साँचो र निष्पक्ष रूपमा सहिदहरूको , वीरहरूको, जनताको बलिदान र त्यागको इतिहास लेख्नुपर्छ - इतिहास हराएको सूचनाले यही सन्देश दिन्छ ।"[६]

त्यस्तै 'मेरो राजनीतिभित्र' कविता एक व्यङ्ग्यपूर्ण कविता हो । "व्यङग्यको गहन लेखन र सौहार्दताको प्रयोगले फूलको झटारो हानेर विकृति ढाल्ने उनको स्वभाव इमानदार देखियो -'मेरो राजनीति भित्र', वास्तवमै हामी सधैँको आफ्नै बाँच्ने राजनीतिमा व्यस्त छौं ।

५. ऐजन, पृ. १३१
६. ऐजन, पृ. १३३

जनतामाथि सदाबहार राजनीतिको खेती गर्नेहरू मौसमी भाषणका सपनाहरू बाँडिरहेका हुन्छन् ।[७]" त्यस्तै 'लोडसेडिङ' कविता र 'द्विविधा' ले राजनीतिक अस्थिरता र विद्यमान लोडसेडिङ, शान्ति र दन्द्व आदि विषयवस्तुलाई प्रस्तुत गरेको छ । 'रङ्गमञ्चमा' कवितामा जीवन, जगत् परब्रह्मसम्बन्धी दर्शन प्रकट भएको छ । 'धूवाँसँगै', 'कुष्ठरोगी ! बस मेरो कवितामा' रचनामा स्वास्थ्यसम्बन्धी चर्चा प्रस्तुत गरिएको छ । 'सालिकविनाको सडकै' कवितामा बाटाको मोडैपिच्छे बनाइएका सालिकहरूले बाटो अवरुद्ध पारेको तथ्य उजागर गरिएको छ । 'चस्मायुद्ध' कवितामा व्यक्तिका विभिन्न दृष्टिकोणहरू हुन्छन् भनी प्रस्तुत गरिएको छ । 'विभाजित समय' कवितामा मानिसहरू सङ्घर्ष गर्दागर्दै सोचेका कुराहरू पूरा नहुने तथ्यलाई उजागर गरिएको छ । त्यस्तै भावको अर्को कविता 'उज्यालो लजाउँदा' हो । यस कविताले 'लोडसेडिङ' कविताको हाराहारीमा आफ्नो भाव प्रकट गरेको छ । त्यस्तै 'अपराजीत' प्रेमले देखावटी प्रेम, छलछाम र ढाँटको प्रेमको, पर्दाफास गरेको छ । 'नदी निदाएको' कवितामा नारीहरूको अस्तित्वको चर्चा गरिएको छ । 'गाली सराप बगाऔं' कवितामा मानिसले जानाजान वा अन्जानमा भएको गल्तीले समाजमा ठूलै विकृति निम्त्याउँछ । अन्जानमा भएको गल्तीलाई क्षमा दिनुपर्छ । जानाजान गरेको गल्तीलाई दण्ड दिनुपर्छ भन्ने सन्देश प्रवाह गरेको छ । 'कम्प्युटरमा' कवितामा कम्युटरको प्रयोगगमा लोडसेडिङले पारेको प्रभाव र कम्युटरको दुरुपयोगलाई सङ्केत गरिएको छ । 'ढुङ्गा हुनुको पीर' कवितामा ' ढुङ्गालाई निर्जीव वस्तु हो, उसलाई दुख्दैन मान्छे ढुङ्गाजस्तो कठोर र निदयी हुनु हुँदैन भन्ने आशय प्रकट भएको छ । 'तस्बिरको उचाइ नाप्दा' कवितामा हामीले जीवनमा केही गर्नुपर्छ, हाँसीहाँसी सङ्घर्षको यात्रा तयार गर्दै आफ्नो पहिचान कायम गर्नुपर्छ भन्ने भाव प्रकट भएको छ । 'पाइला कवितामा' मानिसहरू आफू बाँच्ने क्रममा ससङ्कित भई आफ्नो अवस्थितिको पाइला चाल्ने भाव प्रकट भएको छ । 'कविता उम्रेको बेला' कविता साहित्यसिर्जनाप्रति कविको मोह प्रकट भएको रचना हो । 'बालपुकार' कविता बालकहरूको मनोविज्ञान बुझेर व्यवहार गर्नुपर्ने भाव प्रकट गर्ने कविता हो । 'रेखाहरू' कवितामा अन्धविश्वाससम्बन्धी धारणाप्रति व्यङ्ग्य गरिएको छ ।

'सङ्गीत' कवितामा प्रकृतिको माधुर्यताको वर्णन पाइन्छ । 'असन्तोष' कवितामा वैज्ञानिक सुखसुविधा जति भए पनि मानिसहरू सन्तुष्ट हुन नसकेको र उनीहरू चरम सुखसुविधाको अपेक्षामा रहेको भाव सम्प्रेषण भएको छ ।

७. रश्मिशेखर, अध्ययनको आलोकमा बीच बाटोमा ब्यूँझेर, (२०६७), पृ १४२

'गधा मन्जुर' कविता गधालाई बिम्ब बनाई सोझासाझा मानिसहरूलाई शासक तथा पूँजीपतिहरूले दलाउने प्रवृत्तिको चित्रण भएको छ । 'बोटको अधुरो छाया' कवितामा प्रकृतिको चित्रण गरिएको छ । 'सडकमा जन्मने बुद्ध' कवितामा शान्तिप्रतिको अपेक्षा गरिएको छ। 'अतीत' कवितामा अतीतको सम्झनाले मानिसहरूलाई पिरोलिरहन्छ भन्ने सङ्केत गरिएको छ । 'सतीढुङ्गानेरी अरूण' कवितामा सती युगीन समाजको चित्रण गरिएको छ। 'मूल्य' कवितामा मानिसहरूको मूल्य खोजिएको छ। 'घाम 'कवितामा हामीले प्रगति र उन्नतिको लागि केही गर्नुपर्छ भन्ने सन्देश दिइएको छ भने 'सडकबत्ती' कवितामा भने त्यस्तै भाव प्रकट गरिएको छ। 'मान्छे' कवितामा मान्छेको लागि मान्छे नै चाहिन्छ। मानिसहरूको सहाकार्यबाट समाजको उन्नति हुन्छ भन्ने भाव व्यक्त गरिएको छ। 'भ्रान्ति' कवितामा आफूलाई ठूलो ठान्ने भनौदाहरूको आडम्वर र अभिमानप्रति व्यङग्य गरिएको छ। त्यस्तै भावको अर्को कविता 'भगवानसँग' हो । 'प्रश्नहरू 'कवितामा प्रश्नबिनाको मान्छे र लक्ष्यबिनाको मान्छे हुँदैन भन्ने आशय प्रकट गरिएको छ । 'छटपटी' कविताले मानसिक तथा शारीरिक तनावबाट मान्छेमा हुने छटपटीको चित्रण गरिएको छ। 'दन्त्य कथा' कवितामा जनतामाथि गरिएका डरत्रासपूर्ण व्यवहारको विरोध गरिएको छ। 'सपनामा ' कवितामा सपना सपनै हो विपना हुन सक्दैन भन्ने भाव व्यक्त भएको छ। 'धूपी' प्रकृतिप्रदत्त कविता हो।

यसरी नै यात्राजन्य विसङ्गतिहरूको चित्रण 'राजमार्गको यात्रा' कवितामा गरिएको छ । 'पर्यटकसित' कवितामा राजनैतिक बन्द हडतालले पर्यटन क्षेत्र तहसनहस भएको वस्तुस्थितिको चित्रण छ । 'मन्दिरमा ' कविता देवकोटाको नजिक पुऱ्याउन खोजिएको छ भन्ने समालोचक कृष्णप्रसाद दाहालको छ । 'आफ्नै घरभित्र' कवितामा १० बर्षे माओवादी जनयुद्धले जनतामा आफू विस्थापित हुनु परेको पीडा तथा आफ्नो घरभित्र आफैं बन्दी हुनुपर्ने अवस्थाको चित्रण छ । 'रूपीहरू' कवितामा जनतालाई एकप्रकारको झगडालु चराको रूपमा चित्रित गरिएको छ। 'हाकिम' कवितामा सोझो र इमान्दार हाकिमप्रति भष्ट्र कर्मचारीहरूको अवहेलनाहरूको चित्रण छ। "कवि नवराज सुब्वाले आफ्नै जीवनवृत्तलाई हाकिम कवितामा उतारेका छन्।"[८]

८. कृष्णप्रसाद दाहाल, पूर्ववत्, पृ. १८

यसरी नै मानिसहरू "माया, स्नेह र यौनको अभावमा दुःखी र पीडित हुने गर्छ भन्ने कुरालाई कवि नवराज सुब्बाले 'अर्थहीन पीडा र खुसीहरू' कवितामा व्यक्त गरेका छन् । मूलतः यौन अतृप्तिको पीडाजन्य अवस्थाबाट घाइते महिलाको मनोदशाको चित्रण गरिएको छ ।"[९] 'अस्वीकृत रचना' आफ्नो रचना प्रकाशित नहुँदाको पीडा उद्बोधन भएको कविता हो ।

'बीचबाटोमा ब्यूँझेर' कवितासङ्ग्रहमा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुगत संरचना देखिन्छ । बिम्ब र प्रतीकहरूको भरभग्दुर प्रयोग पाइन्छ । यस क्रममा एकलव्य, द्रौपदी, कुम्भकर्ण, बुद्ध, मायादेवी, राहुल, अङ्गुलीमालजस्ता पौराणिक बिम्बहरूको प्रयोग पाइन्छ । अधिकांश कवितामा प्रकृतिको चित्रण पाइन्छ । भाषाशैली हेर्दा अभिधात्मक, लाक्षणिक तथा व्यञ्जनात्मक अर्थसम्प्रेष्य हुने भाषाको प्रयोग देखिन्छ । स्थानीय, आगन्तुक, भाषाहरूको प्रयोग हुनुका साथै तत्सम र तद्भव शब्दहरूको प्रयोग छेलोखेलो पाइन्छ । कवितामा अन्त्यानुप्रासको विशृङ्खलताले लयविघानमा बाधा पुऱ्याएको देखिन्छ । पौराणिक बिम्बहरूको साथै ऐतिहासिक बिम्बहरूको पनि प्रयोग पाइन्छ । प्राकृतिक छटाहरूलाई पनि बिम्बका रूपमा उतारिएको छ । विषयवस्तुका आधारले यहाँ सामाजिक, सांस्कृतिक, प्राकृतिक, राजनैतिक, वैज्ञानिक आदि विषयवस्तुहरूको प्रयोग पाइन्छ । यहाँ सङ्गृहीत भएका कविताहरूलाई शृङ्गारिकता, प्रकृतिचित्रण, व्यङ्ग्यात्मकतक, राष्ट्रियता, सामाजिक यथार्थता आदिका कोटिमा राखेर अध्ययन गर्न सकिन्छ । नेपाली कविताको समसामयिक धाराको पछिल्लो चरणको कविताकृतिगत लेखन यात्रामा विवेच्यसङ्ग्रहले आफूलाई सामर्थ्यवान बनाउने प्रयास गरेका देखिन्छ ।

९. कृष्णप्रसाद दाहाल, पूर्ववत्, पृ. १४

## ६.३ निष्कर्ष

प्रस्तुत विवेच्य कवितासङ्ग्रह 'बीच बाटोमा ब्यूँझेर' को अध्ययन गर्दा सो सङ्ग्रह बहुआयामिक दृष्टिकोण अङ्गालेको कवितासङ्ग्रह देखिन्छ । स्वच्छन्दतावादी तथा प्रगतिवादी धारामा आबध्द हुँदै समसामयिक युगको प्रतिनिधित्व गर्न कवितासङ्ग्रह समर्थ भएको देखिन्छ । विशेष गरी २०४६ साल पछिको राजनैतिक, सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थाको चित्रण गर्दै मानवीय मानसिकताको अध्ययन गर्न कवितासङ्ग्रह सफल भएको देखिन्छ । नारी अस्तित्वको चर्चा गर्नुका साथै भौतिक एवम् आध्यात्मिक जीवन दर्शनको व्याख्या गर्नमा पनि यस सङ्ग्रहका कविताहरूले चुकेका छैनन् । मध्ययम स्तरको कवितादेखि मझ्यौला आकारका कवितासम्म र केही मुक्तक भन्न मिल्ने खालका कवितासम्म सङ्ग्रहमा समाहित छन् । आफ्नो आभ्यासिक साहित्यिक यात्रा पार गर्दै पहिलो कवितासङ्ग्रह 'जीवन मेरो शब्दकोशमा' को प्रकाशनपश्चात् नवराज सुब्बाले 'बीचबाटोमा ब्यूँझेर' कविता सङ्ग्रहमार्फत आफूलाई प्रतिभाशाली कविका रूपमा उभ्याएका छन् ।

# अध्याय सात

# उपसंहार एवम् निष्कर्ष

## ७.१. उपसंहार

कवि नवराज सुब्बाको जन्म वि.सं. २०१८ साल असोज १६ गते पिता आइतराज सुब्बा र माता नरमायाका ज्येष्ठ सुपुत्रका रूपमा ताप्लेजुङ जिल्लाको हाङपाङमा भएको हो । उनको पारिवारिक पृष्ठभूमि मध्यम वर्गीय देखिन्छ । उनको पुर्खाहरू ताप्लेजुङको मेवाखोला सावाबाट हाङपाङमा बसाइँ सरेको थाहा हुन आउँछ । तुमयाङ फेयङहाङ साम्बादेखि आइतराजसम्म उनको वंशावली लम्बिएको छ । पिता आइतराजका तीनवटी श्रीमतीहरूमध्ये  जेठीपट्टिका जेठो छोरो नवराज सुब्बा हुन् । नवराज सुब्बाको बाल्यकाल पारिवारिक माहवलमा नै हुर्किएको पाइन्छ । नवराज सुब्बाले आफ्नो औपचारिक शिक्षारम्भ सरस्वती मा.वि. बाट गरेका हुन् । सोही विद्यालयबाट वि.सं. २०३३ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरी जनस्वास्थ्य विषयमा त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्जबाट  एम. पी. एच. र त्रि.वि. बाटै नेपाली विषयमा एम. ए. सम्मको अध्ययन पूरा गरेको देखिन्छ । उनले वि.सं. २०३७ बाट स्वास्थ्य मन्त्रालय अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरूमा इन्चार्जको हैसियतले कार्य गर्दै आफ्नो पेसागत जीवनका थालनी गरेका हुन् । वि.सं. २०५१ बाट जनस्वास्थ्य अधिकृत तथा वरिष्ठ जनस्वस्थ्य अधिकृतको जिम्मेवारी सम्हाल्दै हाल वरिष्ठ जनस्वास्थ्य प्रशासकका रूपमा झापा र मोरङमा कार्यरत देखिन्छन् । मध्यम वर्गीय आर्थिक हैसियत राख्ने सुब्बा विभिन्न साहित्यिक तथा गैरसाहित्यिक सङ्घसंस्थामा पनि आबद्ध भएको पाइन्छ । यिनी गायन, वाद्यवादन, खेलकुद, समाजसेवा, जनस्वास्थ्य आदि साहित्यिक तथा गैरसाहित्यिक विधा तथा क्षेत्रप्रति यिनको रुचि रहेको पाइन्छ । वि.सं. २०६१ सालमा आफ्नो भाइ दीपकराज सुब्बाको आत्महत्या प्रकरण यिनको जीनवको सबैभन्दा दुखद् अविस्मरणीय घटना भएको यिनी बताउँदछन् । विभिन्न मान, सम्मान तथा पुरस्कारबाट पनि यिनी विभूषित देखिन्छन् । यिनले भारत, चीन, थाइल्यान्ड, इन्डोनेसिया, बङ्गलादेश आदिको भ्रमण गरेका छन् । मिलनसार, मृदुभाषी र शालीन व्यक्तित्वका धनी सुब्बा मझ्यौला किसिमको शारीरिक बनोट भएका व्यक्ति हुन् । यिनी साहित्यका विभिन्न विधाहरूमा आफ्नो क्षमता प्रस्तुत गर्ने व्यक्ति हुन् । कविता, कथा, निबन्ध, गजल, समीक्षा, गीत आदि विधाहरूमा यिनले कलम चलाएको देखिन्छ । यद्यपि उनको उर्वर साहित्यिक विधा भने कविता र गीत–गजल नै हो । यिनले आफ्नो साहित्यिक यात्रा वि.सं. २०३० को दशकपछि थालेका हुन् । यिनको यो साहित्यिक यात्रालाई वि.सं. २०३० देखि

२०६२ सालसम्मलाई प्रथम चरण र २०६३ पछिको अवधिलाई द्वितीय चरण मान्न सकन्छि । उनको साहित्यिक यात्राको प्रथम चरण आभ्यासिक चरण हो । यस अवधिमा उनका काव्यकृतिहरू फुटकर रूपमा प्रकाशित भएका छन् । उनको साहित्यिक यात्राको दोस्रो चरण भने उर्वर चरण हो । यस चरणमा उनको पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । यस क्रममा उनको “जीवन मेरो शब्दकोशमा” (२०६३) र “बीच बाटोमा ब्यूँभ्रेर” (२०६५) गरी दुईवटा कवितासङ्ग्रहहरू प्रकाशित भएका छन् । यस अवधिमा “मनको मभ्रेरी” (२०६४), निबन्धसङ्ग्रह “यात्रा आधा शताब्दीको” कवितासङग्रह (२०६८) “सहिदलाई सलाम” गीतिसङ्ग्रह (२०६७) पनि प्रकाशित भएको छ । यस अवधिमा “मनको मभ्रेरी” (२०६४) निबन्धसङग्रह पनि प्रकाशित भएको छ । यसै अवधिमा उनको “लुकेको रहर”, “देशको माया” गीतिएल्बम पनि बजारमा आएको अवस्था छ । यस चरणमा उनी बहुआयमिक साहित्यिक व्यक्तित्वका रूपमा चिनिएका छन् । यी बहुआयमिक साहित्यिक व्यक्तित्वहरूमध्ये उनी कवि व्यक्तित्व र गीतकार व्यक्तित्वका रूपमा स्थापित छन् ।

नेपाली  साहित्यको विकास क्रममा समसामयिक धारामा देखिने कवि नवराज सुब्बा स्वच्छन्दतावादी प्रगतिवादी चेत भएका गद्य कवि हुन् । यिनका कविताले समसामयिक, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, भौगोलिक पर्यावरणीय घटनाक्रम तथा वस्तुस्थितिको प्रतिनिधित्व गर्दछ । सामाजिक, आर्थिक र सांस्कृतिक विसङ्गतिमाथि व्यङ्ग्य गर्दै सुधारका अपेक्षाहरू यिनका काव्यकृतिहरूमा संस्थापना गरिएका छन् । उनका कविताहरूमा प्राकृतिक परिदृश्यका छटाहरू गुञ्जायमान छन् । राष्ट्रियताका विषयवस्तुहरू पनि यिनका कविताहरूमा उठाइएका छन् । स्थानीयताको छाप यिनका कविताहरूमा देखिन्छ । आगन्तुक, तद्भव, तत्सम शब्दहरूको प्रयोग नियका कविताहरूमा भएका छन् । मभ्र्यौला आयामका कविताहरू रच्ने सुब्बाका कविताहरूमा प्राकृतिक, सांस्कृतिक, पौराणिक ऐतिहासिक आदि बिम्बहरूको प्रयोग पाइन्छ । ती बिम्ब प्रतीकहरूले अभिधात्मक लाक्षणिक र व्यञ्जनात्मक अर्थसापेक्ष दिएका छन् । सुबोध्य र सरल भाषिक प्रयोग भए पनि अन्त्यानुप्रासको प्रयोग विशृङ्खलित देखिन्छ । उनी मध्यमस्तरका कविका रूपमा स्थापित छन् । कविताका अतिरिक्त यिनी गीतकार गजलकार र निबन्धकारका रूपमा पनि चर्चित रहेको देखिन्छ ।

यिनको वि.सं. २०६५ सालमा प्रकाशित भएको “बीच बाटोमा ब्यूँभ्रेर” कवितासङ्ग्रहमा ७७ वटा कविताहरू समावेश छन् । ती कविताहरू सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, आध्यात्मिक, वैज्ञानिक, प्राकृतिक विषयवस्तुमा आधारित छन्  । यसका साथै शृङ्गारिक विषयवस्तुका कविताहरू पनि समाविष्ट छन् । यिनले जनयुद्धको १० वर्षे अवधिको चित्रण यी कविताहरूमा गरेका छन् । कवितासङग्रहको शीर्ष कविता “बीच बाटोमा ब्यूँभ्रेर” ले एकातिर

सम्पूर्ण कविताहरूको नेतृत्व गरेको छ भने उक्त शीर्षकले देशको वर्तमान अवस्थामा उभिएर भूत र भविष्यलाई नियाल्ने प्रतीकात्मक अर्थ वहन गरेको पाइन्छ । उक्त शीर्षक कविताले जीवन दर्शनको प्रस्तुति गर्दै राजनीतिक विषयवस्तु मानवनियति र सङ्घर्षमय परिस्थितिको आँकलन गरेको पाइन्छ । त्यस्तो सङ्ग्रहभित्र समाविष्ट २०६३ को आयतन “क्रान्तिको मोल” “मुकुन्डो आतङ्क” आदि कविताहरूले जनयुद्धकालीन भयत्रास, उन्माद, आपराधिक घटनाहरूको शृङ्खला, विस्थापनको अवस्था आदिको चित्रण गरेका छन् । नारीहरूको अवस्थितिको चर्चा गर्दै “सतीढुङ्गानेर अरूण ” कविताको रचना कवि सुब्बाले गरेका छन् । यसमा आदिकालदेखि नारीको पीडामय अवस्था र सतीप्रथाको चित्रण गरेका छन् । उनको शृङ्गारिक भाव धारामा आबद्ध “चिरप्रतिक्षित यौवन” कविताले सभ्ययुगकालीन यौन व्यापारको चर्चा गर्दै लोकतान्त्रिक तथा गणतान्त्रिक उन्मादको चित्रण गरेको छ । नारीहरूको पीर, व्यथा, कुण्ठा, मातृत्व समस्या आदिलाई चित्रण गर्दै “कठघरामा उभिएर” “आमाको तिर्सना”, “बूढीकन्याको गन्थन” आदि कविताहरू रचिएका छन् । उनको ‘हाकिम कविताले भ्रष्ट सहकर्मी कर्मचारीहरूको चेपमा परेको एउटा अधिकृतको वा हाकिमको मानसिक तनावलाई प्रस्तुत गरिएको छ ।

सीमान्तकृत समुदाय तथा निम्नवर्गीय मानिसहरूको समस्या, पीडा, उनीहरूले खेप्ने दमन आदिलाई विषयवस्तु बनाएर ‘सतारको सम्बोधन’ ‘राउटेको मन’, ‘कम्लहरी’, गर्धा मन्जुर’ ‘जालहारी र माछा’ आदि कविताहरू रचिएका छन् । प्रकृतिलाई विषयवस्तु बनाएर ‘दूबो’, मौसम’ ‘भ्रुसिलकीरा, ढुङ्गा हुनुको पीर, ‘बिहानीसित’, ‘आकाशको सुगन्ध खोज्दा’ आदि कविताहरू रचिएका छन् । यी समाविष्ट कविताहरूले विविध विषयवस्तुहरूको प्रतिनिधित्व गरेको छ । यहाँ प्रशस्त बिम्ब तथा प्रतीकहरूको प्रयोग भएको छ । सुबोध्य र सरल भाषाशैलीमा प्रयोग भएका छन् । प्रथम पुरुषीय र तृतीय पुरुषीय कथनपद्धतिको प्रयोग पाइन्छ । आयामगत दृष्टिले हेर्दा केही छोटा र धेरै मझ्यौला आयाम भएका कविताहरू सङग्रहमा सङ्गृहीत छन् । यो कवितासङ्ग्रह समसामयिक नेपाली कविता धारामा देखा परेका समकालीन काव्यकृतिहरूसँग प्रतिस्पर्धा गर्न लायकको देखिन्छ । कवि नवराज सुब्बालाई सफल कवि बनाउन यो कवितासङ्ग्रह सहायक भएको छ ।

## ७.२ निष्कर्ष :

वि.सं. २०१८ सालमा ताप्लेजुङमा जन्मिएका र एम.पि.एच. सम्म अध्ययन गर्दै वरिष्ठ स्वास्थ्य अधिकृतसम्म हुन पुगेका नवराज सुब्बा बहुआयामिक व्यक्तित्व हुन् । एक स्वास्थ्य कर्मीका अतिरिक्त कवि, गीतकार, निबन्धकार, गजलकार व्यक्तित्व हुन् । यिनी कविता र गीत विधामा बढी सक्रिय रहेको देखिन्छ । वि.सं २०३० बाट साहित्यिक यात्रा तय गरेका सुब्बाको साहित्यिक यात्रालाई

वि.सं. २०३० देखि २०६२ सम्म पहिलो चरण र २०६३ पछिको अवधिलाई दोस्रो चरण मान्न सकिन्छ । यस चरणमा यिनले दुईवटा कविता सङ्ग्रहहरू प्रकाशित गरेका छन् भने एउटा निबन्धसङ्ग्रह पनि प्रकाशित छ । यिनको पछिल्लो कवितासङ्ग्रह "बीच बाटोमा ब्यूँझेर" मा ७७ वटा कविताहरू सङ्गृहीत छन् । ती कवितासङ्ग्रहका कविताहरूले वि.सं. २०४६ साल पछिको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक पर्यावरणको प्रतिनिधित्व गर्दछ ।

विषयवस्तुका दृष्टिकोणले शृङ्गारिक, प्राकृतिक, राजनैतिक, राष्ट्रियता, जीवनदर्शन, स्थानीय वस्तुस्थिति आदिलाई लिइएको छ । ती कविताहरूमा विभिन्न बिम्ब प्रतीकहरूको माध्यमबाट व्यङ्ग्य प्रहार भएको पाइन्छ । छोटा र मझ्यौला खालका कविताहरू सङ्ग्रहमा सङ्गृहीत छन् । कवि सुब्बाको कवितात्मक सामर्थ्यलाई उचाल्न विवेच्य कवितासङ्ग्रह सफल भएको देखिन्छ । यो नै प्रस्तुत शोधको निष्कर्ष हो ।

यस शोधपत्रले कवि नवराज सुब्बाको जीवनी, व्यक्तित्वको अध्ययनको परिधिमा उनको पछिल्लो कवितासङ्ग्रह "बीच बाटोमा ब्यूँझेर' को  अध्ययन गरेको छ । भविष्यमा कवि नवराज सुब्बाका बारेमा शोध तथा अनुसन्धान गर्न चाहने व्यक्तिहरूले निम्न शोधशीर्षकअन्तर्गत अनुसन्धान गर्न सक्नेछन् :

१. कवि नवराज सुब्बाको साहित्यिक प्रवृत्तिको अध्ययन

२. कवि नवराज सुब्बाको, 'जीवन मेरो शब्दकोशमा' काव्यकृतिको अध्ययन

३. नवराज सुब्बाको यात्रा आधा शताब्दीको कविता सङग्रहको अध्ययन

४. गीतकार नवराज सुब्बाको गीतहरूको अध्ययन ।

# सन्दर्भ ग्रन्थ सूची

## क. मुख्य सन्दर्भ ग्रन्थ सूची


१. आचार्य, कृष्णप्रसाद र गैरे, ईश्वरीप्रसाद, “आधुनिक नेपाली नाटक र फुट्कर कविता”, न्यू हीरा बुक्स इन्टरप्राइजेज, कीतिपुर, काठमाडौं,

२. त्रिपाठी, वासुदेव र अन्य, सम्पा, “नेपाली कविता” (भाग-४) साझा प्रकाशन, २०६०

३. दाहाल, कृष्णप्रसाद, “अध्ययनको आलोकमा बीच बाटोमा ब्यूँझेर” www.nrsubba.com.np, २०६७

४. बराइली, चूडामणि, “साहित्यकार नवराज सुब्बाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन”, त्रि.वि.शोधपत्र. २०६७

५. सुब्बा, नवराज, “बीच बाटोमा ब्यूँझेर” कविता सङ्ग्रह मोडर्न बुक्स, २०६५


## ख. सहायक सन्दर्भ ग्रन्थसूची


१. काइँला, बैरागी, “जीवन मेरो शब्दकोषमा” कवितासङ्ग्रह, भूमिका, वाणी प्रकाशन, २०६३, पृ. क

२. काफ्ले, गान्धीराज, Full of messages, The Rising Nepal, Jan 25, 2011

३. खतिवडा, माधवप्रसाद, ‘साहित्यकार डा. रामप्रसाद पोखेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन’, त्रि.वि.शो.ग्र. २०६७

४. खरेल, हिमाल, ‘सिरिजका सर्वोत्कृष्ट कविताहरू’, जनसंसद् दैनिक २०६५, मंसिर २१, वर्ष २१, अंक ५७, पृ. २

५. दाहाल, कृष्णप्रसाद, ‘कवि नवराज सुब्बाको जीवन मेरो शब्दकोषमा कृतिभित्र अन्तरदृष्टि’, गरिमा २०६५, वर्ष ३६, अंक ६

६. दाहाल, खेम, ‘मनको मझेँरीमा बस्दा’, दर्शन दैनिक २०६५, असार, वर्ष ६, अंक २५५, पृ. २

७. दाहाल, हरिप्रसाद, 'बीच बाटोमा ब्यूँभ्फेरमा कवि नवराज सुब्बा', उद्घोष दैनिक,२०६५, पौष १२, वर्ष १९, अंक १२४, पृ. २

८. पन्थी, देवी, "नवराजलाई 'बीच बाटोमा ब्यूँभ्फेर' हेर्दा", भानु, २०६५ कार्तिक- मंसिर, अङ्क ११८,

७. पलिखे, बद्री, नवराज सुब्बाको 'बीच बाटोमा ब्यूँभ्फेर' फेवा साप्ताहिक २०६६, श्रावण २१, वर्ष ३६, अंक ३३, पृ. ३

८. पोखरेल, बद्रीविलाश, अध्ययनको आलोकमा 'बीच बाटोमा ब्यूँभ्फेर' समालोचना, २०६७ www.nrsubba,com.np, पृ. ६६

९. पोखरेल, बालकृष्ण, नवराज सुब्बाको बीच बाटोमा ब्यूँभ्फेर, आशीर्वचन भूमिका २०६५

१०. प्रधान, परशु, नवराज सुब्बाको 'मनको मभ्फेरी' निबन्ध सङ्ग्रह, भूमिका २०६४, वाणी प्रकाशन, विराटनगर ।

११. प्राञ्जाली, सुरेश, सीमान्तकृत अवाज, नागरिक दैनिक २०६६, श्रावण ३ वषृ १, अंक ८६ ।

१२. प्रेक्षित, जगत, सुन्दर कविताहरूको संगालो, मधुपर्क २०६७, श्रावण, वर्ष ४३, अंक ३ पृ. २१

१३. फकुवाल, माया, साहित्यकासमा कोसेढुङ्गा 'बीच बाटोमा ब्यूँभ्फेर', फेवा साप्ताहिक, २०६५ चैत्र २६, अंक १७, पृ. ५

१४. बल, कृष्णभूषण, नवराज सुब्बाको एकल कविता वाचन कार्यक्रम २०६५, वाणी प्रकाशन, विराटनगर

१५. भट्टराई, गोविन्दराज, नवराज बुब्बाको 'बीच बाटोमा ब्यूँभ्फेर' कवितासंग्रह आशीर्वचन भूमिका २०६५, पृ. ९

१६. भट्टराई, तुलसी, पेम्बुखेन नवराजको 'बीच बाटोमा ब्यूँभ्फेर', फेवा साप्ताहिक, २०६५, पौष २३, वर्ष ३६, अंक ५, पृ. ३

१७. मधिकर्मी, ध्रुव, एकलव्यको नियति बाँचेका कवि सुब्बा, पुनर्जागरण साप्ताहिक २०६६, जेठ १२, वर्ष २७, अंक ४२, पृ. ६

१८. लुइटेल, लीला, नवराज सुब्बाका कवितामा नारीसम्बन्धी दृष्टिकोण, मोनालिसा, वर्ष १, अंक २, पृ. १-१२

१९. शेखर, रश्मी, लोडसेडिङ र नवराजका प्रोट्रेट, जनसंसद दैनिक, २०६५, पौष २६, वर्ष ४, अंक ८२, पृ. २

२०. शर्मा, वेञ्जु, बीच बाटोमा ब्यूँभ्रेर भित्र, फेवा साप्ताहिक, २०६५, पौष १६, वर्ष ३६, अंक ४, पृ. ३

२१. साइँला, हिडपाली, नवराजको कृतित्वमा भेटौं, अध्ययनको आलोकमा 'बीच बाटोमा ब्यूँभ्रेर' समालोचना २०६७, www.nrsubba.com.np पृ १५७

२२. साकार, शैलेन्द्र, 'बीच बाटोमा ब्यूँभ्रेर' मा कवि नवराज सुब्बाको बिम्बचेत, अन्नपूर्ण पोष्ट २०६६, माघ २३ वर्ष ८, अंक २६, पृ. ६ ।

२३. सुवेदी, दधिराज, कवि नवराज सुब्बाको 'बीच बाटोमा ब्यूँभ्रेर', पुष्पाञ्जली, २०६७, वर्ष २९, अंक ५, पृ. ७

२४. सुब्बा, नवराज, 'सहिदलाई सलाम' गीतिसङ्ग्रह, साभ्का प्रकाशन, २०६७

२५. सुब्बा, नवराज, 'यात्रा आधा शताब्दीको', कवितासङ्ग्रह, www.nrsubba.com.np , २०६८

## ग. स्रोतव्यक्ति सूची

१. डा. गोविन्दराज, भट्टराई

२. परशु प्रधान

३. बैरागी काइँला